# छार्का ताङसोङ गाउँपालिकाको दोस्रो आवधिक विकास योजना

(आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)

"पशुपालन, जडिबुटी, पर्यटन र जलस्रोत छार्का ताङसोङको आधार: सुशासन, समृद्धि, मौलिकता र आधुनिक पूर्वाधार"

# (अन्तिम प्रतिवेदन)

छार्का ताङसोङ गाउँपालिका

छार्का ताङसोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कागकोट, डोल्पा

ईमेलः **ito.chharkatangsong.gov.np@gmail.com**

वेबसाईटः **https://chharkatangsongmun.gov.np/**

| | |
|---|---|
| दस्तावेज/प्रतिवेदन | छार्का ताङसोङ गाउँपालिकाको दोस्रो आवधिक विकास योजना<br>(आ.व. २०८१/०८२ देखि २०८५/०८६) |
| प्रकाशक | छार्का ताङसोङ गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>कागकोट, डोल्पा<br>ईमेलः ito.chharkatangsong.gov.np@gmail.com<br>वेबसाईटः https://chharkatangsongmun.gov.np/ |
| परामर्शदाता तथा सहजीकरण | प्लाटफर्म ईन्जिनिरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.<br>नयाँ बानेश्वर, काठमाण्डौं<br>ईमेल: platformgroup5@gmail.com |
| आ.व. | २०८१/०८२ |

छार्का ताङसोङ गाउँपालिका

## शुभकामना मन्तव्य



नेपालको संविधानले नेपाल संघिय गणतान्त्रीक मुलुकमा परिणत भएको व्यवस्था गरे अनुरुप संविधानको अनुसूचि ८ मा उल्लेखित २२ वटा अधिकारको प्रयोगको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई स्थानीय सरकारलाई मुर्तरुप दिएको छ। उक्त ऐनको परिच्छेद ६ दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था भए अनुरुप गाउँपालिकाको विकासलाई योजनाबद्ध रुपमा अगाडि बढाउने हेतुले छार्का ताङसोङ गाउँपालिकाको आवधिक विकास योजना (२०८१/८२ - २०८५/८६) तर्जुमा गरिएको छ । यसलाई गाउँकार्यपालिकाको बैठक तथा गाउँभाबाट स्वीकृत गरी गाउँ विकासको मार्गदर्शक र महत्वपूर्ण दस्तावेजको रुपमा ग्रहण गरिएको छ। स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु नै स्थानीय विकासका अगुवा तथा नेतृत्वकर्ता भएको हुँदा यस आवधिक विकास योजना तर्जुमाका सम्पूर्ण प्रक्रियामा शूरुदेखिकै मार्गदर्शन तथा पहलकदमी रहेको सन्दर्भमा आगामी दिनमा यस योजनाको प्रभावकारी कार्यान्वयनमा पनि सबै क्षेत्रको अपनत्व र प्रतिबद्धता निरन्तर रहने विश्वास लिइएको छ।

गाउँपालिकाका विषयगत क्षेत्रका विज्ञहरु भनेको यहाँ स्थित विषयगत शाखाका कर्मचारीहरु नै हुन्। यी विषयगत शाखाहरुको सहयोग र सहभागिताविना प्रस्तुत आवधिक विकास योजनाले पूर्णता पाउन सक्दैनथ्यो । अन्त्यमा, यस दस्तावेजलाई तर्जुमा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष योगदान गर्नुहुने निर्वाचित जनप्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न विषयगत शाखाका कर्मचारीहरु, गाउँपालिकाका कर्मचारीहरु, स्थानीय बुद्धिजिविहरु, पत्रकारहरु र यस कार्यमा प्रत्यक्ष, परोक्षरुपमा सहयोग पुर्याउनुहुने सम्पूर्ण संघ संस्था तथा महानुभावहरु प्रति धन्यवाद प्रकट गर्न चान्हछु । योजना तर्जुमाका क्रममा जिल्ला, प्रदेश र संघिय सरकारका प्रतिनिधिहरुको सहयोग र समन्वयका लागि हार्दिक आभार प्रकट गर्दछु । यस आवधिक विकास योजना तर्जुमा गर्ने कार्यमा सहजीकरण गरी प्राविधिक सहयोग प्रदान गर्ने परामर्शदाता श्री प्लाटफर्म ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि., काठमाण्डौँका विज्ञहरूको टोलीलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

..............................

**सेनाङ गुरुङ**

**अध्यक्ष**

**शुभकामना मन्तव्य**



नेपाली जनताको लामो समय देखिको त्याग, बलिदानीपुर्ण पटक-पटकको आन्दोलन र संघर्षबाट जारी भएको नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कायम भएको छ । नेपालमा पुरानो राज्य संरचनाको विघटन भई नयाँ संरचनाको ढाँचामा प्रवेश गरेको छ। संघीय संरचना अनुसार नै स्थानीय तहको निर्वाचन सम्पन्न गरी सबै स्थानीय तहमा जन निर्वाचित जन प्रतिनिधिहरुले नेतृत्व गरिरहेका छन् । नेपालमा नयाँ संविधान बमोजिम संघीय ढाँचाको राज्य संरचना कार्यन्वयन गर्ने पहिलो चरणमा हामीलाई जनताले निर्वाचित गरेर पठाएका छन् । हाम्रो संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी स्वाधिन, समुन्नत तथा समाजवाद उन्मुख अर्थ व्यवस्था मार्फत समृद्ध नेपालको निर्माण गर्ने परिकल्पना गरेको छ । यसैगरी संयुक्त राष्ट्र संघद्धारा, सन् २०१६ देखि २०३० सम्मकालागि विश्वव्यापी विकास एजेण्डाको रुपमा विभिन्न १७ वटा दीगो विकासका लक्ष्यहरु निर्धारण गरिएका छन् ।

यसै सन्दर्भमा संविधानले निर्देश गरेअनुसारको नीतिसंग समायोजन हुने गरी छार्का ताङसोङ गाउँपालिकाले पनि आफ्नो दीगो विकासका लक्ष्य हाँसिल गर्न आफ्नो योजनाबद्ध आवधिक योजना तर्जुमा गर्न वान्छनीय भएको ठानेको थियो । त्यस अनुसार करिव २/३ महिनाको अवधि लगाएर प्रारम्भिक तथ्यांक संकलन सहित सम्पुर्ण विषयवस्तु र क्षेत्र समेटिने गरी विभिन्न चरणमा जनस्तरबाट र विज्ञहरुबाट सुझावहरु संकलन गरी आगामी पाँच वर्षको आवधिक योजना निर्माण गरिएको छ । जैविक विविधताले भरिपूर्ण प्रचुर प्राकृतिक सम्पदा र साँस्कृतिक विशेषताहरु भएको छार्का ताङसोङ गाउँपालिकामा जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहनाअनुसार योजनाबद्ध विकास गर्ने यो प्रतिवेदन एउटा मार्गदर्शक मार्गचित्र हुनेछ । यो योजना तयार गर्नको लागि प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान गर्नु हुने सम्पूर्ण हाम्रा शुभचिन्तक विज्ञ विद्धानहरु, आम जनसमुदाय तथा यसमा आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु भएका परामर्शदाता श्री प्लाटफर्म ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि., काठमाण्डौँका विज्ञहरूको टोलीलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

.................................

**कर्मा ढुण्डुप गुरुङ**

**उपाध्यक्ष**

## शुभकामना मन्तव्य



नेपालको संविधान लागु भएपछि नेपाल संघीय, समावेशी, लोकतान्त्रिक गणतत्रात्मक राज्यमा रुपान्तरित भएको छ । संघीय शासन प्रणाली शासकीय अधिकारको प्रयोग राज्यका बहुसरकारबीच विनियोजन गरी शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया हो।

नेपालको संविधानको अनुसूची-८ ले स्थानीय तहको एकल अधिकार र अनुसूची-९ ले संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार तोकेको छ ।यी अधिकार सूचीहरु नै स्थानीय जनआवश्यकता सम्बोधनका लागि मुल आधारशीला हुन । छार्का ताङसोङ गाउँपालिकाले संविधान र अन्य कानूनी रुपमा प्राप्त अधिकारको कार्यान्वयनको लागि छार्का ताङसोङ गाउँपालिकाको दोस्रो आवधिक योजना तयार गरी गाउँपालिकाको कार्यालयमा प्रस्तुत गरिएको अवस्थामा प्रस्तुत आवधिक योजनाले यस गाउँपालिकाको सर्वाङ्गिण विकासका निमित्त महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा लिइएको छ। छार्का ताङसोङ गाउँपालिकाको समग्र विकासको मुल आधार नै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार नै हुन। दोस्रो आवाधिक योजनाले स्थानीय परम्परागत सीप, ज्ञान र प्रविधिको मौलिकपनको जगमा टेकेर परिमार्जन गर्दै आधुनिक विकासको थालनी गर्ने अभिप्राय यस आवधिक योजना प्रतिवेदनको रहेको पाइएको छ। त्यसैले स्थानीय स्तरमा रहेको परम्परागत सीप, ज्ञान र प्रविधि जो शताब्दीयौं देखि यस स्थान विशेषको भूगोलमा अनुकुलन भएको छ, त्यसलाई नै परिमार्जन गर्दै आधुनिकीकरणको बाटो समाएर स्थानीय विकास गतिविधि प्रवर्द्धन गर्नुपर्दछ । बाहिरबाट हुने सहयोग र लगानीको प्रवेश स्थानीय विकासका हितमा निष्कपट रुपमा उपलब्ध हुनुपर्दछ जसले आम नागरिकको जीवनस्तर उकास्न भरोसालाग्दो र भरपर्दो भुमिका खेल्न सकोस भन्ने हाम्रो मान्यता रहेको छ ।

दोस्रो आवाधिक योजनाको कार्यान्वयनले छार्का ताङसोङ को विकासमा केही हदसम्म भएपनि गाउँपालिकाको भौतिक, सामाजिक, आर्थिक, पर्यटकीय एवं पर्यावरणीय पूर्वाधार निर्माणमा समेत टेवा पुर्याई गाउँपालिका बासीको अनुहारमा खुसी थप्ने अपेक्षा लिएको छु। साथै यस दोस्रो आवाधिक योजना कार्यान्वयनमा सवै जनप्रतिनिधिज्यूहरु, विषयगत समिति, विभिन्न राजनीतिक दल, संघ संस्था, नागरिक समाज, आम छार्का ताङसोङ वासी लगायत सरोकारवालाको सहयोग प्राप्त हुने विश्वास समेत लिएको छु।

छार्का ताङसोङ गाउँपालिकाको यो आवधिक योजना तयार गर्ने क्रममा प्रत्यक्ष-परोक्ष रुपमा सहयोग गर्ने सबै प्रति आभार व्यक्त गर्न चाहन्छु। साथै यो प्रतिवेदन तयार गर्दा महत्वपूर्ण सुझाव प्रदान गर्ने स्थानीय नागरिक समाज, राजनैतिक पार्टीका सम्बद्ध व्यक्तित्वहरु सम्पूर्णमा धन्यवाद व्यक्त चाहन्छु । साथै छार्का ताङसोङ गाउँपालिकाबासी आम नागरिक जो जसले यो प्रतिवेदन तयारीको शिलशिलामा आआफ्नो क्षेत्रबाट जे जस्तो सल्लाह सुझाव दिएर सहयोग गर्नुभयो उहाँहरु सबैमा धन्यवाद व्यक्त गर्न चाहन्छु। अन्तमा आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु भएका प्लाटफर्म ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. बानेश्वर, काठमाण्डौंका विज्ञहरूको टोलीलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

..................................

**अमरराज सेजुवाल**
**प्रमुख प्रशासकीय अधिकृत**

## विषयसूची


**........................................................................ II**

**परिच्छेद – १ ........................................................................ 1**

**परिचय ........................................................................ 1**

१.१ पृष्ठभूमि ........................................................................ 1

१.२ आवधिक योजनाको अवधारणा ........................................................................ 2

१.२ आवधिक विकास योजना तर्जुमाका उद्देश्यहरु ........................................................................ 4

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........................................................................ 4

क. प्रारम्भिक छलफल तथा अभिमुखीकरण ........................................................................ 5

ख. सन्दर्भ सामाग्रीहरुको संकलन तथा अध्ययन ........................................................................ 5

ग. वडागत योजना तर्जुमा गोष्ठी सञ्चालन ........................................................................ 5

घ. तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण ........................................................................ 6

ङ. समस्या तथा चुनौती र अवसरहरुको पहिचान ........................................................................ 6

च. गाउँपालिकास्तरीय योजना तर्जुमा गोष्ठी ........................................................................ 6

छ. दीर्घकालीन सोच तथा लक्ष्य निर्धारण ........................................................................ 6

ज. योजना तथा आधारपत्रहरूको पुनरावलोकन ........................................................................ 7

झ. मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण ........................................................................ 7

**परिच्छेद – २ ........................................................................ 8**

**छार्का ताङसोङ गाउँपालिकाको वस्तुस्थिति विवरण ........................................................................ 8**

२.१ गाउँपालिकाको परिचय ........................................................................ 8

२.१.१ भौगोलिक अवस्था र राजनितिक तथा प्रशासनिक संरचना ........................................................................ 8

२.२ आर्थिक विकासको अवस्था ........................................................................ 12

२.३ सामाजिक विकासको अवस्था ........................................................................ 16

२.४ पूर्वाधार विकासको अवस्था ........................................................................ 22

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ........................................................................ 25

२.६ सुशासन तथा संस्थागत व्यवस्था ........................................................................ 27




छार्का ताङसोङ गाउँपालिका

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ 27
२.६.२ संगठनात्मक विकास र आर्थिक प्रशासन ........ 27
२.६.३ स्रोत परिचालन ........ 28
**परिच्छेद – ३ ........ 29**
**सोच तथा विकासको अवधारणा ........ 29**
३.१ पृष्ठभूमि ........ 29
३.२ प्रमुख सम्भावना र अवसरहरु ........ 30
३.२.१ प्रमुख अवसरहरु ........ 30
३.२.२ प्रमुख सम्भावनाहरु ........ 31
३.३ प्रमुख समस्या तथा चुनौतीहरु ........ 32
३.३.१ प्रमुख समस्याहरु ........ 32
३.३.२ प्रमुख चुनौतीहरु ........ 32
३.४ निर्देशक सिद्धान्त ........ 33
३.५ आवधिक योजनाको दीर्घकालीन खाका ........ 34
३.५.१ दीर्घकालीन सोच ........ 34
३.५.२ समष्टिगत लक्ष्य ........ 34
३.५.३ समष्टिगत उद्देश्य ........ 34
३.६ परिमाणात्मक लक्ष्य ........ 35
३.७ रणनीति तथा कार्यनीतिहरु ........ 36
३.८ वित्तीय व्यवस्थापन ........ 46
३.८.१ सार्वजनिक स्रोत परिचालनको आधार ........ 46
३.८.२ कुल वित्तीय लगानी ........ 47
३.८.३ लगानी मागका क्षेत्रहरू ........ 47
३.९ सार्वजानिक खर्च र खर्च बेहोर्ने श्रोतहरू ........ 48
३.१० सार्वजनिक खर्चको बाँडफाँट ........ 50
३.११ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ 51
३.११.१ योजनाहरुको प्राथमिकीकरणका आधार ........ 51
३.१२ स्रोत अनुमान तथा प्रक्षेपण ........ 53
३.१२.१ कानुनी आधार ........ 53

छाथार याङवारक गाउँपालिका

३.१२.२ श्रोत अनुमानका क्षेत्रहरु ........ 54

३.१२.३ वृद्धिदर अनुमानको आधार ........ 55

**परिच्छेद – ४ ........ 57**

**आर्थिक क्षेत्र ........ 57**

४.१ कृषि तथा पशुपन्छी विकास ........ 57

४.१.१ पृष्ठभूमि ........ 57

४.१.२ सम्भावना ........ 58

४.१.३ अवसर ........ 58

४.१.४ प्रमुख समस्या ........ 58

४.१.५ चुनौती ........ 59

४.१.६ दीर्घकालीन सोच ........ 59

४.१.७ लक्ष्य ........ 59

४.१.८ उद्देश्य ........ 59

४.१.९ रणनीति र कार्यनीति ........ 59

४.१.१० मुख्य कार्यक्रम तथा आयोजना ........ 62

४.१.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 63

४.२ खाद्य सुरक्षा र पोषण ........ 65

४.२.१ पृष्ठभूमि ........ 65

४.२.२ सम्भावना ........ 65

४.२.३ अवसर ........ 65

४.२.४ समस्या ........ 65

४.२.५ चुनौती ........ 66

४.२.६ दीर्घकालीन सोच ........ 66

४.२.७ लक्ष्य ........ 66

४.२.८ उद्देश्य ........ 66

४.२.९ रणनीति तथा कार्यनीति ........ 66

४.२.१० कार्यक्रम तथा आयोजना ........ 68

४.२.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 69

४.३ सिँचाइ विकास ........ 70

छाया ताङमाङ गाउँपालिका

४.३.१ पृष्ठभूमि ..... 70
४.३.२ सम्भावना ..... 70
४.३.३ अवसर ..... 70
४.३.४ समस्या ..... 70
४.३.५ चुनौती ..... 70
४.३.६ दीर्घकालीन सोच ..... 71
४.३.७ लक्ष्य ..... 71
४.३.८ उद्देश्य ..... 71
४.३.९ रणनीति तथा कार्यनीति ..... 71
४.३.१० कार्यक्रम तथा आयोजना ..... 72
४.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 73
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ..... 74
४.४.१ पृष्ठभूमि ..... 74
४.४.२ सम्भावना ..... 74
४.४.३ अवसर ..... 74
४.४.४ समस्या ..... 75
४.४.५ चुनौती ..... 75
४.४.६ दीर्घकालीन सोच ..... 75
४.४.७ लक्ष्य ..... 75
४.४.८ उद्देश्य ..... 75
४.४.९ रणनीति तथा कार्यनीति ..... 76
४.४.१० कार्यक्रम तथा आयोजना ..... 77
४.४.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 78
४.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा ..... 80
४.५.१ पृष्ठभूमि ..... 80
४.५.२ सम्भावना ..... 80
४.५.३ अवसर ..... 80
४.५.४ समस्या ..... 81
४.५.५ चुनौती ..... 81

४.५.६ दीर्घकालीन सोच ........ 81
४.५.७ लक्ष्य ........ 81
४.५.८ उद्देश्य ........ 81
४.५.९ रणनीति तथा कार्यनीति ........ 81
४.५.१० कार्यक्रम तथा आयोजना ........ 83
४.५.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 83
४.६ पर्यटन, संस्कृति तथा सम्पदा विकास ........ 85
४.६.१ पृष्ठभूमि ........ 85
४.६.२ सम्भावना ........ 85
४.६.३ अवसर ........ 85
४.३.४ समस्या ........ 86
४.६.५ चुनौती ........ 86
४.३.६ दीर्घकालीन सोच ........ 86
४.३.७ लक्ष्य ........ 86
४.३.८ उद्देश्य ........ 86
.३४.९ रणनीति तथा कार्यनीति ........ 87
४.३.१० कार्यक्रम तथा आयोजना ........ 88
४.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 89
४.७ वित्तीय संस्था तथा सहकारी क्षेत्र परिचालन ........ 91
४.६.१ पृष्ठभूमि ........ 91
४.६.२ सम्भावना ........ 91
४.६.३ अवसर ........ 91
४.३.४ समस्या ........ 92
४.६.५ चुनौती ........ 92
४.३.६ दीर्घकालीन सोच ........ 92
४.३.७ लक्ष्य ........ 92
४.३.८ उद्देश्य ........ 92
४.३.९ रणनीति तथा कार्यनीति ........ 92
४.३.१० कार्यक्रम तथा आयोजना ........ 94

४.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 94
**परिच्छेद - ५ ........ 96**
**सामाजिक क्षेत्र ........ 96**
५.१ स्वास्थ्य तथा पोषण ........ 96
५.१.१ पृष्ठभूमि ........ 96
५.१.२ सम्भावना ........ 97
५.१.३ अवसर ........ 97
५.१.४ समस्या ........ 97
५.१.५ चुनौती ........ 98
५.१.६ दीर्घकालीन सोच ........ 98
५.१.७ लक्ष्य ........ 98
५.१.८ उद्देश्य ........ 98
५.१.९ रणनीति तथा कार्यनीति ........ 98
५.१.१० कार्यक्रम तथा आयोजना ........ 100
५.१.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 101
५.२ शिक्षा, विज्ञान र नवप्रवर्तन ........ 104
५.२.१ पृष्ठभूमि ........ 104
५.२.२ सम्भावना ........ 104
५.२.३ अवसर ........ 105
५.२.४ समस्या ........ 105
५.२.५ चुनौती ........ 105
५.२.६ दीर्घकालीन सोच ........ 106
६.२.७ लक्ष्य ........ 106
५.२.८ उद्देश्य ........ 106
५.२.९ रणनीति तथा कार्यनीति ........ 106
५.२.१० कार्यक्रम तथा आयोजना ........ 108
५.२.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 109
५.३ खानेपानी तथा सरसफाइ ........ 112
५.३.१ पृष्ठभूमि ........ 112

५.३.२ सम्भावना ........ 112
५.३.३ अवसर ........ 112
५.३.४ समस्या ........ 112
५.३.५ चुनौती ........ 113
५.३.६ दीर्घकालीन सोच ........ 113
५.३.७ लक्ष्य ........ 113
५.३.८ उद्देश्य ........ 113
५.३.९ रणनीति तथा कार्यनीति ........ 113
५.३.१० कार्यक्रम तथा आयोजना ........ 115
५.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 116
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ 118
५.४.१ पृष्ठभूमि ........ 118
५.४.२ सम्भावना ........ 118
५.४.३ अवसर ........ 118
५.४.४ समस्या ........ 119
५.४.५ चुनौती ........ 119
५.४.७ दीर्घकालीन सोच ........ 119
५.४.८ लक्ष्य ........ 119
५.४.९ उद्देश्य ........ 119
५.४.१० रणनीति तथा कार्यनीति ........ 120
५.४.८ कार्यक्रम तथा आयोजना ........ 122
५.४.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 123
५.५ युवा तथा खेलकुद ........ 127
५.५.१ पृष्ठभूमि ........ 127
५.५.२ सम्भावना ........ 127
५.५.३ अवसर ........ 128
५.५.४ समस्या ........ 128
५.५.५ चुनौती ........ 128
५.५.६ दीर्घकालीन सोच ........ 128

छाथर जोरपाटी गाउँपालिका

५.५.७ लक्ष्य ..... 129
५.५.८ उद्देश्य ..... 129
५.५.९ रणनीति तथा कार्यनीति ..... 129
५.५.१० कार्यक्रम तथा आयोजना ..... 132
५.५.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 133
**परिच्छेद – ६ ..... 135**
**पूर्वाधार क्षेत्र ..... 135**
६.१ बस्ती, आवास, भवन र सार्वजनिक निर्माण ..... 135
६.१.१ पृष्ठभूमि ..... 135
६.१.२ सम्भावना ..... 135
६.१.३ अवसर ..... 136
६.१.४ समस्या ..... 136
६.१.५ चुनौती ..... 136
६.१.६ दीर्घकालीन सोच ..... 136
६.१.७ लक्ष्य ..... 136
६.१.८ उद्देश्य ..... 136
६.१.९ रणनीति तथा कार्यनीति ..... 137
६.१.१० कार्यक्रम तथा आयोजना ..... 138
६.१.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 139
६.२ सडक, पुल तथा यातायात ..... 141
६.२.१ पृष्ठभूमि ..... 141
६.२.२ सम्भावना ..... 141
६.२.३ अवसर ..... 141
६.२.४ समस्या ..... 141
६.२.५ चुनौती ..... 142
६.२.६ दीर्घकालीन सोच ..... 142
६.२.७ लक्ष्य ..... 142
६.२.८ उद्देश्य ..... 142
६.२.९ रणनीति तथा कार्यनीति ..... 142

६.२.१० कार्यक्रम तथा आयोजना ... 144
६.२.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ... 146
६.३ विद्युत तथा वैकल्पिक उर्जा ... 148
६.३.१ पृष्ठभूमि ... 148
६.३.२ सम्भावना ... 148
६.३.३ अवसर ... 148
७.३.४ समस्या ... 148
७.३.५ चुनौती ... 148
७.३.६ दीर्घकालीन सोच ... 149
७.३.७ लक्ष्य ... 149
७.३.८ उद्देश्य ... 149
७.३.९ रणनीति तथा कार्यनीति ... 149
६.३.१० कार्यक्रम तथा आयोजना ... 151
६.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ... 152
६.४ सूचना तथा सञ्चार प्रविधि ... 154
६.४.१ पृष्ठभूमि ... 154
६.४.२ सम्भावना ... 154
६.४.३ अवसर ... 154
६.४.४ समस्या ... 154
६.४.५ चुनौती ... 154
६.४.६ दीर्घकालीन सोच ... 155
६.४.७ लक्ष्य ... 155
६.४.८ उद्देश्य ... 155
६.४.९ रणनीति तथा कार्यनीति ... 155
६.४.१० कार्यक्रम तथा आयोजना ... 157
६.४.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ... 158
**परिच्छेद - ७ ... 160**
**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ... 160**
७.१ वन तथा जैविक विविधता र खनिज सम्पदा ... 160

छाथार ताङमोङ गाउँपालिका

७.१.१ पृष्ठभूमि ........ 160
७.१.२ सम्भावना ........ 161
७.१.३ अवसर ........ 161
७.१.४ समस्या ........ 161
७.१.५ चुनौती ........ 161
७.१.६ दीर्घकालीन सोच ........ 161
७.१.७ लक्ष्य ........ 162
७.१.८ उद्देश्य ........ 162
७.१.९ रणनीति तथा कार्यनीति ........ 162
७.१.१० कार्यक्रम तथा आयोजना ........ 164
७.१.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 164
७.२ भूसंरक्षण तथा जलधार व्यवस्थापन ........ 167
७.२.१ पृष्ठभूमि ........ 167
७.२.२ सम्भावना ........ 167
७.२.३ अवसर ........ 167
७.२.४ समस्या ........ 167
७.२.५ चुनौती ........ 167
७.२.६ दीर्घकालीन सोच ........ 168
७.२.७ लक्ष्य ........ 168
७.२.८ उद्देश्य ........ 168
७.२.९ रणनीति तथा कार्यनीति ........ 168
७.२.१० कार्यक्रम तथा आयोजना ........ 170
७.२.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 170
७.३ वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन ........ 172
७.३.१ पृष्ठभूमि ........ 172
७.३.२ सम्भावना ........ 172
७.३.३ अवसर ........ 172
७.३.४ समस्या ........ 172
७.३.५ चुनौती ........ 173

छाथर जोरपाटी गाउँपालिका

७.३.६ दीर्घकालीन सोच ..... 173
७.३.७ लक्ष्य ..... 173
७.३.८ उद्देश्य ..... 173
७.३.९ रणनीति तथा कार्यनीति ..... 173
७.३.१० कार्यक्रम तथा आयोजना ..... 175
७.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 176
७.४ विपद् जोखिम न्यूनीकरण , वातावरण संरक्षण तथा जलवायू उत्थानशिलता ..... 177
७.४.१ पृष्ठभूमि ..... 177
७.४.२ सम्भावना ..... 177
७.४.३ अवसर ..... 177
७.४.४ समस्या ..... 177
७.४.५ चुनौती ..... 177
७.४.६ दीर्घकालीन सोच ..... 178
७.४.७ लक्ष्य ..... 178
७.४.८ उद्देश्य ..... 178
७.४.९ रणनीति तथा कार्यनीति ..... 178
७.४.१० कार्यक्रम तथा आयोजना ..... 180
७.४.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... 181
**परिच्छेद - ८ ..... 183**
**संस्थागत विकास तथा सुशासन ..... 183**
८.१ संस्थागत विकास र सेवा प्रवाह ..... 183
८.१.१ पृष्ठभूमि ..... 183
८.१.२ सम्भावना ..... 184
८.१.३ अवसर ..... 184
८.१.४ समस्या ..... 184
८.१.५ चुनौती ..... 185
८.१.६ दीर्घकालीन सोच ..... 185
८.१.७ लक्ष्य ..... 185
८.१.८ उद्देश्य ..... 185

छाक्तासुङ गाउँपालिका

८.१.९ रणनीति तथा कार्यनीति ........ 185
८.१.१० कार्यक्रम तथा आयोजना ........ 188
९.१.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 190
८.२ वित्तीय सुशासन ........ 193
८.२.१ पृष्ठभूमि ........ 193
८.२.२ सम्भावना ........ 193
८.१.३ अवसर ........ 193
८.२.४ समस्या ........ 193
८.२.५ चुनौती ........ 194
८.२.६ दीर्घकालीन सोच ........ 194
८.२.७ लक्ष्य ........ 194
८.२.८ उद्देश्य ........ 194
८.२.९ रणनीति तथा कार्यनीति ........ 194
८.२.१० कार्यक्रम तथा आयोजना ........ 196
८.२.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 196
८.३ स्रोत परिचालन तथा योजना व्यवस्थापन ........ 198
८.३.१ पृष्ठभूमि ........ 198
८.३.२ सम्भावना ........ 198
८.३.३ अवसर ........ 199
८.३.४ समस्या ........ 199
८.३.५ चुनौती ........ 199
८.३.६ दीर्घकालीन सोच ........ 199
८.३.७ लक्ष्य ........ 200
८.३.८ उद्देश्य ........ 200
८.३.९ रणनीति तथा कार्यनीति ........ 200
८.३.१० कार्यक्रम तथा आयोजना ........ 202
८.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ 203
**परिच्छेद – ९ ........ 205**
**आवधिक विकास योजना कार्यान्वयन ........ 205**

छथर ताङमोड गाउँपालिका

९.१ पृष्ठभूमि ........ 205
९.२ स्रोत अनुमान तथा प्रक्षेपण ........ 205
९.३ आयको  क्षेत्रगत विभाजन र विषय क्षेत्र अनुसार अनुमानित बजेट ........ 208
    ९.३.१ आर्थिक विकासमा रणनीतिक बजेट वितरण ........ 213
    ९.३.२ सामाजिक विकासमा रणनीतिक बजेट वितरण ........ 213
    ९.३.३ भौतिक पूर्वाधार विकासमा रणनीतिक बजेट वितरण ........ 214
    ९.३.४ वन तथा वातावरण विकासमा रणनीतिक बजेट वितरण ........ 214
    ९.३.४ सुशासन तथा संस्थागत व्यवस्थाका रणनीतिक बजेट वितरण ........ 216
९.४ स्रोत व्यवस्थापन तथा परिचालन रणनीति ........ 216
९.५ आवधिक योजना कार्यान्वयन ........ 217
९.६ अनुगमन तथा मूल्यांकन योजना ........ 217

**अनुसूचीहरु**

अनुसूची १: मीटिंग माइन्यूट

अनुसूची २ : फोटोग्राफस

छार्का ताङसोङ गाउँपालिका

# परिच्छेद – १

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा विकास, समृद्धि, सुशासन र दिगो शान्तिको आकांक्षा राखेको छ। यी आकांक्षाहरु हाँसिल गर्न लोकतान्त्रिक शासन पद्दति, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, विविधता बीच एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सदभावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै समतामुलक समाजको स्थापना गर्ने परिकल्पना गरेको छ। राष्ट्रिय आकांक्षा र परिकल्पनालाई वास्तविकतामा परिणत गर्न संविधानले तीन तहको सरकार रहने र तोकिएका अधिकारक्षेत्रभित्रका कार्यहरु सञ्चालन गर्ने व्यवस्था गरेको छ। संविधानको धारा ५७ अनुसार तीन तहको सरकारहरु बीच राज्य शक्तिको बाँडफाँट गरी अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारहरु सूचीकृत गरिएको छ। सोको व्यवस्थित कार्यान्वयनका लागि नीति, ऐन, कार्यविधि, मापदण्ड, योजना आदि तर्जुमा गरी लागू गर्नपर्ने आवश्यकता रहन्छ।

यसकारण, हरेक स्थानीय तह (गाउँपालिका/नगरपालिका) ले आफ्नो भौगोलिक क्षेत्रभित्रका नागरिकहरुको सुख र समृद्धिका लागि विभिन्न नीति तथा कानुन, रणनीतिक तथा आवधिक योजना, वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। गाउँपालिका/नगरपालिकाले नागरिकहरुको सुख र समृद्धि सुनिश्चित गर्नका लागि आफ्नो भौगोलिक क्षेत्रभित्र भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक पूर्वाधार तथा क्षमता विकास, वन तथा जैविक विविधता संरक्षण, वातावरण तथा जलवायु अनुकुलन र उत्थानशीलता, विपद् व्यवस्थापन, संस्थागत क्षमता विकास तथा सुशासन जस्ता विषय क्षेत्रहरुमा निरन्तर क्रियाशील रहँदै आएको छ। नेपाल सरकारले यस्ता कार्यहरुलाई रणनीतिक तथा आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। आवधिक योजना तर्जुमा कार्यमा एकरुपता कायम गरी राष्ट्रिय सोच, लक्ष्य र प्राथमिकताहरुलाई स्थानीय तहसम्म कार्यान्वयन सुनिश्चित गर्न राष्ट्रिय योजना आयोगले “स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८” जारी गरेको छ। संविधान, प्रचलित कानुनहरु र योजना तर्जुमा सम्बन्धी दिग्दर्शन अवलम्बन गरी सबै स्थानीय तहहरुले आवधिक विकास योजना तर्जुमा र कार्यान्वयन गर्दै आएका छन्।

यसै शिलशिलामा छार्का ताङसोङ गाउँपालिकाले स्थापना पश्चात प्रथम आवधिक योजना (२०७५/७६-२०७९/८०) तर्जुमा गरेको थियो त्यस पश्चात दोस्रो स्थानीय चुनावबाट आउनुभएका जनप्रतिनिधिहरुको तत्परतामा दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गर्ने जमर्को गरिएको छ। यस गाउँपालिकाले स्थानीय नागरिकहरुमा रहेका आकांक्षा, आफ्नो भौगोलिक क्षेत्रभित्रका विकासका सम्भावना तथा अवसरहरु, दैनिक जीवनमा भोगिरहेका समस्या र चुनौतीहरुको विश्लेषण गर्ने र उन्नतिका उपायहरुको खोजी गरी योजनामा समावेश गर्ने कार्य गरेको छ । विगतमा आवधिक योजनाको अभाव रहेको हुँदा यो गाउँपालिका दीर्घकालीन लक्ष्योन्मुख बन्न सकेको थिएन। तैपनि विकासका कार्यहरु प्रशस्त भएका छन् र क्षेत्रगत परिमाणात्मक र गुणात्मक सूचकहरुमा योगदान केही मात्रामा पुगेको अवस्था छ। हिजोको भन्दा राम्रो तयारी गर्ने र राम्रो समृद्धि तोकिएको समयसीमाभित्र हाँसिल गर्ने अभिप्रायले यो आवधिक योजनाको तर्जुमा गरिएको छ। यस योजना छार्का ताङसोङ गाउँपालिकाको समग्र विकासको मार्गचित्र हो जसले गाउँपालिकालाई मध्यमकालीन खर्च संरचना र वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न आधार दस्तावेजको रुपमा लिइनेछ।

## १.२ आवधिक योजनाको अवधारणा

आवधिक योजनाको अवधारणा व्यवस्थापकीय सिद्धान्तमा आधारित छ जसमा कुनै पनि संस्था, निकाय वा संगठनले आफ्नो दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरु हाँसिल गर्न अपनाइने विधि, संरचना र क्रियाकलापहरुको विवरण तयार गर्दछन् । आवधिक योजना दीर्घकालीन सोच लक्षित हुन्छ जसले संस्थाको दीर्घकालीन आकांक्षा परिपूर्ति गर्न प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछ । संस्थाको दीर्घकालीन सोचको आधारमा विद्यमान आवश्यकताहरुलाई मध्यनजर गरी आफूसँग उपलब्ध सीमित स्रोत र साधनहरुको विवेकशील उपयोग गरी निश्चित समयावधिभित्र विकासका उद्देश्यहरु तथा परिमाणात्मक लक्ष्यहरु हाँसिल गर्न तयार गरिएको रणनीति, कार्यनीति र क्रियाकलापहरुको दस्तावेज नै आवधिक योजना हो । योजनाले सम्बन्धित संस्था वा निकायलाई आफुले गर्नुपर्ने गतिविधि, तरिका, वित्तीय स्रोतको आवश्यकता, जनशक्तिको आकार र क्षमता, समयसीमा जस्ता विषयवस्तुहरुमा निर्देशन गर्दछ । तसर्थ, आजको समयमा आवधिक योजनाको अवधारणा लोकप्रिय र सर्वव्यापी रहेको छ।

विकास योजनाको उद्देश्य नै समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक र मानवीय विकास गर्ने हो। तसर्थ विकासका कार्यहरु बहुआयमिक हुन्छन् । विकासका हरेक क्रियाकलापहरुमा भौतिक तथा मानवीय स्रोत

साधानहरुको संयोजन र परिचालन गर्ने गरिन्छ । यी स्रोतहरुको संयोजन र परिचालन कुन परिमाणमा कसरी गर्ने भन्ने तर्कपूर्ण र विवेकशील प्रतिबद्धता पत्र नै योजना हो । विकास सम्बन्धी योजना वर्तमान समयमा विद्यमान रहेको र भविष्यमा आउन सक्ने समस्याहरुको समाधान गर्नका लागि तर्जुमा गरिन्छ । देशमा गरिबी, भोकमारी, अशिक्षा, बेरोजगारी, जलवायु तथा वातावरणीय असन्तुलन, मानवीय अस्वस्थता, उत्पादन र उपभोगमा असन्तुलन, लैंगिक तथा सामाजिक असमानता तथा बहिस्करण, जैविक विविधतामा जोखिम, सामाजिक न्यायमा न्यूनता, सामाजिक तथा राजनैतिक द्वन्द्व र अस्थिरता जस्ता समस्याहरुलाई न्यूनीकरण गर्दै समतामुलक र दिगो शान्तिपूर्ण समाजको स्थापना गर्नका लागि योजनाबद्ध विकासको अवधारणा कार्यान्वयनमा ल्याइएको हो । खासमा विभिन्न तहका सरकारहरुले तयारी तथा कार्यान्वयन गर्ने योजनाहरु यिनै विषयवस्तुहरुमा केन्द्रित हुन्छन् । योजनाहरु आवधिक हुन्छन् । यो अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन रुपमा तयार गरिन्छ । विशेष गरी सरकारहरुले वार्षिक, त्रिवर्षीय, पञ्चवर्षीय र सोभन्दा बढी समयका लागि योजना तयारी तथा कार्यान्वयन गर्ने गर्दछन् ।

सन् १९२८ मा तत्कालीन सोभियत संघले प्रारम्भ गरेको आवधिक योजनाको अवधारणा आज विश्वमा सबै देशहरुले अवलम्बन गरेका छन् । नेपालमा वि. सं २०१३ मा तत्काली प्रधानमन्त्री टंक प्रसाद आचार्यले पञ्चवर्षीय आवधिक योजनाको सुरुवात गरेका हुन् । यस आर्थिक वर्षमा नेपालको पन्ध्रौँ आवधिक योजना समापन भई र सोह्रौँ आवधिक योजनाको प्रारम्भ भएको छ । सातवटै प्रदेश सरकारहरुको प्रथम आवधिक योजनाको अवधि यस वर्ष समापन भई दोस्रो आवधिक योजना लागू भएको छ । संघीय र प्रदेश सरकारका आवधिक योजनाहरु पनि नयाँ लक्ष्य, प्राथमिकता र उद्देश्यका साथ आउँदै गरेको अवस्था छ । यिनै परिवेशहरुमा यस गाउँपालिकाको दोस्रो आवधिक योजनाको निर्माण गरिएको छ । यस आवधिक योजनाको तर्जुमा गर्ने क्रममा राष्ट्रिय योजना आयोगले जारी गरेको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८" लाई मुख्य मार्गदर्शकको रुपमा लिइएको छ ।

यस आवधिक योजना संविधानमा व्यवस्था गरिएको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, मौलिक हकहरु र संविधानको अनुसूची ८ मा व्यवस्था गरिएका एकल अधिकारहरु र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार सूचीको परिधिमा रही तयार गरिएको छ । यस योजना तर्जुमा गर्ने क्रममा यस गाउँपालिकाको स्थानीय सम्भावना, आवश्यकता र परिवेशको आधारमा सैद्धान्तिक सोच तयार गरिएको छ । यसको साथसाथै नेपाल सरकारको सोह्रौँ योजनामा स्थापित गरिएका दीर्घकालीन सोच २०२१ को रुपमा रहेको "समृद्ध नेपाल:

सुखी नेपाली" लाई अधिकतम् योगदान पुग्ने गरी यस गाउँपालिकाको सोच, लक्ष्य र उद्देश्यहरु सुनिश्चित गरिएको छ । साथ-साथै, सोह्रौं आवधिक योजनाको अवधारणा पत्रका मुल मान्यताहरु, कर्णाली प्रदेश सरकारको दोस्रो आवधिक योजनाका लक्ष्य तथा नीतिहरु र दोस्रो आवधिक योजनाको अवधारणा पत्रमा लिइएको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरुलाई मुल आधारको रुपमा लिइएको छ । यस आवधिक योजना तर्जुमा गर्ने क्रममा दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गरी उक्त लक्ष्यका सूचक केन्द्रित रणनीति तथा कार्यनीति र कार्यक्रमहरु समावेश गरिएको छ ।

## १.२ आवधिक विकास योजना तर्जुमाका उद्देश्यहरु

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरु देहायअनुसार रहेका छन्:

क) दीर्घकालीन सोच उन्मुख रही समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक दस्तावेज तयार गर्ने,

ख) गाउँपालिकाका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने,

ग) विषय क्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारी कार्यलाई निर्देशित गर्ने,

घ) आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्ने,

ङ) अन्य तहको सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा नीजि क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्ने ।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

आवधिक विकास योजना तर्जुमा कार्यलाई विधिवत गर्नका लागि राष्ट्रिय योजना आयोगले "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८" जारी गरेको छ । यसै दिग्दर्शनलाई अनुशरण गरी यो योजना तर्जुमा गरिएको छ । आवधिक योजना तर्जुमाको प्रारम्भिक बैठक गाउँपालिका स्तरमा कार्यपालिका सदस्यहरु, शाखागत कर्मचारीहरु र सरोकारवाला निकायहरुको सहभागितामा गरिएको छ । यस गाउँपालिकाको विगत तीन आर्थिक

वर्षका वार्षिक योजनाको कार्यान्वयनबाट प्राप्त सिकाइका पृष्ठभूमिबाट आवधिक योजना निर्माण भएको छ। योजनालाई गाउँपालिकाको वास्तविक आवश्यकता पुरा गर्ने औजारको रुपमा स्थापित गर्न निम्न लिखित विधिहरू अवलम्बन गरिएको छ।

## क. प्रारम्भिक छलफल तथा अभिमुखीकरण

प्रस्ताव स्वीकृत भई कार्य सम्झौता भएपश्चात कार्यक्षेत्रगत शर्तलाई आत्मसात गर्दै सर्वप्रथम गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा शाखागत कर्मचारीहरुसँग आवधिक योजनाको उद्देश्य, महत्व, औचित्य र यस प्रतिको बुझाइलाई एकरुपता तुल्याउन प्रारम्भिक छलफल तथा अभिमुखीकरण भयो। सो छलफलमा आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा बन्ने निर्देशक समिति निर्माण र योजनाको कार्यतालिका लगायतका विषयमा छलफल गरी ती विषयहरुको टुङ्गो लगाइएको थियो।

## ख. सन्दर्भ सामाग्रीहरुको संकलन तथा अध्ययन

आवधिक योजना निर्माण कार्यको प्रारम्भमा स्थानीय सरकार सञ्चालनसँग सम्बन्धित विभिन्न ऐन, कानून, गत आ.व. को नीति, कार्यक्रम तथा योजना, प्रगति प्रतिवेदन आदिको अध्ययन गरियो। देशका विभिन्न स्थानीय तहहरुका कार्यान्वयन भइरहेका आवधिक योजना, नेपालको सोह्रौँ आवधिक योजना, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना, दिगो विकास लक्ष्य आदिको अध्ययन गरिएको थियो। त्यसैगरी गाउँपालिकाद्वारा तयार पारिएको आधारभूत तथ्याङ्क, तथा वस्तुगत विवरणले यस गाउँपालिकाको अवस्था र तथ्यहरू बुझ्न सहयोग पुऱ्यायो।

## ग. वडागत योजना तर्जुमा गोष्ठी सञ्चालन

प्रत्येक वडामा सम्बन्धित वडाका वडा अध्यक्ष, वडा सदस्य, वडाका कर्मचारी, सबै स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, विद्यालयका प्रमुख तथा प्रधानाध्यापकहरु, क्षेत्रगत विषय विज्ञ तथा बौद्धिक व्यक्तित्वहरु, उद्योगी तथा व्यवसायीहरु लगायत स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरुको सहभागितामा वडाबासीहरूले भोगिरहेको अवस्था, विकासको चाहना र सम्भावनाहरूको बारेमा छलफल गरी सूचनाहरू सङ्कलन गरियो। सूचनाहरुको सङ्कलनसँगै वडागतरुपमा भावी पाँच वर्षको लागि प्राथमिकतामा पर्ने क्षेत्रगत योजनाहरु तर्जुमा

समेत सोही गोष्ठी बाट गरियो । यस क्रममा वडागत सूचना तथा योजनाहरुलाई थप वस्तुपरक बनाउन जि.आइ.एस. नक्सांकन समेत गरियो ।

## घ. तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण

यस आवधिक योजना तर्जुमा कार्यको सुरुदेखि नै गुणस्तर कायम गर्नको लागि विज्ञ टोलीद्वारा निरन्तर रुपमा अनुगमन गरिएको थियो । सूचना सङ्कलनको लागि तयार पारिएका फारम, यसको लागि प्रयोग भएका सन्दर्भ समाग्री, कार्यलयबाट संकलित तथ्य र तथ्याङ्कहरूको प्रमाणिकरण, शुद्धिकरण र विश्लेषणका कार्य आवश्यकता अनुसार गरिएको थियो । गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरुलाई विषयगत समितिहरुमा छलफल गरी योजनामा संलग्न गरिएका मुख्य सुचकाङ्कहरु समेत निर्धारण गरिएको थियो ।

## ङ. समस्या तथा चुनौती र अवसरहरुको पहिचान

गाउँपालिका विकासका लागि विद्यमान विषयक्षेत्रगत समस्या तथा चुनौतीहरु र अवसरहरुको पहिचान गर्न विषयगत समिति र सम्बन्धित कर्मचारीहरुको समूह गठन गरी हरेक विषयगत क्षेत्रहरु (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) को छुट्टाछुट्टै छलफल गरी विश्लेषण गरिएको थियो ।

## च. गाउँपालिकास्तरीय योजना तर्जुमा गोष्ठी

सबै निर्वाचित जनप्रतिनिधिहरू, राजनीतिक पार्टीका प्रतिनिधिहरू, प्रमुख प्रशासकिय अधिकृत लगायत विषयगत कर्मचारीहरू, कार्यपालिका सदस्य, कार्यपालिकाका विषयगत समितिहरूका सदस्यहरूका सहभागितामा गाउँपालिकाको सभाहलमा मिति २०८१/०६/०८-११ गते कार्यशाला गोष्ठीको आयोजना गरी उपक्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारण तथा योजना तर्जुमा गरिएको थियो । यसका साथै सबै विषयगत उपक्षेत्रहरुको नतिजा सूचक पनि निर्धारण गरिएको थियो ।

## छ. दीर्घकालीन सोच तथा लक्ष्य निर्धारण

गाउँपालिकास्तरीय कार्यशालामा नै गाउँपालिकाको आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण गर्न सबै सरोकारवालाहरुलाई समूह विभाजन गरी छलफल गराइएको थियो र सबै समूह सुझाव मध्येबाट सर्वमान्य

सोचलाई आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण तय भएको थियो। सोही दीर्घकालीन सोचका आधारमा आवधिक लक्ष्य तथा उद्देश्यहरु निर्माण तथा छलफल गरिएको थियो।

## ज. योजना तथा आधारपत्रहरूको पुनरावलोकन

आवधिक योजना निर्माण गर्ने क्रममा सङ्घीय सरकार, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यहरू तथा स्थानीय निकायका विगतका विकास योजनाहरूको अध्ययन गरियो। सोह्रौं आवधिक योजनाको अवधारणा पत्र, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको आवधिक योजना, राष्ट्रिय, अन्तराष्ट्रिय मापदण्डलाई कायम गर्न सन्दर्भ सामाग्रीको अध्ययन र प्रयोग सुरु देखि अन्तिम चरणसम्म गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐनले निर्देश गरेका कार्यक्षेत्र र कार्यादेशको अधिनमा रहेर सोको मापदण्ड कायम गर्दै, राष्ट्रिय योजना आयोगले तयार पारेका आधारपत्र, योजना तर्जुमा निर्देशिका, योजना तथा कार्यक्रम अनुगमन निर्देशिका र मापदण्डहरूको पुनरावलोकन गरिएको छ।

## झ. मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण

उपरोक्त चरणहरु पुरा गरिसकेपछि विज्ञ समूहले गाउँपालिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कहरुका आधारमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले निर्दिष्ट गरेको विषयसूची अवलम्बन गर्दै मस्यौदा प्रतिवेदन तयार पारी आवश्यक सुधार तथा सुझावका लागि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरिएको थियो। गाउँपालिकाबाट प्राप्त सुझावलाई संकलन गरी अन्तिम प्रतिवेदन गाउँपालिकाको कार्यालयमा पेश गरियो।

# परिच्छेद – २

# छार्का ताङसोङ गाउँपालिकाको वस्तुस्थिति विवरण

## २.१ गाउँपालिकाको परिचय

नेपालको कर्णाली प्रदेशका १० जिल्लाहरुमध्ये तुलनात्मक रुपमा दुर्गम हिमाली जिल्लाको रुपमा रहेको डोल्पा जिल्लाका ८ वटा स्थानीय तहहरुमध्ये छार्का ताङसोङ गाउँपालिका पनि एक हो। साविकका छार्का र मुकोट गा.वि.स. लाई मिलाएर छार्का ताङसोङ गाउँपालिका बनेको हो। नेपालको मध्य पश्चिम भागमा अवस्थित यस गाँपालिकामा राष्ट्रिय सडक सञ्जाल र केन्द्रीय विद्युत प्रशारण लाईनबाट जोडिन नसकेतापनि आर्थिक, सामाजिक, पुरातात्विक, धार्मिक एवम् ऐतिहासिक महत्व बोकेको प्रमुख दर्शनीय स्थलहरुमा विश्व कै उचाईमा रहेको मानव बस्ती छार्का भोट (४३५० मी.), पुथा हिमाल(७२४६ मी.), मुकोट हिमाल, अरनिको चुली, धौलागिरी हिमाल दोश्रो, रोमजेन हिमाल, विश्व कै उचाईमा हालसालै फेला परेको वाङवुर ताल (५३७० मी.), सेरतो ताल, याक ताल, चाक्चु ताल, छार्का किरफुक ताल, फेतिलिङ गुम्बा, साछेन गुम्बा,तार्चोङ छोलिङ गुम्बा, याङगोन थोङड्रोल गुम्बा, ढक्मार गुम्बा, घेरावाँङ साम्दिक छोईलिङ गुम्बा, र महत्वपूर्ण हिमाली जडिबुटी यार्सागुम्बा आदि हुन। प्रशस्त संभावनाहरु हुँदाहुँदै पनि ठूला ठूला उद्योग धन्दा कलकारखाना स्थापना भईनसकेको र पर्यटन क्षेत्रको बिस्तार पनि हुन नसकेको हुँदा अन्य छिमेकी पालिका तथा जिल्लाहरुको जस्तै यस पालिकाको पनि जीविकोपार्जनको मुख्य आर्थिक आधार पशुपालन र कृषि नै रहन गएको छ।

### २.१.१ भौगोलिक अवस्था र राजनितिक तथा प्रशासनिक संरचना

भौगोलिक हिसाबले ३४५.५८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छार्का ताङसोङ गाउँपालिका २९.०७ डिग्री उत्तर देखि २९.१२ डिग्री उत्तरी अक्षांश र ८३.४५ डिग्री पूर्व देखि ८३.५० डिग्री पूर्वी देशान्तरसम्म अवस्थित छ। यस गाउँपालिका समुद्री सतहको करीब १५२५ मिटर देखी ७७५४ मिटर सम्मको उचाइमा अवस्थित रहेको छ।

यस गाउँपालिकाको पूर्वमा मुस्ताङ जिल्ला र पश्चिममा काइके गाउँपालिका र डोल्पोबुद्ध गाउँपालिका पर्दछ। त्यस्तै उत्तरमा चिनको स्वशासित प्रदेश तिब्बत र डोल्पोबुद्ध गाउँपालिका पर्दछ भने दक्षिणमा म्याग्दी जिल्ला पर्दछ।

**राजनीतिक एवम् प्रशासनिक विभाजन:**

| | |
|---|---|
| प्रदेश | संघीय गणतन्त्र नेपालको कर्णाली प्रदेश |
| जिल्ला | डोल्पा |
| जिल्ला सदरमुकाम | दुनै |
| गाउँ कार्यपालिकाको कार्यालय | कागकोट |
| वडा संख्या | ६ |

**वडागत विभाजन:**

यस गाउँपालिकामा क्षेत्रफलको आधारमा सबैभन्दा ठूलो वडा १ नं. वडा (१०२.७३ वर्ग कि.मि.) हो भने सबैभन्दा सानो वडा ६ नं. वडा (२५.१६ वर्ग कि.मि.) हो। क्षेत्रफल अनुसार छार्का ताङसोङ गाउँपालिकाको वडागत विभाजन तलको तालिकामा दिईएको छ।

| नयाँ वडा नं. | साविकको गाविस | हालको वडा केन्द्र | क्षेत्रफल वर्ग कि.मि. | कैफियत |
|---|---|---|---|---|
| १ | छार्का १, २, ३, ४, ५ | छार्का | १०२.७३ | |
| २ | छार्का ६ र ७ | हेलीबगर | ५३.२३ | |
| ३ | छार्का ८ र ९ | ढाँडगाउँ | २८.३३ | |
| ४ | मुकोट १, २, ३ | कागकोट | ४८.९१ | |
| ५ | मुकोट ४, ५, ७ | घेराङ | ८७.२२ | |
| ६ | मुकोट ६, ८, ९ | मुकोट | २५.१६ | |

**गाउँपालिकाको सिमाना:**

| | |
|---|---|
| पूर्व | मुस्ताङ्ग जिल्ला (लोमान्थाङ, लो-घेकर दामोदर कुण्ड, बारागुङ मुक्ति क्षेत्र गाउँपालिका) |
| पश्चिम | काइके गाउँपालिका र डोल्पोबुद्ध गाउँपालिका |
| उत्तर | डोल्पोबुद्ध गाउँपालिका र चीनको स्वशासित प्रदेश तिब्बत |
| दक्षिण | म्याग्दी जिल्ला |

**भू-उपयोगको अवस्था:**

यस गाउँपालिकाको कूल ३४५.५८ वर्ग कि.मि. क्षेत्रफल मध्ये १५.३९ वर्ग कि.मि. (४.४५ प्रतिशत) क्षेत्रफल कृषि क्षेत्र रहेको छ। त्यस्तै ३२५.४१ वर्ग कि.मि. (९४.१६ प्रतिशत) क्षेत्रफल वनजंगलले ढाकेको छ। भू-उपयोग सम्बन्धी विवरण तलको तालिकामा राखिएको छ।

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल वर्ग कि.मि | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | १५.३९ | ४.४५% |
| २ | वन तथा चरन क्षेत्र | ३२५.४१ | ९४.१६% |
| ३ | आवास क्षेत्र | १.७ | ०.४९% |
| ४ | नदिनाला | ०.५१ | ०.१५% |
| ५ | ताल तलैया | १.०२ | ०.३०% |
| ६ | सिमसार | ०.४६ | ०.१३% |
| ७ | औद्योगिक क्षेत्र | ० | ० |
| ८ | सडकले ओगटेको क्षेत्र | १.०९ | ०.३२% |
| ९ | अन्य | ० | ० |
| | जम्मा | ३४५.५८ | १००.००% |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

### २.१.२ जनसांख्यिक अवस्था

गाउँपालिकाको पार्श्वचित्र, २०८१ को तथ्याङ्क अनुसार छार्का ताङसोङ गाउँपालिकामा कूल ३१९ घर परिवारमा १६४० जनाको बसोबास रहेको छ। कूल जनसंख्यामा ८५५ जना महिला छन् भने ७५८ जना पुरुष रहेका छन्। गाउँपालिकाको जनघनत्व ४.७६ रहेको छ। यस गाउँपालिकाको वडागत जनसंख्याको विवरण तलको तालिकामा दिइएको छ।

| वडा नं. | घर परिवार संख्या | पुरुष | महिला | जम्मा | जनघनत्व | मुख्य वस्तीहरु |
|---|---|---|---|---|---|---|
| १ | ८७ | २२९ | २४७ | ४७६ | ४.६३ | छार्का |
| २ | २८ | ७० | ६७ | १३७ | २.५७ | ठिमेर र पुङ्गा |
| ३ | ३२ | ८७ | ९७ | १८४ | ६.४९ | ढाँडगाउँ र ढुकोट |
| ४ | ६१ | ११८ | १४७ | २६५ | ५.४१ | कागकोट |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ७४ | १८१ | १९५ | ३७६ | ४.३१ | पिम्री, घेराङ र तेराङ |
| ६ | ३७ | १०० | १०२ | २०२ | ८.०२ | मुकोट र शेरी |
| **जम्मा** | ३१९ | ८१९ | ८५३ | १६४० | ४.७६ | |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

### २.१.३ उमेर अनुसारको जनसंख्या वितरण

यस गाउँपालिकामा उमेर अनुसारको जनसंख्या विवरण तलको तालिकामा दिईएको छ । जम्मा जनसंख्या १६४० रहेको यस गाउँपालिकामा ५ वर्ष भन्दा मुनीको जनसंख्या १५३, ५ देखि ९ वर्ष सम्मको १९०, १० देखि १४ वर्ष सम्मको २१०, १५ देखि १८ वर्ष सम्मको २०६, १९ देखि २४ वर्ष सम्मको २२४, २५ देखि ४५ वर्ष सम्मको ३५२, ४६ देखि ५९ वर्ष सम्मको १३५, ६९ देखि ६९ वर्ष सम्मको ८२ र ७० वर्ष भन्दा माथिको जनसंख्या ८५ रहेको पाईन्छ।

| उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ५ वर्ष भन्दा मुनी | ८० | ७३ | १५३ |
| ५-९ वर्ष सम्म | ९८ | ९२ | १९० |
| १०-१४ वर्ष सम्म | १०८ | १०२ | २१० |
| १५-१८ वर्ष सम्म | ९८ | १०८ | २०६ |
| १९-२४ वर्ष सम्म | ११४ | ११० | २२४ |
| २५-४५ वर्ष सम्म | १९६ | १५६ | ३५२ |
| ४६-५९ वर्ष सम्म | ८१ | ५७ | १३५ |
| ६०-६९ वर्ष सम्म | ३३ | ४९ | ८२ |
| ७० वर्ष भन्दा माथि | ४७ | ३८ | ८५ |
| जम्मा | **८५५** | **७८५** | **१६४०** |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

### २.१.४ जातजाति अनुसार जनसंख्या

छार्का ताङसोङ गाउँपालिकामा जात जातिको हिसाबले गुरुङ, रोकाया, घर्ती र बुढा आदिको बसोबास रहेको देखिन्छ।

| क्र.सं. | जातियता | प्रतिशत |
|---|---|---|
| १. | गुरुङ | ९०% |
| २. | रोकाया | ५% |
| ३. | बुढा | ३% |
| ४. | घर्ती | २% |
| | जम्मा | १००% |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

### २.१.५ धर्म अनुसार जनसंख्या

छार्का ताङसोङ गाउँपालिकामा शत प्रतिशत जनसंख्या बौद्ध धर्मावलम्बी रहेको पाईन्छ ।

### २.१.६ मातृभाषा अनुसार जनसंख्या

छार्का ताङसोङ गाउँपालिकाको प्रोफाईल, २०८१ को विवरण अनुसार यस गाउँपालिकामा बसोबास गर्ने सबै नागरिकहरुले एकै भाषा प्रयोग गर्ने गरेको पाईन्छ । मातृभाषाको रुपमा सबैले अभारोपेली भाषा समूह अन्तर्गको तिब्बतियन भोटे भाषा प्रयोग गरेको पाईन्छ ।

### २.१.७ अपाङ्गताको आधारमा जनसंख्या

छार्का ताङसोङ गाउँपालिकाको अपाङ्गताको आधारमा जनसंख्याको अवस्था हेर्दा ३० जना शारिरिक अपाङ्गता भएका मानिसहरु रहेका छन् जसमा १५ जना पुरुष छन् भने १५ जना महिला रहेका छन् ।

| लिङ्ग | जम्मा अपाङ्गता संख्या | अपाङ्गताको आधारमा जनसंख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पूर्ण अशक्त अपाङ्गता (रातो रंगको) | अति अशक्त अपाङ्गता (नीलो रंगको) | मध्यम अपाङ्गता (पहेंलो रंगको) | सामान्य अपाङ्गता (सेतो रंगको) | |
| पुरुष | १५ | ३ | १२ | ० | ० | |
| महिला | १५ | ४ | ११ | ० | ० | |
| **जम्मा** | **३०** | **७** | **२३** | **०** | **०** | |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस क्षेत्रका मानिसहरुको मुख्य पेशा कृषि नै हो । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको १० वर्ष र सो भन्था माथिका व्यक्तिले गणना समय देखि अघिको १२ महिना सम्म आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसारको जनसंख्या हेर्दा ७५.६% जनसंख्या कृषिमा आबद्ध रहेको पाईन्छ ।

यस गाउँपालिकाको विकट भौगोलिक अवस्था, खेतीयोग्य जमिनको कमी, सिँचाई सुविधाको कमी, परम्परागत कृषि प्रणाली कृषि क्षेत्रका दक्ष जनशक्तिको अभाव जस्ता कारणले खाद्यान्न आत्मनिर्भरताको अवस्था कमजोर रहेको छ । यहाँका कुनै पनि घर परिवारलाई आफ्नै उत्पादनले वर्ष भरी खान पुग्ने अवस्था नभएकोले महँगो आयातित खाद्यान्नमा निर्भर रहनुपर्ने अवस्था छ । यसबाट कृषिको उत्पादन बढोत्तरी गर्नुपर्ने अवस्था देखिन्छ । गाउँपालिका भरीको खाद्यान्न उपलब्धताको आधारमा परिवारको संख्या देहाय अनुसार रहेको छ ।

| क्र.सं. | खाद्यान्न उपलब्धताको आधारमा परिवार संख्याको विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ३ महिना भन्दा कम खान पुग्ने परिवार | २५५ | ८० | |
| २ | ४ देखि ६ महिना खान पुग्ने परिवार | ४८ | १५ | |
| ३ | ७ देखि ९ महिना खान पुग्ने परिवार | १६ | ५ | |
| ४ | १० देखि १२ महिना खान पुग्ने परिवार | ० | ० | |
| ५ | आफ्नो खेतबारीको उत्पादनबाट खान पुगेर बेचबिखन गर्ने परिवार | ० | ० | |

स्रोत: गाउँपालिकाको प्रोफाईल, २०८१

### २.२.३ पर्यटन तथा संस्कृति

यस गाउँपालिका पर्यटकीय स्थलहरुले भरीपूर्ण रहेको पाइन्छ । उच्च हिमाली भाषा संस्कार र संस्कृतिका अतिरिक्त यहाँ धेरी संख्यामा ताल तलैया लगायत मान बस्ती र हिम श्रङ्खलाहरु रहेका छन् । विश्वकै सबैभन्दा अग्लो स्थानमा रहेको मानव बस्ती छार्का भोट यसै गाउँपालिका भित्र पर्दछ । हालसालै विश्वकै सबैभन्दा अग्लो स्थानमा रहेको ताल समेत यसै पालिकामा फेला परेको छ । यस गाउँपालिका भत्रका पर्यटकीय महत्वका स्थलहरु देहाय अनुसार रहेका छन् ।

| **क्र.सं.** | **पर्यटकीय स्थलहरुको नाम** | **पर्यटकीय महत्व** | **वडा नं.** | **कैफियत** |
|---|---|---|---|---|
| १ | पुथा हिमाल (७२४६ मि.) | पर्वतारोहण, स्केटीङ्ग, हिम तालमा स्वीमिङ्ग, ट्रेकिङ्ग र अन्य साहसिक पर्यटन | ४ | |
| २ | वाङवुर ताल (५३७० मि.) | ट्रेकिङ्ग र अन्य साहसिक पर्यटन | १ | |
| ३ | फेतिलिङ गुम्बा | धार्मिक | ४ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | घेरावाँङ् साम्दिक छोईलिङ र छोइटनी गुम्बा | धार्मिक स्थल (बौद्ध धर्मावलम्बी) | ५ | |
| ५ | धौलागिरी-२ हिमाल | ट्रेकिङ्ग र अन्य साहसिक पर्यटन | ५ | |
| ६ | मुकोट हिमाल (६०८७ मि.) | दृष्यावलोकन, ट्रेकिङ्ग | ६ | |
| ७ | छार्का बस्ती (४३५० मि.) | धार्मिक, सामाजिक र पर्यटकीय | १ | |
| ८ | शक्मार गुम्बा | धार्मिक | २ | |
| ९ | रोमजेन हिमाल | पर्यटकीय | २ | |
| १० | सेरतो ताल | पर्यटकीय | २ | |
| ११ | याक ताल | पर्यटकीय | १ | |
| १२ | चाक्चु ताल | पर्यटकीय | २ | |
| १३ | च्याउ गुम्बा | धार्मिक | २ | |
| १४ | अरनिको चुली | पर्यटकीय | १ | |
| १५ | छार्का किर्फुक ताल | पर्यटकीय | १ | |
| १६ | साछेन गुम्बा | धार्मिक | १ | |
| १७ | तार्चोङ छोलिङ गुम्बा | धार्मिक | १ | |
| १८ | याङगोन थोङड्रोल गुम्बा | धार्मिक | १ | |

स्रोत: गाउँपालिकाको प्रोफाईल, २०८१

### २.२.५ पेशा, आम्दानी र रोजगारीको अवस्था

प्रत्येक नागरिकलाई रोजागरीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रुपमा उल्लेख गरिएको छ। यसका साथै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनोट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चितता गरिएको छ। देशकै अर्थतन्त्र विप्रेषणमा निर्भर भइरहेको परिप्रेक्ष्यमा छार्का ताङसोङ गाउँपालिका समेत यसबाट अछुतो छैन। वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवम् उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई गाउँपालिकाले समेत आफ्नो योजनामा समेट्न आवश्यक रहेको छ।

छार्का ताङसोङ गाउँपालिकाको प्रोफाइल अनुसार यस गाउँपालिकाको मुख्य पेशाको रुपमा ८८.७५ प्रतिशत परिवारले पशुपालन तथा खेतीपाती गर्ने गरेको देखिन्छ । त्यस्तै १८.७५ प्रतिशत परिवार व्यापार व्यवसायमा आबद्ध रहेका छन् भने ५.६२ प्रतिशत परिवार नोकरी गर्ने गर्दछन् । वैदेशिक रोजगारमा पनि यहाँको मानिसको आकर्षण बढ्दो छ । जसमा ५.९३ प्रतिशत परिवार वैदेशिक रोजगारीमा आधारित रहेका छन् ।

| क्र.सं. | विवरण | परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि (खेतीपाती तथा पशुपालन) | २८४ | ८८.७५ | |
| २ | व्यापार तथा व्यवसाय | ६० | १८.७५ | |
| ३ | नोकरी | १८ | ५.६२ | |
| ४ | वैदेशिक रोजगार | १९ | ५.९३ | |

स्रोत: गाउँपालिकाको प्रोफाईल, २०८१

त्यस्तै यस गाउँपालिकाको औषत मासिक पारिवारिक आम्दानी विवरण तलको तालिकामा दिईएको छ ।

| क्र.सं. | औषत मासिक पारिवारिक आम्दानी (रुपैँयामा) | परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | १०००० देखि १५००० | ५२ | १६.३० | |
| २ | १५००० देखि २५००० | १०२ | ३१.९७ | |
| ३ | २५००० भन्दा माथि | १६५ | ५१.७३ | |

स्रोत: गाउँपालिकाको प्रोफाईल, २०८१

### २.२.६ स्थानीय बजार तथा व्यापारिक केन्द्र

दैनिक उपभोग्य सामाग्री खरिद बिक्री गर्न गाउँपालिकाको छार्का र कागकोटमा साना बजार केन्द्रहरु रहेका छन् । कतिपय स्थानीय उत्पादनहरु पनि सोही बजारहरुमा खपत हुने गरेको छ । गाउँपालिका क्षेत्रभित्र अन्य ठूला व्यापारिक केन्द्र नभएता पनि व्यापार व्यवसायका लागि जिल्ला सदरमुकाम दुनै, छिमेकी जिल्ला मुस्ताङ्ग तथा चिनियाँ नाकाबाट आयात निर्यातको व्यापार हुने गरेको छ ।

| **क्र.सं.** | **व्यापार व्यवसाय विवरण** | **जम्मा संख्या** |
|---|---|---|
| १ | होटल व्यवसाय | १६ |
| २ | क्लिनिक तथा औषधी व्यवसाय | १ |

| | | |
|---|---|---|
| ३ | फेन्सी पसल | ३ |
| ४ | किराना पसल तथा व्यवसाय | ३ |
| ५ | पुल हाउस | २ |
| ६ | निर्माण व्यवासायी (ठेक्कापट्टा) | ५ |
| ७ | खाजाघर तथा चिया पसल | १५ |
| ८ | ढुवानी सेवा | ५ |

स्रोत: गाउँपालिकाको प्रोफाईल, २०८१

### २.२.७ बैंक तथा वित्तीय संस्था

यस गाउँपालिकामा १ वटा राष्ट्रिय वाणिज्य बैंकको शाखा र ३ वटा सहकारीहरु रहेका छन् । पर्याप्त पूँजीको अभाव एवम् ऋण व्यवस्था हुन नसकेको कारणबाट सीपयुक्त जनशक्तिहरुले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएकाहरुले व्यापार व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरुमा सदस्यको हैसियतबाट तुलनात्मक रुपमा धितो बिना पनि ऋण सुविधा सहज भएतापनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्नेगरि सहकारीहरुको क्षमता भएको देखिँदैन ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३ १.स्वास्थ्य तथा पोषण

छार्का ताङसोङ गाउँपालिकामा २ वटा स्वास्थ्य चौकीहरु, १ वटा बर्थिङ्ग सेन्टर, १० वटा गाउँघर क्लिनिक र १० वटा खोप क्लिनिक आदि बाट प्रतिरोधात्मक र उपचरात्मक स्वास्थ्य सेवा संचालन भईरहेको छ । स्वास्थ्य संरचनाहरु मापदण्ड अनुसार नभएकोले प्रभावकारी सेवा प्रवाहमा कठिनाई रहेको छ । गाउँपालिकाको प्रोफाइल, २०८१ अनुसार यस गाउँपालिकाको स्वास्थ्य सम्बन्धि विवरण तलको तालिकामा राखिएको छ ।

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य सेवा कार्यालय | १ | |
| २ | सरकारी अस्पताल | १ | |
| ३ | आयुर्वेद अस्पताल | १ | |
| ४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | | |
| ५ | मुकोट स्वास्थ्य चौकी | १ | |
| ६ | छार्का स्वास्थ्य चौकी | १ | |

| | | | |
|---|---|---|---|
| ७ | बर्थिङ्ग सेन्टर (मुकोट स्वास्थ्य चौकी) | १ | |
| ८ | खोप क्लिनिक | १० | |
| ९ | गाउँघर क्लिनिक | १० | |
| १० | महिला स्वास्थ्य स्वंयमसेविका | १८ | |
| ११ | स्वास्थ्य संस्था नभएका वडा संख्या | ४ | |
| १२ | क्षयरोग डट्स सेन्टर संख्या | २ | |
| १३ | इम्पान्ट सेवा प्रदायक स्वास्थ्य संख्या | २ | |
| १४ | किशोर किशोरी मैत्री स्वास्थ्य संख्या | २ | |
| १५ | **OTC Center** | १ | |
| १६ | निर्धारित मापदण्ड अनुसारका भवन भएका स्वास्थ्य | २ | |
| १७ | आफ्नै जग्गा (३ रोपनी/कठ्ठा वा बढी) भएका स्वास्थ्य संस्था | २ | |
| १८ | आफ्नै भवन भएका स्वास्थ्य संस्था | २ | |
| १९ | महिला र पुरुषको लागि छुट्टै शौचालय भएका स्वास्थ्य संस्था संख्या | १ | |
| २० | सुरक्षित खानेपानी नियमित उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | १ | |
| २१ | सोलार ब्याकअप जडान भएका स्वास्थ्य संस्था | १ | |
| २२ | ईन्टरनेट सेवा उपलब्ध भएका स्वास्थ्य संस्था | २ | |
| २३ | कर्मचारी आवास भएका स्वास्थ्य संस्था | २ | |
| २४ | स्ट्रेचर उपलब्ध भएका वडा संख्या | २ | |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

### २.३.२ शैक्षिक विकास

छार्का ताङसोङ गाउँपालिकाको प्रोफाइल, २०८१ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कूल साक्षरता दर ४५.८८ प्रतिशत रहेको छ। जसमा महिला साक्षरता दर ४१.८ प्रतिशत रहेको छ भने पुरुष साक्षरता दर ५०.१३ प्रतिशत रहेको छ। यसरी तुलनात्मकरुपमा हेर्दा महिलाहरुको साक्षरता दर पुरुषको भन्दा कमजोर रहेको छ। यस गाउँपालिका भित्र जम्मा ७ वटा आधारभूत विद्यालयहरु रहेका छन्। यहाँ माध्यामिक तहको विद्यालय तथा क्याम्पसहरु रहेका छैनन्।

| विद्यालयको नाम | लिङ्ग | भर्ना भएको संख्या | विद्यालय छाडेको संख्या |
|---|---|---|---|
| श्री तेन्जिङ नोर्गे आ.वि., कागकोट | छात्र | १३ | १ |
| | छात्रा | २८ | २ |
| | **जम्मा** | **४१** | **३** |
| श्री छार्का भोट आ.वि., छार्का | छात्र | ३१ | ० |
| | छात्रा | ३९ | ० |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | **७०** | **०** |
| श्री सयपत्री आ.वि., मुकोट | छात्र | ४ | ० |
| | छात्रा | १२ | ० |
| | **जम्मा** | **१६** | **०** |
| श्री सप्तकोशी आ.वि., ढाँडगाउँ | छात्र | ८ | ० |
| | छात्रा | ५ | ० |
| | **जम्मा** | **१३** | **०** |
| श्री पुथा हिमाल आ.वि., पिम्री | छात्र | ६ | ० |
| | छात्रा | ७ | ० |
| | **जम्मा** | **१३** | **०** |
| श्री जनजागृति आ.वि., शेरी | छात्र | ६ | ० |
| | छात्रा | ९ | ० |
| | **जम्मा** | **१५** | **०** |
| श्री सुनगाभा आ.वि., तेराङ | छात्र | ४ | १ |
| | छात्रा | ४ | १ |
| | **जम्मा** | **८** | **२** |
| | **कूल जम्मा** | १७६ | ५ |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

यस गाउँपालिकामा राष्ट्रिय जनगणना, २०७८ अनुसार ५ वर्ष र सो भन्दा माथि उमेरका व्यक्तिहरुको साक्षरताको अवस्था हेर्दा ७२९ जनाले पढ्न र लेख्न दुवै जानेको र ३० जनाले पढ्न मात्र जानेका छन् भने ८२९ जनाले पढ्न र लेख्न दुवै नजानेको अवस्था छ।




स्रोत: राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेका शैक्षिक तह अनुसारको जनसंख्या तलको तालिकामा राखिएको छ।

| क्र.सं. | शैक्षिक तह | जनसंख्या | कैफियत |
|---|---|---|---|
| १ | पूर्व बालबिकास | १७ | |
| २ | प्राथमिक तह | ३५३ | |
| ३ | निम्न माध्यमिक तह | ९८ | |
| ४ | उच्च माध्यमिक तह | १०९ | |
| ५ | एसएलसी | २८ | |
| ६ | प्रविणता | १०० | |
| ७ | स्नातक तह | ५ | |
| ८ | स्नाकोत्तर सरह वा सोभन्दा बढी | २ | |
| | **जम्मा** | | |

स्रोत: राष्ट्रिय जनगणना, २०७८

### २.३.३ खानेपानी तथा सरसफाई

यस गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता गुरुयोजना **(WASH Plan)**, २०८० को प्रतिवेदन अनुसार गाउँपालिकाका शतप्रतिशत जनता खानेपानीको पहुँचमा रहेका छन्। तर हिउँदको समयमा

अत्याधिक चिसोको कारणले पानीको मूल तथा पाइपमा पानी जम्ने समस्या रहेकोले अन्य मूल तथा खोला नदीको पानी समेत प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ। गाउँपालिकाको प्रोफाइल, २०८१ अनुसार खानेपानीको स्रोत अनुसारको परिवार संख्या दीइएको छ।

| क्र.सं. | प्रकार | घरधुरी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | धारा पाइप | ३१९ | १०० | |
| २ | ट्यूबवेल/हाते पम्प | ० | ० | |
| ३ | ढाकिएको इनार/कुवा | ० | ० | |
| ४ | खुला इनार/कुवा | ० | ० | |
| ५ | मूल धारा | ० | ० | |
| ६ | खोला/झरना | ० | ० | |
| ७ | अन्य | ० | ० | |
| | **जम्मा** | **३१९** | **१००** | |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

गाउँपालिकाको प्रोफाइल, २०८१ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा ५६.४३ प्रतिशत घरधुरीमा साधारण किसिमको खाल्डे चर्पी प्रयोगमा भएको देखिन्छ। त्यस्तै ४१.६९ प्रतिशत घरधुरीमा चर्पी नभएको अवस्था देखिन्छ।

| क्र.सं. | शौचालय प्रकार | घरधुरी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | फ्लस भएको (सार्वजनिक ढल) | ४ | १.२५ | |
| २ | फ्लस भएको (सेप्टिक ट्याङ्क) | २ | ०.६३ | |
| ३ | साधारण | १८० | ५६.४३ | |
| ४ | चर्पी नभएको | १३३ | ४१.६९ | |
| ५ | उल्लेख नभएको | ० | ० | |
| | **जम्मा** | ३२० | १०० | |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

छार्का ताङसोङ गाउँपालिका पर्यटन र पशुपालनको उर्वरभूमिको रुपमा रहे पनि केही सामाजिक असमानता तथा विभेदका अझै देखिन्छ। यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसंख्यक वर्ग सामाजिक

तथा आर्थिक रुपले पछाडी परेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानव अधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिकास्तरीय योजनाले समेट्दै लैजानु पर्दछ । छार्का ताङसोङ गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ । जसअन्तर्गत छार्का ताङसोङ गाउँपालिकाले सामाजिक समावेशीकरणलाई शासन प्रणालीका सबै अवयवहरुमा मूल प्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै संस्थागत सुदृढीकरण गर्ने लक्ष्य लिएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिबद्धताहरु पूरा गर्ने गरी पिछडिएका वर्ग र समुदायको निर्णय प्रक्रिया तथा लाभको उपयोग सुनिश्चितता गर्ने उद्देश्य राखिएको छ ।

महिला, बालबालिका तथा अन्य लक्षित वर्गहरुका सशक्तीकरण र विकासको मूलप्रवाहमा ल्याई उनीहरुमा समेत समृद्धि ल्याउन योजनाबद्ध विकासका गतिविधिहरु गर्दै जानुपर्ने आवश्यकता देखिएको छ । गाउँपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिती, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवम् महिलाहरुले नेतृत्व गरिरहनुभएको व्यापार व्यवसायहरु सञ्चालनमा छन् जसलाई राम्रो पक्षको रुपमा हेरिएको छ ।

### २.३.५ युवा तथा खेलकुद

व्यक्तिको शारिरिक तन्दरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरु हाँसिल गर्न गाउँपालिकास्तरमा खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी व्यवहारमा उतार्न जरुरी छ ।

छार्का ताङसोङ गाउँपालिका भौगोलिक हिसाबले भिरालो र कठिन भएकोले खेल मैदानहरुको पर्याप्त विकास हुन सकेको छैन । गाउँपालिका क्षेत्रभित्र रहेका खेलमैदानहरुको वडागत विवरण तलको तालिकामा उल्लेख गरिकएको छ ।

| वडा नं. | खेलमैदान | हालको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | फुटबल मैदान | - निर्माणाधिन | |
| ६ | मुकोट खेल मैदान (३ रोपनी) | - विद्यार्थी तथा वडाबासीले प्रयोग गरिरहेको | |

| | | | |
|---|---|---|---|
| ६ | शेरी खेल मैदान (३.५ रोपनी) | - विद्यार्थी तथा वडाबासीले प्रयोग गरिरहेको | |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

## २.४ पूर्वाधार विकासको अवस्था

### २.४ १.बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नेपालको संविधानले अव्यवस्थित बसोबासलाई योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरणमैत्री तथा नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभुति गरेको छ । यस गाउँपालिकाको सार्वजनिक निर्माणको अवस्थालाई हेर्दा गाउँपालिकामा १ वटा घेराङ सामुदायिक भवन चालु अवस्थामा रहेको पाईन्छ । त्यस्तै गाउँपालिकामा जम्मा २ वटा धर्मशाला रहेको छ। जसमा वडा नं. १ को छार्का भोटमा रहेको मुलुङ धर्मशाला र ङायता धर्मशाला पर्दछन्।

छार्का ताङसोङ गाउँपालिकामा ९७.१८ प्रतिशत घरको छाना माटोको रहेको छ भने २.८२ प्रतिशत घरको छाना जस्ता/टिनको रहेको छ। जसको तथ्याङ्क विवरण तलको तालिकामा राखिएको छ।

| **क्र.सं.** | **घरको छानाको बनोट** | **संख्या** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| १ | जस्ता/टिन/च्यादर | ९ | २.८२ | |
| २ | सिमेन्ट ढलान | ० | ० | |
| ३ | माटो | ३१० | ९७.१८ | |
| ४ | अन्य | ० | ० | |
| | **जम्मा** | ३१९ | १०० | |

स्रोत: गाउँपालिकाको प्रोफाइल, २०८१

### २.४.२ सडक, पुल तथा यातायात

छार्का ताङसोङ गाउँपालिका दूर्गम हिमाली क्षेत्र भएको कारणले सडक सञ्जालको निर्माण चुनौतीपूर्ण रहेको छ । यस गाउँपालिकामा हालसम्म कालोपत्रे र ग्राभेल सडक निर्माण हुन सकेको छैन भने छिमेकी गाउँपालिका डोल्पोबुद्ध र छिमेकी जिल्ला मुस्ताङ्गको सिमाना सम्म जोड्ने र गाउँपालिका भित्रका सबै वडाहरु जोड्न १०० कि.मि. बराबर कच्ची सडक निर्माणाधीन अवस्थामा रहेको छ। कुनै राष्ट्रिय राजमार्ग नजोडिएको

भएतापनि गाउँपालिका भित्र १२५.६ किलोमिटर कच्ची सडक र ७५ किलोमिटर  मुल बाटो निर्माण कार्य सकिएको छ । यस गाउँपालिकाले छिमेकी जिल्ला मुस्ताङ्ग सिमाना लाई गाउँपालिका केन्द्र कागकोट सम्म जोड्ने मुस्ताङ-छार्का-भारबुङ-कागकोट सडक करिडोरलाई लाई गौरवको योजनाको रुपमा अगाडी बढाएको छ भने सडक सञ्जालको निर्माण कार्य यस गाउँपालिकाको प्रमुख प्राथमिकता भित्र रहेको छ ।

| क्र.सं. | सडकको वर्गीकरण | लम्बाई (कि.मि.) | सडकको औषत चौडाई (मि.) | सडकले सेवा पुगेका वडाहरु |
|---|---|---|---|---|
| १ | पक्की तथा कालोपत्रे | ० | | |
| २ | कच्च सडक | १२५.६ | ४ | वडा नं. १, २ र ३ मुस्ताङबाट |
| ३ | मुलबाटो | ७५ | २ | सबै |
| ४ | पी.सी.सी ढलान | ०.५ | ३.५ | कागकोट (४) |

स्रोत: गाउँपालिकाको प्रोफाईल, २०८१

गाउँपालिका भित्रका विभिन्न बस्तीहरुलाई जोड्न जम्मा ८ वटा झोलुङ्गे पुल र ट्रस ब्रीज बनेका छन् । झोलुङ्गे पुलहरुको विवरण तालिकामा दिइएको छ ।

| क्र.सं. | पुल/खोलाको नाम | दायाँ किनारा | बाँया किनारा | कैफियत |
|---|---|---|---|---|
| १ | कागकोट झोलुङ्गे पुल | कागकोट | कागकोट | |
| २ | पालिन्जा झोलुङ्गे पुल | पिम्री | कागकोट | |
| ३ | तेराङ झोलुङ्गे पुल | तेराङ | मुकोट | |
| ४ | बहुला खोला झोलुङ्गे पुल | ढाँडगाउँ | पुंगा | |
| ५ | ह्याली झोलुङ्गे पुल | पुंगा | ठिमेर | |
| ६ | छार्का ट्रस ब्रिज | छार्का | छार्का | |
| ७ | डाल्जाङ झोलुङ्गे पुल | छार्का | छार्का | |
| ८ | लेचुङ ट्रस ब्रिज | छार्का | छार्का | |

स्रोत: गाउँपालिकाको प्रोफाईल, २०८१

### २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

छार्का ताङसोङ गाउँपालिकामा हालसम्म वडा नं. १ छार्कामा ५० किलोवाटको सौर्य मिनि ग्रीड (८७ घरधुरी) र वडा नं. ६ मुकोटमा ७५ किलोवाटको मुकोट लघु जलविद्युत उत्पादन केन्द्र (१७२ घरधुरी) निर्माण

भएको छ। यसबाट १२४ ग्राहस्थ लाईन वितरण भईरहेको छ। यस बाहेक यहाँको घरधुरीहरुमा उज्यालोको प्रमुख स्रोत सोलार विद्युत नै हो। यस गाउँपालिकामा लघु जलविद्युत आयोजनाहरु लगायत वायु उर्जा प्रणाली जस्ता वैकल्पिक उर्जाको प्रयोग विस्तार गर्न आवश्यक रहेको छ।

**२.४.४ सूचना, सञ्चार तथा प्रविधि**

नागरिकको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्नै आम सञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। सूचना प्रविधिको युगमा प्रविधिको व्यापक प्रयोगबाट कानुन शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आतमसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ।

छार्का ताङसोङ गाउँपालिका भित्र **PSTN** टेलिफोन लाईन २ वटा, **ADSL** सेवा १ वटा, **Internet** सेवा १३ वटा र मोबाइल टावर ३ वटा रहेका छन्। सोही पूर्वाधारमार्फत गाउँपालिकाका सम्पूर्ण जनतालाई सञ्चार सुविधा पुग्दै आएको छ। हालको अवस्था भन्दा थप छिटो, छरितो र गुणस्तरीय सञ्चार सुविधा प्रवाह गर्न थप पूर्वाधारहरु निर्माण गर्दै जानुपर्ने आवश्यकता रहेको छ। गाउँपालिकाको प्रोफाइल, २०८१ को तथ्याङ्क अनुसार गाउँपालिकामा भित्र परिवारमा उपलब्ध साधन तथा सुविधाको आधारमा परिवार संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | साधनको प्रकार | घरधुरी | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कुनै पनि सुविधा नभएको घरपरिवार | १२ | ३.७५ | |
| २ | कम्तिमा एउटा सुविधा भएको घरपरिवार | ३०६ | ९५.६३ | |
| ३ | रेडियो सुविधा | - | - | |
| ४ | टेलिभिजन | ६ | १.८८ | |
| ५ | ल्याण्डलाइन टेलिफोन | १ | ०.३१ | |
| ६ | मोबाइल फोन | ३०६ | ९५.६३ | |
| ७ | स्मार्ट मोबाइल फोन | - | - | |
| ८ | कम्प्युटरल्यापटप/ | - | - | |
| ९ | इन्टरनेट सुविधा | २ | ०.६२ | |
| १० | कारभ्यान/जीप/ | - | - | |

| | | | | |
|---|---|---|---|---|
| ११ | मोटरसाइकलस्कुटर/ | ११३ | - | |
| १२ | साइकल | - | - | |
| १३ | विद्युतीय पंखा | | | |

स्रोत: गाउँपालिकाको प्रोफाईल, २०८१

# २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन

## २.५ १. वन क्षेत्रको स्थिति

यस गाउँपालिकामा कुल क्षेत्रफलको झण्डै ९४.१६ प्रतिशत भू-भागमा वनजंगल तथा चरन क्षेत्र रहेको छ । गाउँपालिकाभित्र ३ वटा सामुदायिक वन ५६२ हेक्टर क्षेत्रफलमा रहेको छ भने अन्य सरकारी वन ८९ हेक्टर क्षेत्रफलमा रहेको छ ।

## २.५.२ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### २.५.२.१ हावापानी तथा वातावरण

समुद्र सतहदेखि १५२५ मिटर देखी ७७५४ मिटर सम्मको उचाईमा अवस्थित यस छार्का ताङसोङ गाउँपालिकाको उच्च हिमाली क्षेत्रमा पर्दछ । यहाँ ठण्डा शितोष्ण, चिसो शितोष्ण र न्यानो आद्र शितोष्ण किसिमको हावापानी रहेको छ । यहाँको वार्षिक औसत तापक्रम अधिकतम +२०.३ सेल्सियस र न्यूनतम तापक्रम -१० सेल्सियस सम्म रहेको छ । वार्षिक औसत वर्षा ११२० मि.लि. रहेको छ ।

### २.५.२.२ जलश्रोत तथा जलाधार क्षेत्र

छार्का ताङसोङ गाउँपालिका जलश्रोतको दृष्टिले धनी रहेको छ । यहाँ जम्मा ७ वटा खोला तथा नदीहरु छन् भने १५ वटा ताल तलैयाहरु रहेका छन् । यस गाउँपालिकाक्षेत्र भित्र पर्ने प्रमुख खोला, नदी तथा ताल तलैयाहरुको विवरण तलको तालिकामा दिइएको छ ।

| वडा नं. | प्रमुख खोला, नदि तथा ताल तलैयाहरु | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | भेरी नदि | | |
| २ | चोनाङ्ग खोला | | |
| ३ | टनक खोला | | |
| ४ | धुकोट खोला | | |
| ५ | सिदिङ्ग खोला | | |
| ६ | पुंगा खोला | | |

| | | | |
|---|---|---|---|
| ७ | पिम्री खोला | | |
| ८ | वाङबुर ताल | १ | |
| ९ | याक ताल | १ | |
| १० | ख्योकलुङ ताल | १ | |
| ११ | ग्याम्बु ताल | १ | |
| १२ | डाक्नाक ताल | १ | |
| १३ | छार्का किरफुक ताल | १ | |
| १४ | चाक्छु ताल | २ | |
| १५ | छोमेन ताल | ३ | |
| १६ | घाठलाङ ताल | ३ | |
| १७ | छुक्रिन ताल | ५ | |
| १८ | पुथा ताल | ४ | |
| १९ | रोमजेन ताल | २ | |
| २० | छोलुवाल ताल | १ | |
| २१ | छोमारु ताल | १ | |
| २२ | काङढालाङ ताल | ३ | |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

### २.५.३ विपद्को स्थिति

यस गाउँपालिकामा विभिन्न किसिमका प्राकृतिक प्रकोपहरुबाट जोखिम रहेको छ। गाउँपालिकामा विपद् व्यवस्थापन समिति बनेको छ तर विपद् व्यवस्थापन पूर्व तयारी योजना बन्न सकेको छैन। वर्षेनी गाउँपालिकाले विपद्को लागि बजेट विनियोजन गर्ने गरेको छ। भेरी नदी तथा अन्य खोलाहरुमा आउने बाढी तथा पहिरो जस्ता प्रकोपहरुले वर्षेनी क्षती पुर्याइरहेको अवस्था छ। गाउँपालिकाको केन्द्र समेत रहेको कागकोटमा भेरी नदीको बहाब लाई नियन्त्रण गर्न तटबन्धन निर्माणको योजना गाउँपालिकाले अघि सारेको छ। यस्तै अन्य जोखिमयुक्त स्थानहरुमा समेत विपद् जोखिम न्यूनिकरणका आयोजनाहरु सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

संविधानद्वारा नै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने प्रतिबद्धता जारी भएकोले हरेक स्थानीय तह सुशासन स्थापनाका लागि जिम्मेवार रहेको छ। त्यस्तै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ मा भएको व्यवस्था अनुसार संविधान र प्रचलित कानुनहरुमा भएका व्यवस्थाहरुको अलवा राष्ट्र र जनताको वृहत्तर हित, समन्याय र समावेशीकरण, कानुनको शासन, मानव अधिकारको प्रत्याभूति, पारदर्शिता जवाफदेहिता, वस्तुनिष्ठता, ईमान्दारिता, आर्थिक अनुशासन एवं भ्रष्टचारमुक्त, चुस्त र जनमुखी प्रशासन, तटस्थता, निष्पक्षता, प्रशासनिक सन्यन्त्र र निर्णयमा सर्वसाधारणको पहुँच, विकेन्द्रीकरण र अधिकार निक्षेपण, जनसहभागिता तथा स्थानीय स्रोतहरुको अधिकतम् उपयोग आदिलाई ध्यानमा राखी कार्य सम्पादन गर्नुपर्ने अनिवार्यता छ। यी सुशासनका मुख्य मान्यताहरुलाई व्यवहारमा ल्याई सुशासनयुक्त समाज स्थापना गर्नका लागि गाउँपालिकाले स्थानीय ऐन तथा कार्यविधिहरु तर्जुमा गरी सबै स्थानीय सरकारी निकाय तथा सम्बद्ध सरोकारवालाहरुमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ।

### २.६.२ संगठनात्मक विकास र आर्थिक प्रशासन

संविधानतः गाउँपालिकाको काँधमा रहेका जिम्मेवारीहरुलाई कार्यान्वयन गर्नका लागि आफ्नो संगठनात्मक संरचना र प्रणालीमा सुधार गर्ने गतिविधिहरु निरन्तररुपमा भैरहेका छन्। संगठनात्मक विकासका प्रयासहरुको बावजुद पदाधिकारी र कर्मचारीमा संगठनात्मक विकासको अवधारणा विकास भइनसकेको अवस्था देखिन्छ। पदाधिकारीहरुमा स्थानीय सरकार संचालनका लागि ज्ञानमा कमी महसुस भईरहेको छ। गाउँपालिकामा कार्यरत रहेका कर्मचारीहरुमा पेशागत तथा प्राविधिक ज्ञान, सीप र अभिप्रेरणामा अन्तर देखिएको छ। स्थानीय शासन प्रक्रियामा नागरिकहरुको अर्थपूर्ण सहभागिताका लागि क्षमता विकास भई नसकेको अवस्था रहेको छ। गाउँपालिकामा शाखागत तथ्याङ्क आधारभूत अद्यावधिक अवस्थामा व्यवस्थापन भएको छैन। गाउँपालिकाले तर्जुमा गरेका कानुनहरुको प्रभावकारी कार्यान्वयन हुन बाँकी नै देखिन्छ। यी क्षेत्रहरुमा गाउँपालिकाले धेरै कार्यहरु गर्नपर्ने आवश्यकता रहेको छ।

### २.६.३ स्रोत परिचालन

नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था गरिएको एकल राजस्व अधिकार र अनुसूची ९ मा व्यवस्था भएको साझा राजस्व अधिकारबाट गाउँपालिकालाई आय प्राप्त हुन्छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार बाँडफाँट भई आउने राजस्वको साथै समानीकरण तथा अन्य किसिमका अनुदानहरु वर्षेनी तोकिएबमोजिमको रकम तोकिएको विधिबाट प्राप्त हुन्छ। एकल अधिकार अन्तरगतका राजस्वका स्रोतहरुको खोजी, सुधार र वृद्धि गरी आन्तरिक आयमा बढोत्तरी ल्याउन सकिन्छ। त्यस्तै अनुसूची-९ अन्तर्गतका तर स्थानीय तहले संकलन गरी आफ्नो अंश लिन पाउने आयको पनि संघ र सम्बन्धित प्रदेशसंगको सहमति/स्वीकृतिमा संकलन तथा व्यवस्थापन गर्न सक्दछ। यसर्थ, गाउँपालिकाको आन्तरिक आयको क्षेत्रमा देखिएका सम्भावना र सवालहरुको विश्लेषण गरी उपयुक्त कार्यक्रमहरु पहिचान गरिएको छ।

अर्को तर्फ, गाउँपालिकालाई प्राप्त हुने आयको कानुनी दायरा र स्थानीय आवश्यकता हेरी विनियोजन तथा लगानी गर्नुपर्ने हुन्छ। बजेटको विनियोजन तथा लगानी गर्ने कार्य अधिक संवेदनशील हुनाले यस क्षेत्रमा योजनाबद्ध तरिकाबाट कार्य गर्ने तयारी गर्नुपर्छ। संघ र प्रदेशका आवधिक तथा वार्षिक योजनाका प्राथमिकताहरुलाई समेटेर स्थानीय विकासका गतिविधिहरु सञ्चालन गर्न नीतिगत व्यवस्था, आवधिक योजना, मध्यमकालीन खर्च संरचना जस्ता तयारी गर्न जरुरी हुन्छ। यिनै कुराहरुलाई मध्यनजर गरी योजना व्यवस्थापनका क्षेत्रमा रहेका सवालहरु विश्लेषण गर्न र सोको लागि आवश्यक रणनीति तथा कार्यनीति तर्जुमा गर्ने र योजना तथा कार्यक्रमहरु पहिचान गरि समावेश गर्ने कार्य भएको छ। परिमार्जन गर्ने कार्यमा निरन्तरता रहेको छ।

# परिच्छेद – ३

# सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

योजनाबद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले विकास प्रयासहरुलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रुपरेखा तयार गर्न मार्ग प्रशस्त गर्नेछ । छार्का ताङसोङ गाउँपालिकाको आवधिक योजनाले स्थानीय नागरिक  र स्थानीय स्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्न सहायता गर्नेछ । यो योजना विकास र समृद्धिको रुपरेखा मात्र नभएर गाउँपालिका क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृति बीचको तालमेलको रुपरेखा पनि हुनेछ । स्थानीय आवश्यकता, अग्रणी क्षेत्र र राष्ट्रिय एवम् प्रादेशिक विकास लक्ष्य हाँसिल गर्न तथा विकासका सरोकारवालाहरुको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्वपूर्ण हुनेछ ।

आवधिका योजना तयार गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादम्यता हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्नुपर्ने भनिएको छ । आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै स्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रुपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

छार्का ताङसोङ गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । दीर्घकालीन सोचलाई गाउँपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रुपमा समेत लिन सकिन्छ । दीर्घकालीन सोचले गाउँपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । नेपालको संविधानको व्यवस्था र भावनालाई हृदयङ्गम गरी नेपाल सरकारले योजनाबद्ध रुपमा **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हाँसिल गर्न

वि.सं. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ। अर्को तर्फ वि.सं. २०८३ (सन् २०२६) मा नेपाललाई अतिकम विकसितबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरु हाँसिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरिएको छ।

त्यसैगरी, कर्णाली प्रदेशले पनि प्रदेशको दीर्घकालीन सोचको आधारको रुपमा आएको प्रथम पञ्चवर्षीय योजनाको अभ्यास, उपलब्धि र सिकाइलाई मध्यनजर गर्दै योजनाको सोच **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** तय गरेको छ। कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/०७७-२०८०/०८१) सम्पन्न भई दोस्रो प्रदेशस्तरीय आवधिक योजना तर्जुमा गर्ने कार्य अन्तिम चरणमा रहेको छ। यसरी संघ र प्रदेश सरकारको लक्ष्यमा योगदान पुर्‍याउने गरी छार्का ताङसोङ गाउँपालिकाको दीर्घकालीन सोच तय गरिएको छ। स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा छार्का ताङसोङ गाउँपालिकाको दीर्घकालीन सोच तयार पारिएको छ। र सोही सोचका साथ लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरु सहित कार्यक्रमहरु तय गरेको छ। यस आवधिक योजना तर्जुमा गर्दा स्थानीय भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य मान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषणका आधारमा गरिएको छ।

## ३.२ प्रमुख सम्भावना र अवसरहरु

### ३.२.१ प्रमुख अवसरहरु

क) जिल्ला सदरमुकाम दुनै देखि सडक सञ्जालको विस्तार गरी गाउँपालिकाको केन्द्र हुँदै मुस्ताङ्ग जिल्लाको कागबेनी सम्म सडक निर्माण गर्न सकिने।

ख) सडक सञ्जालको विकाससँगै यातायातको उचित सेवा विस्तार गर्न सकिने।

ग) सडक सञ्जाल र पर्यटकीय मार्गहरुको विकास गरी पर्यटकहरुको आगमनमा वृद्धि भई होटल व्यवसाय, होम-स्टे, पर्यटन ढुवानी सेवाहरुको विस्तार गर्न सकिने।

घ) धार्मिक हिसाबले महत्व बोकेका धार्मिक तिर्थस्थल, भेषभूषा र संस्कृतिको प्रचार प्रसार गर्न सकिने।

ङ) यस क्षेत्रका नागरिकहरुको मुख्य पेशा पशुपालन रहेकोले पशुजन्य उत्पादनको बजारीकरण गरी आम्दानी बढाउन र बेरोजगारी हटाउन सकिने।

च) सडक सञ्जालको विकास र विस्तार सँगै प्रचुर मात्रामा उपलब्ध रहेको जलश्रोतहरुको बहुउपयोग गर्न सकिने।

### ३.२.२ प्रमुख सम्भावनाहरु

क) पशुपालन: यस गाउँपालिकाका स्थानीयबासीहरुको प्रमुख आयश्रोत नै पशुपालन हो । यस गाउँपालिका भित्र ८९ हेक्टर जमिन वन क्षेत्र र ७४१४१ हेक्टर जमिन घाँसे चरन क्षेत्र रहेकोले पशुपालनको प्रचुर सम्भावना रहेको छ । म्याङलुङ भेडा पालन गरी उन र मासुको उत्पादन गर्न सकिन्छ भने च्याङ्ग्रा र बाख्रापालन गरी मासु उत्पादन गर्न सकिन्छ । त्यस्तै गाई, चौरी आदि पालन गरी दुध, घिउ, छुर्पी, चीज, नौनी जस्ता खाद्य पदार्थहरु उत्पादन गरी आम्दानी बढाउन सकिन्छ । यसका साथै यस क्षेत्रमा पाईने भोटे कुकुरको व्यवसायिक उत्पादन पनि गर्न सकिन्छ ।

ख) कृषि: यस क्षेत्रमा उत्पादन हुने प्रमुख कृषि बालिहरुमा सिमी, आलु, स्याउ, ओखर, चिनो धान, हिमाली लसनु, प्याज, बरेला आदि हुन् । सिंचाईको प्रबन्ध गरी कृषिमा आधुनिकीकरण गरे यी कृषि बालीहरुको उत्पादन वृद्धि गरी आम्दानी बढाउन सकिने सम्भावना रहेको छ ।

ग) पर्यटन: यस पालिका भित्र पुथा हिमाल देखि विश्वमा नै अग्लो स्थानमा रहेको मानव बस्ती छार्का भोट समेत रहेको छ । यसका साथै थुप्रै हिमश्रंखला तथा ताल तलैयाहरु समेत रहेका छन् । भर्खरै मात्र पत्ता लागेको विश्वकै सबैभन्दा उचाईमा रहेको वाङबुर ताल यसै पालिका भित्र पर्दछ । यस क्षेत्रको ३८७९ हेक्टर जमिन हिमक्षेत्रले ढाकिएकोले मनोरम दृश्यावलोकन गर्न सकिन्छ । बौद्ध धर्म, हिमाली भेषभुषा र संस्कृतिले भरपुर सजिएको यस पालिकामा यिनै विषयहरुको प्रचार प्रसार र पूर्वाधार निर्माण गर्न सके पर्यटन एउटा प्रमुख संभावनाको श्रोत हुन सक्छ ।

घ) सडक तथा यातायात: यस गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको सडक जिल्ला सदरमुकाम देखि छिमेकी जिल्ला मुस्ताङ्ग जोड्ने सडक सहित अन्य ग्रामिण सडक सञ्जाल तथा पैदल मार्गहरुको विकास गर्न सके आर्थिक गतिविधिमा बढोत्तरी हुने सम्भावना रहेको छ । त्यस्तै सडक सञ्जालको विकास सँगै डोल्पा जिल्लाको सदरमुकाम दुनै देखि कागकोट छार्का हुँदै र डोल्पोबुद्ध गाउँपालिकाको धो देखि छार्का हुँदै मुस्ताङको जोमसोम लगायत पोखरा काठमाण्डौं सम्मको यातायात सुविधा प्राप्त गर्न सकिने सम्भावना रहेको छ ।

ङ) सीप तथा तालिम: यस गाउँपालिकामा दक्ष जनशक्तिको अभाव भएकोले सिकर्मी, डकर्मी, प्लम्बर, इलेक्ट्रिसियन, मेकानिक आदि जस्ता सीप तथा तालिम आर्जन गरी थुप्रै रोजगारीको अवसरहरु प्राप्त गर्न सकिन्छ ।

च) उद्योग: परम्परागत सीपमा आधारित घरेलु उद्योगहरुको स्थापना गरी राडी, पाखी, लिउ, फेरे, कम्बल, पटुका, चौँरीपट जस्ता बस्तुहरुको उत्पादन गरी आम्दानी बढाउन सकिन्छ।

## ३.३ प्रमुख समस्या तथा चुनौतीहरु

छार्का ताङसोङ गाउँपालिकाको समग्र विकासमा देहायका चुनौतिहरु रहेका छन्:

### ३.३.१ प्रमुख समस्याहरु

क) दीर्घकालीन सोचका साथ योजनाबद्ध विकासको अभ्यासमा कमी रहनु,

ख) कमजोर शैक्षिक पूर्वाधारहरु भएका कारण शिक्षाक्षेत्रमा अपेक्षाकृत विकास हुन नसक्नु,

ग) स्थानीय विद्यार्थीहरु औपचारिक शिक्षा भन्दा बढि विभिन्न धार्मिक शिक्षामा बढी आकर्षित हुनु,

घ) सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्न कठिनाइ हुनु र विद्यालय उमेरका बालबालिका घट्दै जानु,

ङ) पर्याप्त स्वास्थ्य सुविधाहरु उपलब्ध नहुनु,

च) विशेषज्ञ जनशक्ति तथा पर्याप्त उपकरण सहितको स्वास्थ्य संस्थाहरुको अभाव हुनु,

छ) कृषि तथा पशुपालनको क्षेत्र अझै परम्परागत तथा निर्वाहमुखी अवस्थामै रहनु,

ज) कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण तथा उचित भण्डारणको व्यवस्था नहुनु,

झ) सिँचाई पूर्वाधार पर्याप्त नहुनु र भएका सिँचाई पूर्वाधार समेत समयमा मर्मत सम्भार हुन नसक्नु,

ञ) गुणस्तरीय, भरपर्दो र नियमित खानेपानी आपूर्ती हुन नसक्नु,

ट) पर्यटकीय पूर्वाधार विकासमा कमी भई पर्यटनमा अपेक्षाकृत विकास हुन नसक्नु,

ठ) लैंगिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा अपेक्षाकृत प्रगति हुन नसक्नु,

ड) सचेतनामा कमी भई धुम्रपान, मद्यपान लगायतका सामाजिक विकृतिहरु यथावत् रहनु,

ढ) दिगो भौतिक पूर्वाधारको अवधारणा विकास भै लागू नहुनु,

ण) भु-क्षय र पहिरो आदि प्रकोपको समस्या रहेको,

त) विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षणका लागि संस्थागत संरचना तयार नहुनु।

### ३.३.२ प्रमुख चुनौतीहरु

क) भौगोलिक विकटता र हावापानीको विषमताका कारण पूर्वाधारहरुको विकासमा कठिनाई हुनु,

ख) परम्परागत सोचको कारणले आधुनिक पूर्वाधारको निर्माण र भएका पूर्वाधारहरुको सदुपयोग गर्न कठिनाई हुनु,

ग) राज्यको न्यून लगानी र यस क्षेत्रको न्यून आन्तरिक आम्दानीका कारणले पूर्वाधार निर्माणमा ढिलाई हुनु,

घ) नीति, कार्यक्रम तथा बजेटमा तादम्यता हुन नसक्नु तथा पञ्चवर्षिय आवधिक योजना अनुसार वार्षिक बजेट तयार नहुनु,

ङ) स्थानीय स्तरमा शिक्षित र दक्ष मानव संसाधनको अभाव हुनु,

च) कृषि प्रणालीलाई आधुनिकीकरण गर्नु चुनौतीपूर्ण हुनु,

छ) फैलिएर रहेको बस्तीहरुको कारण समयबद्ध अनुगमन र मूल्यांकन गर्न चनौतीपूर्ण हुनु,

ज) बजेट विनियोजन र निकासा समयमा नै नहुन,

## ३.४ निर्देशक सिद्धान्त

यस गाउँपालिकाको स्थानीय सम्भावना र आवश्यकतालाई मध्यनजर गरी यस आवधिक योजनाका लागि केही महत्वपूर्ण निर्देशक सिद्धान्तहरु तयार गरिएको छ। उक्त सिद्धान्तहरु देहायअनुसार दिइएको छः

क) कृषि, वन, खनिज र पर्यटनलाई गाउँपालिकाको अग्रणी क्षेत्रका रुपमा स्थापना,

ख) स्थानीय पेशा तथा व्यवसाय विकास गरी घरघरमा रोजगारी सिर्जना,

ग) आधारभूत स्वास्थ्य र शिक्षामा गुणस्तर तथा नागरिकहरुको पूर्ण पहुँच,

घ) शतप्रतिशत घरपरिवारलाई स्वच्छ खानेपानीको उपलब्धता,

ङ) महिला, बालबालिका तथा अन्य लक्षित वर्गहरुलाई विकासमा पहिलो प्राथमिकता,

च) स्थानीय संस्कृति संरक्षण र सांस्कृतिक सहिष्णुताको प्रवर्द्धन,

छ) सबै घरधुरीलाई सडक तथा यातायात सुविधाको पहुँच सुनिश्चितता,

ज) वन तथा जैविक विविधतामा लगानी र सोको सन्तुलित उपयोग,

झ) वातावरण बचाऔं र फोहोरलाई सही उपयोग गरौं,

ञ) विपद् न्यूनीकरण र प्रतिकार्यमा पूर्वतयारी गरौं,

ट) सुशासन मार्फत दीगो शान्तिको परिकल्पना गरौं।

## ३.५ आवधिक योजनाको दीर्घकालीन खाका

छार्का ताङसोङ गाउँपालिकाको सुनौलो भविष्य तयार गर्नका लागि दिगो विकास लक्ष्य, सोह्रौँ राष्ट्रिय योजनाका प्राथमिकताहरु, नेपालको दीर्घकालीन सोच र कर्णालीको प्रदेश सरकारको आवधिक विकास योजनाले लिएका देहाय बमोजिमका आ-आफ्ना दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य सँग तादम्यता हुने गरी छार्का ताङसोङ गाउँपालिकाको आवधिक विकास योजना तयार गरिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व, राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत शाखा तथा विकास सरोकारवालाहरुको सहभागितामा छार्का ताङसोङ गाउँपालिकाको समग्र विकास प्रकृयालाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यले दिर्घकालीन खाका तयार गरिएको छ । यस योजनाको दीर्घकालीन खाकामा गाउँपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, समग्र उद्देश्यहरु, समग्र परिमाणात्मक लक्ष्य, नीति, रणनीति र कार्यक्रमहरु समेटिएका छन् ।

### ३.५.१ दीर्घकालीन सोच

**" पशुपालन, जडिबुटी, पर्यटन र जलस्रोत छार्का ताङसोङको आधार: सुशासन, समृद्धि, मौलिकता र आधुनिक पूर्वाधार "**

### ३.५.२ समष्टिगत लक्ष्य

कृषि, वन, पर्यटन र पूर्वाधारको विकास गरी छार्का ताङसोङ बासी नागरिकहरुलाई आर्थिक रुपमा समृद्ध, सामाजिक रुपमा सुसंस्कृत  र प्रशासनिक रुपमा समतामुलक समावेशीता तथा सार्वजनिक सेवा सुविधामा समान पहुँचयुक्त गाउँपालिकाको स्थापना गर्ने ।

### ३.५.३ समष्टिगत उद्देश्य

यस आवधिक योजनाको दीर्घकालीन सोच र लक्ष्यलाई सफलतापूर्वक हाँसिल गर्नका लागि देहायअनुसारका मुख्य उद्देश्यहरु रहेका छन्:

क) उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु,

ख) गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको पहुँचको सुनिश्चितता गरी सामाजिक विकासमा सशक्त पालिका निर्माण गर्नु,

ग) गाउँपालिकाभित्र सुरक्षित, व्यवस्थित, विपद् उत्थानशिल सिँचाई, सडक, पुल, वस्ती, खानेपानी, उर्जा, सञ्चार तथा सूचना प्रविधि आदिका पूर्वाधारहरु विकास गरी आर्थिक तथा सामाजिक विकासको आधार तयार गर्नु,

घ) गाउँपालिका क्षेत्रभित्रका वन, चरन क्षेत्र तथा जैविक विविधतालाई संरक्षण र सन्तुलित उपयोग, खानी तथा खनिजको दीगो उपयोग र व्यवस्थापन गर्दै, वातावरण संरक्षण, जलवायु अनुकुलन र विपद् व्यवस्थापनमा लगानी बढाई नागरिकहरुको जीवन सुरक्षा तथा सन्तुलित जीवनको सुनिश्चितता अभिवृद्धि गर्नु,

ङ) सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हाँसिल गर्नु ।

## ३.६ परिमाणात्मक लक्ष्य

यस आवधिक विकास योजनाको परिमाणात्मक लक्ष्यहरु देहायअनुसार रहेका छन्:

तालिका १३: समग्र परिमाणात्मक लक्ष्य

| क्र सं | सूचक लक्ष्य/ | एकाई | आधार वर्ष २०८०/०८१ | लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | योजनाको लक्ष्य २०८६/८७ | दिगो विकासको लक्ष्य २०८७ | दिर्घकालिन लक्ष्य २१०० |
| १ | मानव विकास सूचांक | | ०.४४७ | ०.५ | ०.७ | ०.६२४ |
| २ | मानव सम्पत्ति सूचांक | | ०.९३ | ०.९३ | ०.७५ | ०.९० |
| ३ | लैङ्गिक समता सूचांक | | ०.९०४ | ०.९१० | ०.७ | ०.९३ |
| क | आर्थिक विकास | | | | | |
| १ | समष्टिगत प्रमुख आर्थिक लक्ष्य | | ४.७ | १४.९ | १० | १५ |
| २ | कुल ग्राहस्थ उत्पादन | प्रतिशत | ५ | १० | १५ | १४ |
| ३ | प्रतिव्यक्ति आम्दानी दर | अमेरिकी डलर | ६४०.७७ | १००० | ३२१३ | ६५०० |
| ४ | प्रतिव्यक्ति आय क्रय समानता शक्तिको आधारमा | अमेरिकी डलर | ६४०.७७ | १००० | ५८६७ | ७६०० |
| ५ | बचत र ग्राहस्थ उत्पादन अनुपात | प्रतिशत | ३३ | ३८ | ४० | ४५ |
| ६ | लगानी र ग्राहस्थ उत्पादन अनुपात | प्रतिशत | २८ | ३० | ३५ | ४० |
| ७ | प्रतिव्यक्ति विप्रेषण | रुपैंया | २६२५.२९ | ४५०० | १०००००० | २०००००० |
| ८ | निरपेक्ष आर्थिक गरिबीको रेखामुनी | प्रतिशत | ५७ | २० | १८ | १८.७ |
| ९ | कृषि क्षेत्रको आर्थिक वृद्धदर | - | ५ | ७ | ९ | १० |
| १० | उद्योग समुह क्षेत्रको आर्थिक वृद्धि दर | - | ७ | १० | १५ | २० |
| ११ | सेवा क्षेत्रको आर्थिक वृद्धि दर | - | ७ | १५ | २५ | ३० |
| १२ | प्रति व्यक्ति खाद्यान्न उपलब्धता | के.जि. | ५६४ | ७०० | ४९४ | ८०० |
| ख | सामाजिक विकास | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | जन्मदाको सरदर आयु | वर्ष | ६७.३ | ७० | ८१ | ८५ |
| २ | मातृ मृत्यु दर | प्रतिलाख | २३९ | २०० | ७० | ४० |
| ३ | नवजात शिशु मृत्युदर | प्रति १००० जीवित जन्म | ४७ | १० | ३ | २ |
| ४ | बाल मृत्युदर | प्रति १००० जीवित जन्म | २५ | २० | १५ | ५ |
| ५ | साक्षरता दर | ५ वर्ष माथिको | ४५.८८ | ७० | १०० | १०० |
| ६ | जनसंख्या वृद्धिदर | प्रतिशत | ०.७१ | ०.७१ | १ | ०.८ |
| ७ | आधारभूत खानेपानी लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० |
| ग | पूर्वाधार तर्फ लक्ष्यहरु | | | | | |
| १ | कालो पत्रे पक्की सडक | कि.मि | - | ३० | | |
| २ | विद्युत सेवा पुगेको जनसंख्या | प्रतिशत | - | ५० | १०० | १०० |
| ३ | ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका घर परिवार | प्रतिशत | ३० | ६० | ९८ | ९९ |
| घ | वन वातावरण र विपद् व्यवस्थापन | | | | | |
| १ | सामुदायिक तथा कबुलियती वनवाट लाभान्वित जनसंख्या | प्रतिशत | - | १०० | - | - |
| २ | उर्जा उपभोगमा नविकरणीय उर्जाको अनुपात | प्रतिशत | - | ५० | - | - |
| ३ | विपद् घट्नावाट प्रभावित परिवार संख्या | संख्या | | | | |
| ङ | सुशासन तथा संस्थागत विकास | | | | | |
| १ | संस्थागत क्षमता प्राप्ताङ्क )LISA) | प्रतिशत | ७२.५ | ९८ | - | - |
| २ | लैंससास परीक्षण प्राप्ताङ्क )GESI Audit) | प्रतिशत | - | ८० | - | - |
| ३ | नागरिक सन्तुष्टिको सूचकाङ्क | सूचकाङ्क | - | | - | - |
| ४ | वित्तीय जोखिम मूल्यांकन प्राप्ताङ्क (FRA) | प्रतिशत | ६३.५ | ९५ | - | - |

## ३.७ रणनीति तथा कार्यनीतिहरु

यस गाउँपालिकाको आवधिक विकास योजनाको अवधिभित्र देहायअनुसारका समग्र रणनीति तथा कार्यनीतिहरु तय गरिएको छः

तालिका १४: समग्र रणनीति तथा कार्यनीतिहरु

| उद्देश्य १ | **उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु।** | | | |
|---|---|---|---|---|
| **रणनीति नं** | **रणनीति** | **कार्यनीति नं** | **कार्यनीति** | **SDG संकेत** |
| **१.१** | परामपरागत कृषि तथा पशुपन्छीपालनलाई व्यावसायीकरण तथा आधुनिकीकरण गर्न सहयोग गरिनेछ। | १.१.१ | पशुपालनलाई दीगो र व्यवसायिक बनगाउनका लागि कृषकहरुलाई तालिम, अनुदान, पुँजी र बजारीकरण आदिमा सहायत गरिनेछ। | २ |
| | | १.१.२ | गाउँपालिकामा सम्भाव्य खाद्यान्न, तरकारी, फलफुल आदिको प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। | २ |
| | | १.१.३ | कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्नका लागि "जहाँ कृषक, त्यहाँ कृषि प्राविधिक" अवधारणालाई लागु गर्दै स्थलगत रुपमै कृषकहरुलाई कृषि सम्बन्धी ज्ञान, सीपका साथै प्राविधिक सहायत प्रदान गरिनेछ। | २ |
| | | १.३.४ | गाउँपालिका क्षेत्र भित्र बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्न "एक गाउँ, एक ग्रीन हाउस टनेल" कार्यक्रम सञ्चालन गरिनेछ। | |
| **१.२** | यस गाउँपालिकामा पर्यटन सम्भाव्य क्षेत्रहरुमा पूर्वाधार विकास तथा प्रवर्द्धन गरी दिगोरुपमा स्थानीय रोजगारी तथा आय वृद्धि गर्ने कार्य गरिनेछ। | १.२.१ | गाउँपालिकामा रहेका पर्यटकीय सम्भावनाहरुको खोजी गरी पूर्वाधार निर्माणमा जोड दिइनेछ। | |
| | | १.२.२ | पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसार तथा पर्यटन शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। | |
| **१.३** | स्थानीय नागरिकहरुलाई सहकारीमा पहुँच तथा क्रियाशीलता बढाउनका लागि सहकारी नियमन गर्न स्थानीय ऐन तथा कार्यविधि तर्जुमा, सहकारीहरुको अनुगमन तथा क्षमता विकासमा सहयोग गरिनेछ। | १.३.१ | सबै किसिमका सहकारीको सुव्यवस्थापन गर्नका लागि सहकारी सम्बन्धी स्थानीय ऐन तथा कार्यविधि तर्जुमा गरी लागू गरिनेछ। | १ |
| | | १.३.२ | सहकारीहरुको दर्ता र नियमितरुपमा नवीकरण गराउने र सहकारी तथ्याङ्क प्रणालीलाई सूचारु गर्ने कार्य गरिनेछ। | १ |
| | | १.३.३ | सहकारीहरुको नियमन गर्नका लागि सहकारी इकाई स्थापना गरी अनुगमन, सुपरिवेक्षण र क्षमता विकासका कार्यहरु गरिनेछ। | १ |

| | | | | |
|---|---|---|---|---|
| **१.४** | गाउँपालिकामा सञ्चालनमा रहेका सिँचाइ कुलोहरुको सुचारु सञ्चालन तथा थप सिँचाइका स्रोतहरुको पहिचान गरी निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। | १.४.१ | गाउँपालिकामा सञ्चालनमा रहेका सिँचाइ कुलोहरुको नियमितरुपमा मर्मतसम्भारको लागि कार्यक्रमहरु राखी कार्यान्वयन गरिनेछ। | २ |
| | | १.४.२ | मझौला र ठूला सिंचाई आयोजनाहरुलाई नयाँ प्रविधिमा आधारित सिँचाई आयोजनाको रुपमा कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गरिनेछ। | २ |
| **१.५** | स्थानीय परिवेशमा मिल्ने किसिमका लघु, घरेलु तथा साना उद्योगहरुको पहिचान, विस्तार र सञ्चालनका लागि प्रवर्द्धनात्मक कार्यहरु गरिनेछ। | १.५.१ | कृषि तथा पशुजन्य उपजमा आधारित साना उद्योगहरु सञ्चालनका लागि सीप तालिम तथा प्रविधि सहयोग गरिनेछ। | ८ |
| | | १.५.२ | कृषि तथा पशुपन्छी क्षेत्रका व्यवसायहरुलाई नियमित रुपमा प्राविधिक सहयोग गर्ने जनशक्ति उत्पादनमा लगानी गरिनेछ। | ८ |
| | | १.५.३ | व्यवसाय सुरु गर्न इच्छुक र व्यवसाय सञ्चालन गरिरहेका उद्यमीहरुलाई उद्यमशीलता र व्यवसायिक सीप तालिम उपलब्ध गराइनेछ। | ८ |
| | | १.५.४ | स्थानीय उद्योगहरुबाट उत्पादन भएका उपजहरुलाई गाउँपालिकाको कार्यालय तथा अन्य कार्यालयहरुका उपभोगका लागि प्रोत्साहन गरिनेछ। | ८ |
| | | १.५.५ | उद्योग व्यवसायहरुमा उपयुक्त प्रविधि जडान र नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ। | १७ |
| **१.६** | मजदुर तथा लक्षित वर्गहरुका लागि श्रम रोजगारी संरक्षण र सामाजिक सुरक्षाको व्यवस्था मिलाइनेछ। | १.६.१ | श्रम बैङ्कको स्थापना गरी श्रमिकहरुको क्षमता विकास, हित कोष स्थापना र श्रमिक तथ्याङ्क व्यवस्थापन जस्ता कार्यहरु गरिनेछ। | ८ |
| | | १.६.२ | सबै सीपालु वा कोरा मजदुरहरुको लगत अद्यावधिक गर्ने र गाउँपालिकाबाट परिचयपत्र उपलब्ध गराइनेछ। | ८ |
| **उद्देश्य २** | **गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको पहुँचको सुनिश्चितता गरी सामाजिक विकासमा सशक्त पालिका निर्माण गर्नु।** | | | |
| **रणनीति नं** | **रणनीति** | **कार्यनीति नं** | **कार्यनीति** | **SDG संकेत** |
| **२.१** | नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा | २.१.१ | विशेषज्ञ सेवा सहितको गाउँ अस्पताल सञ्चालन गरिनेछ। | ३ |

| | | | | |
|---|---|---|---|---|
| | सुनिश्चित गर्नका लागि दक्ष जनशक्ति, स्वास्थ्य सेवा र सामाग्रीहरुको आपूर्ति, स्वास्थ्य संस्थामा पूर्वाधारहरुको व्यवस्थामा लगानी बढाइनेछ। | २.१.२ | सबै आमाहरुले स्वास्थ्यमा पहुँचका लागि उपयुक्त स्वास्थ्य संस्थाहरुमा प्रसुती केन्द्र सञ्चालन गरिनेछ। | ३ |
| | | २.१.३ | आधारभूत स्वास्थ्य सेवाका मुख्य सेवाहरु जस्तै पोषण, क्षयरोग निवारण, महामारी नियन्त्रण, आधारभुत खोप, गाउँघर क्लिनिक जस्ता कार्यक्रमहरुमा लगानी बढाइनेछ। | ३ |
| **२.२** | नागरिकहरुलाई गुणस्तरीय आधारभूत शिक्षा सेवामा पहुँच सुनिश्चितताका लागि शिक्षक तथा विद्यालय व्यवस्थापनमा केन्द्रित गतिविधिहरु सञ्चालन गरिनेछ। | २.२.१ | विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि दरबन्दी अनुसारका शिक्षक आपूर्ति र विषयगत शिक्षकहरुको व्यवस्थापन गरिनेछ। | ४ |
| | | २.२.२ | विद्यालयमा विद्यार्थीको संख्याका आधारमा अतिरिक्त शिक्षकहरुको आपूर्ति र शिक्षक क्षमता विकासमा जोड दिइनेछ। | ४ |
| | | २.२.३ | बालबालिकाहरुको सिकाइ उपलब्धि सुधार गर्नका लागि प्रविधिमैत्री शिक्षण सिकाइ र अतिरिक्त कक्षाहरुको व्यवस्था गरिनेछ। | ४ |
| | | २.२.४ | बालबालिकाहरुको सिकाइ उपलब्धि र शिक्षकहरुको शिक्षण प्रभावकारितामा सुधार गर्न नियमित शिक्षण सिकाइ अनुगमन तथा सुपरीवेक्षण कार्य गरिनेछ। | ४ |
| | | २.२.५ | आधारभूत तथा माध्यमिक शिक्षामा विज्ञान, प्रविधि र नवपर्वतन लाई प्रोत्साहन गरिनेछ। | १७ |
| **२.३** | गाउँपालिकाका सम्पूर्ण नागरिकलाई स्वच्छ खानेपानीको उपलब्धता र सरसफाइमा सबै संलग्नता सुनिश्चित गरिनेछ। | २.३.१ | खानेपानी आयोजनाहरुको दीगोपनाको लागि सम्बन्धित उपभोक्ताहरुलाई मर्मत सम्भार तालिम तथा जिम्मेवारी प्रदान गरी खानेपानी योजनाहरुको मर्मत सम्भार र मुहान संरक्षणको कार्य गरिनेछ। | ६ |
| | | २.३.२ | खानेपानीको समस्या भएका टोल बस्तीहरुका लागि नयाँ स्रोतको पहिचान गरी आयोजना कार्यान्वयन गरिनेछ। | ६ |
| | | २.३.३ | "एक घर, एक धारा" को व्यवस्थाका लागि कार्यक्रम सञ्चालन गरिनेछ। | ६ |
| | | २.३.४ | सबै नागिरकलाई सरसफाइ सम्बन्धमा सचेत तुल्याउन सरसफाइमा सबै | ६ |

| | | | | |
|---|---|---|---|---|
| | | | घरधुरी कार्यक्रम सञ्चालन गरिनेछ। | |
| २.४ | महिला बालबालिका तथा लक्षित वर्गहरुको संरक्षण तथा क्षमता विकास गरी आर्थिक तथा सामाजिक सशक्तीकरणमा सहयोग गरिनेछ। | २.४.१ | महिला हिंसा विरुद्धका अभियानहरु सञ्चालन गरिनेछ। | ५ |
| | | २.४.२ | महिलाहरुलाई व्यवसायिक सीप तालिम, सचेतनामुलक कार्यक्रमहरुमा सहभागी गराई उनीहरुको क्षमता विकासमा टेवा पुर्याइनेछ। | ५ |
| | | २.४.३ | बालबालिकाहरुको क्षमता विकासका गतिविधिहरु सञ्चालन गरिनेछ। | ५ |
| | | २.४.४ | दलित, आदिबासी तथा विपन्न वर्गहरुको क्षमता विकास र सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। | ५ |
| | | २.४.५ | अपाङ्गता भएको व्यक्ति र जेष्ठ नागरिकहरुको संरक्षण, सम्मान तथा स्वास्थ्योपचारमा सहयोग गरिनेछ। | ५ |
| २.५ | युवाहरुको क्षमता विकास, सशक्तीकरण गरी विकासमा युवाको सहभागिता सुनिश्चित गरिनेछ। | २.५.१ | युवाहरुलाई उद्यमशीलता, नेतृत्व क्षमता, व्यावसायिक सीप र खेलकुद सम्बन्धी सीप विकास तालिमहरु सञ्चालन गरिनेछ। | ८ |
| | | २.५.२ | युवाहरुलाई उद्यम सञ्चालनमा प्रोत्साहन गरिनेछ। | ८ |
| | | २.५.३ | युवाहरुलाई विकास प्रक्रियाको मूल प्रवाहमा जोडिनेछ। | ८ |
| | | २.५.४ | युवाहरुलाई दूर्व्यसनी सम्बन्धी सचेत गराई राष्ट्र निर्माणमा सहभागिताको लागि प्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। | ८ |
| २.६ | स्थानीय संस्कृति तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र विकास गरिनेछ। | २.६.१ | स्थानीय संस्कृतिहरुको जगेर्ना गर्नका लागि सांस्कृतिक संग्रहालय स्थापना गरिनेछ। | ११ |
| | | २.६.२ | स्थानीय मौलिक संस्कृतिलाई पर्यटन र उत्पादनसँग जोडेर धार्मिक तथा ऐतिहासिक स्थलहरुको संरक्षणमा जोड दिईनेछ। | ११ |
| **उद्देश्य ३** | **गाउँपालिकाभित्र सुरक्षित, व्यवस्थित, विपद् उत्थानशिल सिँचाई, सडक, पुल, वस्ती, खानेपानी, उर्जा, सञ्चार तथा सूचना प्रविधि आदिका पूर्वाधारहरु विकास गरी आर्थिक तथा सामाजिक विकासको आधार तयार गर्नु।** | | | |
| **रणनीति नं** | **रणनीति** | **कार्यनीति नं** | **कार्यनीति** | **SDG संकेत** |

| | | | | |
|---|---|---|---|---|
| ३.१ | गाउँपालिकामा रहेका बस्तीहरुको सुधार गर्ने र एकीकृत बस्ती (Smart Village) विकासका अवधारणा कार्यान्वयन गरिनेछ। | ३.१.१ | एकीकृत आवास क्षेत्र (Smart Village) निर्माण सम्बन्धी अध्ययन गरी उपयुक्त क्षेत्रहरुको पहिचान गरिनेछ। | ११ |
| | | ३.१.२ | स्थानीय मौलिक कला, स्थानीय सामाग्री र शिल्पी प्रयोग हुने गरी मापदण्ड अनुसारको भवन Type-I, Type-II, Type-III डिजाइन गरी भवन निर्माण मापदण्ड अनुसार बस्ती विकास गरिनेछ। | ११ |
| ३.२ | गाउँपालिकामा अति आवश्यक र महत्वका सार्वजनिक भवन तथा अन्य संरचनाहरुको निर्माण र मर्मत तथा सम्भार गरिनेछ। | ३.२.१ | शिक्षा तथा स्वास्थ्यका भवन तथा संरचनालाई पहिलो प्राथमिकता दिई निर्माण सञ्चालन गरिनेछ। | ७ |
| | | ३.२.२ | कृषि तथा पशुजन्य उपजको संकलन प्रशोधन र अन्य व्यावसायिक गतिविधिलाई प्रत्यक्ष योगदान पुग्ने भवन तथा संरचनाहरु निर्माण गरिनेछ। | ७ |
| | | ३.२.३ | सामुदायिक भवनका लागि साझेदारीमा सहयोग गरिनेछ। | ७ |
| | | ३.२.४ | खेलमैदान निर्माण गरी युवाहरुलाई खेलकुदमा सुविधा उपलब्ध गराइनेछ। | ७ |
| ३.३ | गाउँपालिकाका सबै वडा, टोलबस्तीमा आवश्यक सडक तथा पुल निर्माण गरी सम्पूर्ण नागरिकलाई यातायात सुविधाको पहुँच विस्तार गरिनेछ। | ३.३.१ | गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको मुस्ताङ-छार्का-भारबुङ-कागकोट सडक करिडोरलाई सडक ट्र्याक खोल्ने कार्य सम्पन्न गरिनेछ। | ९ |
| | | ३.३.३ | सम्पुर्ण वडा केन्द्र सम्म जोड्ने सडकहरुलाई प्राथमिकता दिइनेछ। | ९ |
| | | ३.३.४ | कृषि तथा पर्यटकीय सडकहरुको निर्माण गरिनेछ। | ९ |
| | | ३.३.५ | सडकका आवश्यक स्थानहरुमा मोटरेबल पुल, झोलुङ्गे पुल, कल्भर्ट तथा कजवे निर्माण गरी सञ्चालन गरिनेछ। | ९ |
| ३.४ | गाउँपालिकामा बग्ने विभिन्न नदी तथा खोलाहरुको पानीलाई उचित उपयोग, विद्युत उत्पादन सम्भावित क्षेत्रको पहिचान तथा उपयोग र स्थानीय नागरिकहरुलाई वैकल्पिक उर्जा उपलब्ध गराइनेछ। | ३.४.१ | सबै टोल/बस्तीहरु तथा सार्वजनिक स्थलहरुमा सडक सोलार बत्तीको व्यवस्था गरिनेछ। | ७ |
| | | ३.४.२ | विद्युतीय चुलो र नविकरणीय उर्जा प्रयोगलाई बढाउन प्रोत्साहन गरिनेछ। | ७ |
| | | ३.४.३ | आधारभूत स्वास्थ्य, शिक्षा र प्रशासनसँग सम्बन्धित भवन तथा संरचनाहरुमा बिजुली तथा सोलार प्रणाली जडान गरी सेवा प्रवाहमा सहजता कायम गरिनेछ। | ७ |

| | | | | |
|---|---|---|---|---|
| | | ३.४.४ | वैकल्पिक उर्जा सम्भावित टोल/बस्तीहरुमा वैकल्पिक उर्जाको प्रणाली उपयोगमा साझेदारी अनुदान दिइनेछ। | ७ |
| **३.५** | गाउँबासीहरुलाई सूचना सञ्चार र प्रविधि उपयोगको अग्रपङ्ती पुग्ने आधार तयार गरिनेछ। | ३.५.१ | सूचना प्रविधिको प्रयोगलाई बढाउन सबै कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरुमा इन्टरनेटको व्यवस्था गरिनेछ। | १६ |
| | | ३.५.२ | सम्पूर्ण तथ्याङ्कहरु डिजिटाईजेसन गरि सेवा प्रवाहमा पेपरलेस गभरनेन्सको अवधारणा अगाडी बढाइनेछ। | १६ |
| **उद्देश्य ४** | **गाउँपालिका क्षेत्रभित्रका वन, चरन क्षेत्र तथा जैविक विविधतालाई संरक्षण र सन्तुलित उपयोग, खानी तथा खनिजको दीगो उपयोग र व्यवस्थापन गर्दै, वातावरण संरक्षण, जलवायु अनुकुलन र विपद् व्यवस्थापनमा लगानी बढाई नागरिकहरुको जीवन सुरक्षा तथा सन्तुलित जीवनको सुनिश्चितता अभिवृद्धि गर्नु।** | | | |
| **रणनीति नं** | **रणनीति** | **कार्यनीति नं** | **कार्यनीति** | **SDG संकेत** |
| **४.१** | वन, चरन क्षेत्र तथा जैविक विविधता संरक्षणका लागि नीतिगत व्यवस्था गरी सोसम्बन्धी गतिविधिहरु सञ्चालन गरिनेछ। | ४.१.१ | वन तथा जडिबुटी नर्सरी स्थापना र सञ्चालनमा साझेदारी गरिनेछ। | १५ |
| | | ४.१.२ | सम्बन्धित सरोकारवालालाई वन नर्सरी व्यवस्थापन, जैविक विविधता संरक्षण सम्बन्धमा सचेतनामूलक तालिम दिइनेछ। | १५ |
| | | ४.१.३ | गाउँपालिका क्षेत्रमा रहेका चरन क्षेत्रहरुको संरक्षण र पशुपालन व्यवसायको लागि उपयोग गराइनेछ। | ६ |
| | | ४.१.४ | वन क्षेत्रमा जडिबुटी खेतीको प्रवर्द्धन गरिनेछ। | १५ |
| **४.२** | गाउँपालिका क्षेत्रमा पहिरो तथा नदी कटान क्षेत्रहरु पहिचान गरी भूसंरक्षण र जलधारहरुको संरक्षण र सन्तुलित उपयोग गरिनेछ। | ४.२.१ | पहिरो र नदीकटान क्षेत्रहरुमा उपयुक्त विधिहरु जस्तै तारजाली पर्खाल, वृक्षरोपण, तटबन्ध आदि निर्माण गरी रोकथाम गरिनेछ। | ११ |
| | | ४.२.२ | खानेपानीका मुहानहरु संरक्षण गरिनेछ। | ६ |
| | | ४.२.३ | एकिकृत जलाधार संरक्षण गुरुयोजना तयार गरिनेछ। | |
| | | ४.२.४ | उपयुक्त स्थानहरुको पहिचान गरी पानी पूनर्जिवीकरण पोखरीहरु निर्माण गरिनेछ। | ६ |

| | | | | |
|---|---|---|---|---|
| **४.३** | गाउँपालिका क्षेत्रमा दिगो रुपमा फोहोर व्यवस्थापन गरिनेछ। | ४.३.१ | स्थानीय नागरिकहरुलाई फोहोर उपयोग र व्यवस्थापन सम्बन्धमा ज्ञान सीप उपलब्ध गराइनेछ। | १२ |
| | | ४.३.२ | नकुहिने फोहोरको संकलन केन्द्र तोकी दिगो व्यवस्थापनका लागि अन्य संस्था तथा निकायसंग साझेदारी र समन्वय गरिनेछ। | १२ |
| **४.४** | विपद् व्यवस्थापन, वातावरण अनुकुलन र जलवायु उत्थानशीलताका लागि संस्थागत संरचना तयार गरी सरोकारवालाहरुसँग सहकार्य गरिनेछ। | ४.४.१ | स्थानीय नागरिकहरुलाई विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य सम्बन्धमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। | १३ |
| | | ४.४.२ | विपद् व्यवस्थापन कोष स्थापना गरी सञ्चालन गरिनेछ। | १३ |
| | | ४.४.३ | वातावरण संरक्षण तथा अनुकुलन सम्बन्धमा नागरिकहरुलाई सचेत तुल्याई साझेदारीमा कार्यक्रमहरु गरिनेछ। | १५ |
| | | ४.४.४ | जलवायु अनुकुलन तथा उत्थानशीलता सम्बन्धमा नागरिकहरुलाई सचेत तुल्याइनेछ। | १५ |
| | | ४.४.५ | कृषि तथा अन्य क्रियाकलापमा विषादी न्यूनीकरणका लागि नागरिकाहरुलाई सचेत तुल्याई साझेदारी पहलहरु गरिनेछ। | १५ |
| **उद्देश्य ५** | **सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हाँसिल गर्नु।** | | | |
| **रणनीति नं** | **रणनीति** | **कार्यनीति नं** | **कार्यनीति** | **SDG संकेत** |
| **५.१** | गाउँपालिकामा आवश्यक स्थानीय नीति ऐन तथा कार्यविधिहरु लागू गरी नागरिकहरुलाई सुशासनको प्रत्यभूति दिइनेछ। | ५.१.१ | गाउँपालिकामा आवश्यक स्थानीय नीति, ऐन र कार्यविधिहरुको तर्जुमा र समयसापेक्ष अद्यावधिक गर्ने कार्य निरन्तररुपमा गरिनेछ। | १६ |
| | | ५.१.२ | पदाधिकारी तथा कर्मचारीहरुलाई राष्ट्रिय, संघीय र स्थानीय कानुनहरु सम्बन्धमा जानकार तुल्याइनेछ। | १६ |
| | | ५.१.३ | गाउँपालिकामा लागू गरिएका कानुनहरुको प्रभावकारीता मूल्याङ्कन र संसोधनका लागि सुझावहरु संकलन र समावेश गरिनेछ। | १६ |

| | | | | |
|---|---|---|---|---|
| **५.२** | गाउँपालिकाको संगठनात्मक तथा संरचनागत आवश्यकताहरु पहिचान गरी सुधारका पहलहरु गरिनेछ। | ५.२.१ | संस्थागत क्षमता आवश्यकता पहिचान गरी क्षमता विकासका विधिहरु समावेश गरी क्षमता विकास योजना तयार गरिनेछ। | १६ |
| | | ५.२.२ | गाउँपालिकालाई आवश्यक आवधिक वा रणनीतिक योजनाहरु तयार गरी कार्यान्वयन गरिनेछ। | १६ |
| | | ५.२.३ | आवधिक योजनालाई प्रभावकारी कार्यान्वयनका लागि मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गरिनेछ। | १६ |
| | | ५.२.४ | गाउँपालिकाको संगठन तथा व्यवस्थापन सम्बन्धमा अध्ययन अनुसन्धान गरी सुझावहरुको कार्यान्वयन गरिनेछ। | १६ |
| | | ५.२.५ | विकासमा सार्वजनिक निजी साझेदारीका लागि टोल विकास संस्था, आमा समूह र आवश्यकतानुसार नागरिक सञ्जाल गठन तथा परिचालन गरिनेछ। | १६ |
| **५.३** | गाउँपालिकाका आय स्रोतहरुको व्यवस्थापन तथा उपयोग र सार्वजनिक योजनाहरुको व्यवस्थापनमा प्रभावकारिताका लागि आवश्यक पहलहरु गरिनेछ। | ५.३.१ | आन्तरिक राजस्वलाई दिगो व्यवस्थापनका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। | १६ |
| | | ५.३.२ | राजस्व संकलन तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन राजस्व शाखाको सवलीकरण, करदाता तथ्याङ्क व्यवस्थापन र करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। | १७ |
| | | ५.३.३ | योजना व्यवस्थापनमा प्रभावकारिताका लागि खरिद योजना तर्जुमा तथा कार्यान्वयन नियमितरुपमा गरिनेछ। | १७ |
| | | ५.३.४ | योजनाहरुको अनुगमन तथा मूल्याङ्कन आन्तरिक तथा वाह्य पक्षबाट गर्ने व्यवस्था गरिनेछ। | १६ |
| | | ५.३.५ | एकीकृत विद्युतीय योजना व्यवस्थापन प्रणाली लागू गरिनेछ। | १६ |
| **५.४** | गाउँपालिकाको सक्षम मानव संसाधन तयार गर्दै सेवा प्रवाहलाई नतिजामुखी तुल्याउन र सुशासन कायम गर्न आवश्यक | ५.४.१ | संस्थागत आवश्यकताको आधारमा पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका गतिविधिहरु सञ्चालन गरिनेछ। | १६ |
| | | ५.४.२ | कर्मचारीहरुलाई सेवाप्रति समर्पित गराउन पुरस्कार तथा उत्प्रेरणामुलक | १६ |

| | | | | |
|---|---|---|---|---|
| | पहलहरु गरिनेछ । | | विधिहरु अवलम्बन गरिनेछ । | |
| | | ५.४.३ | सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी तुल्याउन सूचना प्रविधिको अधिकतम् उपयोग गरिनेछ । | १६ |
| | | ५.४.४ | गाउँपालिकाको सेवा लिन सक्षमता कम भएका नागरिकहरुका लागि नागरिक सहायता कक्ष, घुम्ती सेवा जस्ता विधिहरु अवलम्बन गरिनेछ । | १६ |

## ३.८ वित्तीय व्यवस्थापन

## ३.८.१ सार्वजनिक स्रोत परिचालनको आधार

छार्का ताङसोङ  गाँउपालिकाको आवधिक योजनाको दीर्घकलीन सोच अनुसारका लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकीकरण गरी सोको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आँकलन र नयाँ स्रोतहरूको पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ।

**क) वित्तीय हस्तान्तरण**

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्था गरिए बमोजिम यस गाउँपालिकालाई संघ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण हुनेछ।

- ✓ संघीय सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँड
- ✓ प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँड
- ✓ वैदेशिक अनुदानतर्फ अन्र्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम।

**(ख) आन्तरिक आय**

- ✓ स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहले राजश्व बाँडफाड बाट प्राप्त गर्ने कर तथा गैरकरका रकमहरू।

**(ग) अन्य**

- ✓ गाउँपालिकाको बजेट संरचना बाहिर संघद्वारा प्रत्यायोजित कार्यक्रमअन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम
- ✓ निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम

✓ संघीय तथा प्रदेश तहबाट कार्यक्रमसहित प्राप्त हुने रकम।

### ३.८.२ कुल वित्तीय लगानी

छार्का ताङसोङ गाँउपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका लागि कूल रु .२ अर्ब ७४ करोड ६३ लाख वित्तीय लगानी हुने अनुमान छ। गाउँपालिकाको आन्तरिक तथा बाह्यय आम्दानीको विभिन्न शिर्षक गरी रकम रु. १ अर्ब ६ करोड ८१ लाख पुँजिगत खर्च हुने अनुमान गरिएको छ भने न्युन हुन आउने रु. १ अर्ब ६७ करोड ८२ लाख संघीय सरकार तथा प्रदेश सरकारका विभिन्न निकायहरु बाट लगानी हुने अनुमान गरिएको छ। त्यसै गरी बाँकी रहेको अपुग रकममा यस गाउँपालिकामा कार्यरत विभिन्न निजी क्षेत्र, गैरसरकारी/अन्तराष्ट्रिय गै.स.स. हरुबाट लगानी गर्न सकिने अनुमान समेत गरिएको छ। जसलाई तलको तालिकामा दिइएको छ।

**तालिका: आवधिक योजनामा बहुक्षेत्रगत अनुमानित लागत**

| क्र.स. | श्रोत | रकम ( रू करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक क्षेत्र गाउँपालिका | १ अर्ब ६ करोड ८१ लाख | ३८.८९% |
| २ | सार्वजनिक क्षेत्र संघ | १ अर्ब १४ करोड २४ लाख | ४१.६% |
| ३ | सार्वजनिक क्षेत्र प्रदेश | ४३ करोड ९६ लाख | १६.०१% |
| ४ | नीजि क्षेत्र/गैरसरकारी/अन्तराष्ट्रिय गै.स.स | ९ करोड ६१ लाख | ३.५% |
| ५ | कूल जम्मा | २ अर्ब ७४ करोड ६३ लाख | |

यसरी लागतको ठूलो हिस्सा सार्वजनिक क्षेत्रले ९६.५ प्रतिशत छ भने नीजि क्षेत्र र गैर सरकारी / अन्तराट्रिय गै.स.स.लाई समेत समाहित गरेर कार्यक्रमको साझेदारीको रूपमा लिइएको छ।

### ३.८.३ लगानी मागका क्षेत्रहरू

छार्का ताङसोङ गाँउपालिकाको यस पञ्च वर्षिय आवधिक योजना तर्फ प्रस्ताव गरिएका विभिन्न क्षेत्रगत लगानीलाई विश्लेषण गर्दा गाउँपालिकाको पछिल्ला वर्षहरुको बजेट विश्लेषण गर्दा खर्च शिर्षकहरु मध्ये सबै भन्दा धेरै

अर्थात करिब ६४.१ प्रतिशत पूर्वाधार विकास तर्फ, १३.२ प्रतिशत आर्थिक विकास क्षेत्र, १२.४ प्रतिशत सामाजिक विकास तर्फ, त्यसैगरी सबैभन्दा कम करिब ६.२ प्रतिशत वन वातावरण तर्फ र संस्थागत विकास र सुशासनको क्षेत्रमा ४ प्रतिशत खर्च हुने अनुमान गरिएको छ। जसलाई तलको चित्रमा देखाईएको छ।

**चित्र: आवधिक योजना मागको क्षेत्रगत अनुमानित लागत**




## ३.९ सार्वजानिक खर्च र खर्च बेहोर्ने श्रोतहरू

छार्का ताङसोङ गाँउपालिकाको यस आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नुपर्नेछ। हाल आन्तरिक राजस्वका स्रोतहरूको सिमितताको कारणले संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरू माथि निर्भर रहनुपर्ने स्थिति विद्यमान रहेको छ। आन्तरिक (आन्तिक, विविध तथा रोयल्टी सहित) आयको हिस्सा ५.५ प्रतिशत, त्यसैगरी लगभग ६५.४ प्रतिशत रकम संघीय सरकार, १२.४ प्रतिशत प्रदेश सरकारबाट अनुदान र १६.२ प्रतिशत

राजस्व बाँडफाँडबाट प्राप्त हुने यस छार्का ताङसोङ  गाँउपालिकाले स्थायी रूपमा अन्य श्रोतहरूको पहिचान गर्न पर्ने अवस्था देखिन्छ।

**तालिका : छार्का ताङसोङ गाँउपालिकाको सार्वजानिक खर्च र खर्च बेहोर्ने श्रोतहरू**

| क्र सं | बजेटको स्रोत | आगामी ५ वर्षको स्रोत अनुसार प्रक्षेपण रकम रु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिशत | प्रथम वर्ष (२०८२/८३) | प्रतिशत | दोस्रो वर्ष (२०८३/८४) | प्रतिशत | तेस्रो वर्ष (२०८४/८५) | प्रतिशत | चौथो वर्ष (२०८५/८६) | प्रतिशत | पाँचौं वर्ष (२०८६/८७) | पाँच वर्षको जम्मा |
| | **आय** | **१००** | **२४०,१८९,५६३** | **१००** | **२५२,१९९,०४१** | **१००** | **२६४,८०८,९९३** | **१००** | **२७८,०४९,४४३** | **१००** | **२९१,९५१,९१५** | **१,३२७,१९८,९५६** |
| १ | आन्तरिक स्रोत | ३.२३ | ७,७५०,००० | ३.२३ | ८,१३७,५०० | ३.२३ | ८,५४४,३७५ | ३.२३ | ८,९७१,५९४ | ३.२३ | ९,४२०,१७३ | ४२,८२३,६४२ |
| २ | राजस्व वाँडफाँट | १६.१९ | ३८,८८३,९४५ | १६.१९ | ४०,८२८,१४२ | १६.१९ | ४२,८६९,५५० | १६.१९ | ४५,०१३,०२७ | १६.१९ | ४७,२६३,६७८ | २१४,८५८,३४३ |
| ३ | रोयल्टी बाँडफाँट | ०.४२ | १,०००,००० | ०.४२ | १,०५०,००० | ०.४२ | १,१०२,५०० | ०.४२ | १,१५७,६२५ | ०.४२ | १,२१५,५०६ | ५,५२५,६३१ |
| ४ | संघीय सरकारवाट प्राप्त हुने अनुदान | ६५.४६ | १५७,२३२,७२८ | ६५.४६ | १६५,०९४,३६४ | ६५.४६ | १७३,३४९,०८२ | ६५.४६ | १८२,०१६,५३६ | ६५.४६ | १९१,११७,३६३ | ८६८,८१०,०७४ |
| ५ | प्रदेश सरकारवाट प्राप्त हुने अनुदान | १२.४२ | २९,८२२,८९० | १२.४२ | ३१,३१४,०३५ | १२.४२ | ३२,८७९,७३७ | १२.४२ | ३४,५२३,७२३ | १२.४२ | ३६,२४९,९१० | १६४,७९०,२९५ |
| ६ | विविध आय | २.२९ | ५,५००,००० | २.२९ | ५,७७५,००० | २.२९ | ६,०६३,७५० | २.२९ | ६,३६६,९३८ | २.२९ | ६,६८५,२८४ | ३०,३९०,९७२ |

# ३.१० सार्वजनिक खर्चको बाँडफाँट

**तालिका ६ सार्वजनिक खर्चको बाँडफाँट**

| | **व्यय** | **१००** | **२४०,१८९,५६३** | **१००** | **२५२,१९९,०४१** | **१००** | **२६४,८०८,९९३** | **१००** | **२७८,०४९,४४३** | **१००** | **२९१,९५१,९१५** | **१,३२७,१९८,९५६** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | प्रशासनिक खर्च | २०.७ | ४९,७०६,२८५ | २०.१ | ५०,७३६,४९२ | १९.६ | ५१,७८८,०५१ | १९.० | ५२,८६१,४०४ | १८.५ | ५३,९५७,००४ | २५९,०४९,२३५ |
| ख | विकास खर्च | ७९.३ | १९०,४८३,२७८ | ७९.९ | २०१,४६२,५५० | ८०.४ | २१३,०२०,९४३ | ८१.० | २२५,१८८,०३९ | ८१.५ | २३७,९९४,९१२ | १,०६८,१४९,७२२ |

## ३.११ विषयक्षेत्र अनुसार अनुमानित बजेट

छार्का ताङसोङ  गाँउपालिकाको आवधिक क्षेत्रगत विकासका कार्यक्रमहरुलाई मुख्य २३ वटा शिर्षकहरुमा विभाजन गरिएको छ । मुख्यतया पाँचवटा शिर्षकहरु गरी कुल रकम रु. २ अर्ब ७४ करोड ६३ लाख रुपैँया बराबरको योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएको छ । उक्त प्रस्तावित कुल रकम र विषयगत क्षेत्रका योजना तथा कार्यक्रमहरुको एकमुष्ठ विवरण तल तालिकामा दिईएको छ ।

### ३.११.१ योजनाहरुको प्राथमिकीकरणका आधार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४/३ बमोजिम निम्न आधारहरुमा वडा तथा बस्तीहरुबाट आएका योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने,
- राजस्व परिचालनमा योगदान पुर्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितामा अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो, विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने,
- समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- स्थान विशेष संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु,

**तालिका :छार्का ताङसोङ गाँउपालिकाका आवधिक क्षेत्रगत बजेटको क्षेत्रगत खर्च अनुमान**

| | कुल विकास बजेट (रु हजारमा) | | १९०,४८३ | | २०१,४६३ | | २१३,०२१ | | २२५,१८८ | | २३७,९९५ | १,०६८,१५० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र सं | विषय क्षेत्र | प्रतिशत | प्रथम वर्ष (२०८२/८३) | प्रतिशत | दोस्रो वर्ष (२०८३/८४) | प्रतिशत | तेस्रो वर्ष (२०८४/८५) | प्रतिशत | चौथो वर्ष (२०८५/८६) | प्रतिशत | पाँचौं वर्ष (२०८६/८७) | पाँच वर्षको जम्मा |
| १ | आर्थिक विकास | २४ | ४५,७१६ | २४ | ४८,३५१ | २४ | ५१,१२५ | २४ | ५४,०४५ | २४ | ५७,११९ | २५६,३५६ |
| २ | सामाजिक विकास (ससर्त सहित) | २२ | ४१,९०६ | २२ | ४४,३२२ | २२ | ४६,८६५ | २२ | ४९,५४१ | २२ | ५२,३५९ | २३४,९९३ |
| ३ | पूर्वाधार विकास | ४१ | ७८,०९८ | ४१ | ८२,६०० | ४१ | ८७,३३९ | ४१ | ९२,३२७ | ४१ | ९७,५७८ | ४३७,९४१ |
| ४ | वन तथा वातावरण विकास | ९ | १७,१४३ | ९ | १८,१३२ | ९ | १९,१७२ | ९ | २०,२६७ | ९ | २१,४२० | ९६,१३३ |
| ५ | सुशासन तथा संस्थागत ब्यवस्था | ४ | ७,६१९ | ४ | ८,०५९ | ४ | ८,५२१ | ४ | ९,००८ | ४ | ९,५२० | ४२,७२६ |
| | जम्मा | १०० | १९०,४८३ | १०० | २०१,४६३ | १०० | २१३,०२१ | १०० | २२५,१८८ | १०० | २३७,९९५ | १,०६८,१५० |

## ३.१२ स्रोत अनुमान तथा प्रक्षेपण

माथिका वृद्धिदर अनुमान र छार्का ताङसोङ गाँउपालिकाको लागि गत आ.व. २०७८।७९, २०७९।८०, र २०८०।८१ मा प्राप्त बजेट समेतको अनुमानको आधार आगामी ५ वर्षको आम्दानी तथा खर्च प्रक्षेपण गरिएको छ । आय प्रक्षेपण गर्दा खुद विकास कार्यमा लगानी गर्न उपयोग हुन सक्ने बजेट तथा कार्यक्रमको शिर्षकहरुलाई मात्र समावेश गरिएको छ । गाउँपालिकाको कर्मचारी व्यवस्थापन, तलब भत्ता, जेष्ठ नागरिक भत्ता जस्ता राज्यका अनिवार्य दायित्वका रकमहरु जसरी आँउछ त्यसरी नै खर्च हुने हुँदा यसमा समावेश गरिएको छैन । यसर्थ बजेट कार्यक्रम प्रक्षेपण गर्दा वित्तिय समानीकरण अनुदान र सशर्त अनुदान (संघिय तथा प्रादेशिक) लाई आयको प्रमुख श्रोत मानिएको छ भने आन्तरिक आम्दानी तथा राजश्व बाँडफाँडको आयलाई गाउँपालिकाको चालु तथा प्रशासनिक खर्च हुने मानि प्रक्षेपण गरिएको छ । सोको आधारमा गाउँपालिकाको आ.व. २०८२।०८३ देखि २०८६।०८७ सम्मको कुल आम्दानी बजेट रु. १ अर्ब ०६ करोड ८१ लाख ५० हजार प्रक्षेपण गरिएको छ । यो रकम संघिय र प्रदेशले साविकमा दिँदै आएको सशर्त, वित्तिय समानीकरण तथा राजश्व बाँडफाँड प्राप्त हुन सक्ने अनुमानित बजेट हो । थप दातृ निकाय, विशेष कोषको लागि प्रदेश र संघमा कार्यक्रम पेश गर्ने, नीजिक्षेत्र तथा सहकारी संस्था परिचालन गर्ने, प्राकृतिक श्रोतबाट आन्तरिक आय बढाउने जस्ता उपायहरु अवलम्बन गर्ने छ ।

### ३.१२.१ कानुनी आधार

नेपालको संविधानको धारा ५९ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने सम्बन्धमा संवैधानिक व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चान ऐन २०७४ को दफा २४ ले स्थानिय निकायको आफ्नो अधिकारक्षेत्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था समेत गरेको छ । संविधानको उक्त व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन अनुसार छार्का ताङसोङ गाँउपालिकाको लागि ५ वर्षे रणनीतिक योजना कार्यान्वयन गर्न निम्न कानुनी आधारहरु लिइएको छः

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर–सरकारी वित्त व्यवस्थापन सम्बन्धी ऐन २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४

- संघीय आर्थिक कार्यविधि ऐन २०७५
- विकास सहायता नीति २०७१
- सार्वजनिक खरिद ऐन २०६३
- वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यमकालीन खर्च संरचना समेत) तर्जुमासम्बन्धी मार्गदर्शन २०७४

### ३.१२.२ श्रोत अनुमानका क्षेत्रहरु

नेपालको संविधान २०७२ को दफा ६० ले राजश्व श्रोतको बाँडफाँड हुने व्यवस्था गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ४ दफा ८,९,१० र ११ बमोजिम यस छार्का ताङसोङ गाँउपालिकालाई प्राप्त हुनसक्ने आर्थिक श्रोतहरु निम्न तालिकामा प्रस्तुत गरिएको छः

**तालिका :छार्का ताङसोङ गाँउपालिकालाई प्राप्त हुने बजेटको श्रोत तथा शिर्षकहरुको विवरण**

| क्र.सं. | श्रोत | शिर्षकहरु |
|---|---|---|
| १ | नेपाल सरकार | वित्तीय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| २ | प्रदेश सरकार | वित्तीय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| ३ | राजस्व बाँडफाँड | मूल्य अभिबृदि कर, आन्तरिक उत्पादनमा लागेको अन्तशुल्कको रकम, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडबाट प्राप्त रकम |
| ४ | आन्तरिक आम्दानी | एकीकृत सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, सेवा शुल्क, दस्तुर, गैर कर आदि |
| ५ | अन्तर स्थानीय तह लगानी | फोहोर प्रशोधन केन्द्र निर्माण बजेट आदि |
| ६ | वैदेशिक स्रोत | नेपाल सरकारबाट स्वीकृति प्राप्त कार्यक्रमका रकमहरु |
| ७ | जन सहभागिता | विकास निर्माणमा उपभोक्ताबाट सङ्कलित रकम |
| ८ | आन्तरिक ऋण | आयोगको मापदण्ड बमोजिम स्वदेशी वित्तीय संस्थाबाट लिएको ऋण |

### ३.१२.३ वृद्धिदर अनुमानको आधार

विगत पाँच वर्ष यताको कुल बजेटको आकारसँगै स्थानीय तहमा विनियोजन हुने बजेटको अंश निरन्तर वृद्धि भइरहेको छ । छार्का ताङसोङ गाँउपालिकाको विगत तीन आ.व को वजेटको वृद्धि आकार हेर्दा संघिय, प्रदेश सरकार तथा राजश्व वाडफाड बाट प्राप्त हुने अनुदान रकममा स्थिर प्रकृतिको वृद्दि भएको पाइदैन । यसर्थ आ.व. २०७८/७९, आ.व. २०७९/८० सहित आधार वर्ष २०८०/८१ को वास्तविक आय व्ययको आधारमा आवाधिक योजना संचालनार्थ आवश्यक पर्ने अनुमानित आय तथा व्यय तयार गर्नका लागि विगत तिन वर्षमा भएको कुल बजेटको बढोत्तरी तथा कुल बजेटमध्ये स्थानीय तहमा भएको बजेटको अंशमा भएको बढोत्तरीलाई आधार मानी हाल विनियोजित बजेट तथा खर्चमा सरदर ५ प्रतिशत वृद्धि गरी अनुमान गरिएको छ । वृद्धिदर अनुमानको आधारका लागि विगत तिन वर्षको कुल बजेट तथा स्थानिय तहमा विनियोजन भएको अंशको तुलनात्मक विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका :छार्का ताङसोङ गाँउपालिकाको आम्दानीको विस्तृतिकरण तथा वृद्धि प्रतिशतको अवस्था**

| राजस्व संकेत नं | बजेटको स्रोत | आ. व. २०७८/७९ | आ. व. २०७९/८० | आ. व. २०८०/८१ | औषत वार्षिक आय रु (गत तिन आ व को) | औषत वार्षिक वृद्दि |
|---|---|---|---|---|---|---|
| | **आन्तरिक स्रोत** | ५७५,७०० | १,५०२,९१३ | - | ६९२,८७१ | ०.० |
| ११३१३ | सम्पत्ति कर | २८७,८५०.० | ७५१,४५७ | - | ३४६,४३६ | ०.० |
| ११३१४ | भूमिकर (मालपोत) | २८७,८५०.० | ७५१,४५७ | - | ३४६,४३६ | ०.० |
| | **राजश्व बाँडफाँड** | ३४,०७९,७०६ | ३५,२९१,७२० | ३७,०३२,३२९ | ३५,४६७,९१८ | १.४ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | - | ७८,२४१ | २६,०८० | ४४.२ |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १७,०३९,८५३ | १७,६४५,८६० | १८,४७७,०४४ | १७,७२०,९१९ | १.४ |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त :शु शुल्क | १७,०३९,८५३ | १७,६४५,८६० | १८,४७७,०४४ | १७,७२०,९१९ | १.४ |
| | **रोयल्टी बाँडफाँट** | - | - | - | - | ०.० |
| | **संघीय सरकारवाट प्राप्त हुने अनुदान** | १६३,२२९,५२६ | १६५,००७,३३७ | १२०,९९९,५०२ | १४९,७४५,४५५ | ०.० |
| १३३११ | वित्तिय समानिकरण अनुदान | ६९,९००,००० | ६६,२३०,००० | ६४,३५६,००० | ६६,८२८,६६७ | ०.० |
| १३३१२ | सर्शत अनुदान चालु | ५२,८५१,७५० | ५१,२२५,६०१ | ४८,३६०,००० | ५०,८१२,४५० | ०.० |
| १३३१३ | सर्शत अनुदान पुँजिगत | १५,२५०,००० | ९,८००,५७० | ४,४००,००० | ९,८१६,८५७ | ०.० |
| १३३१४ | विशेष अनुदान चालु | - | - | | - | ०.० |
| १३३१५ | विशेष अनुदान पुँजिगत | १२,९६१,७१७ | २५,८२०,२७३ | २,५१३,८४६ | १३,७६५,२७९ | ०.० |
| १३३१६ | समपुरक अनुदान चालु | - | - | | - | ०.० |
| १३३१७ | समपुरक अनुदान पुँजिगत | १२,२६६,०५९ | ११,९३०,८९३ | १,३६९,६५६ | ८,५२२,२०३ | ०.० |
| | **प्रदेश सरकारवाट प्राप्त हुने अनुदान** | ८,४१६,७३२ | २०,६८७,९२८ | २४,४७२,४७५ | १७,८५९,०४५ | ११.१ |
| १३३११ | वित्तिय समानिकरण अनुदान | ३,०१२,००० | १४,८०२,८३३ | ३,०१२,००० | ६,९४२,२७८ | ०.० |
| १३३१२ | सर्शत अनुदान चालु | ४०६,००० | १८०,००० | ४,५००,०१८ | १,६९५,३३९ | ३८.५ |

| राजस्व संकेत नं | बजेटको स्रोत | आ. व. २०७८/७९ | आ. व. २०७९/८० | आ. व. २०८०/८१ | औषत वार्षिक आय रु (गत तिन आ व को) | औषत वार्षिक वृद्दि |
|---|---|---|---|---|---|---|
| **१३३१३** | सर्शत अनुदान पुँजिगत | – | ९३३,२३८ | ९,५६०,२१४ | ३,४९७,८१७ | **३९.८** |
| **१३३१४** | विशेष अनुदान चालु | – | – | | – | ०.० |
| **१३३१५** | विशेष अनुदान पुँजिगत | ३,४८८,८०० | ३,८९१,८५७ | ३,८२८,३८२ | ३,७३६,३४६ | ०.८ |
| **१३३१६** | समपुरक अनुदान चालु | – | – | – | – | ०.० |
| **१३३१७** | समपुरक अनुदान पुँजिगत | १,५०९,९३२ | ८८०,००० | ३,५७१,८६१ | १,९८७,२६४ | २१.६ |
| | **विविध आय** | – | – | – | – | ०.० |
| | जम्मा आय | २०६,३०१,६६४ | २२२,४८९,८९८ | १८२,५०४,३०६ | २०३,७६५,२८९ | **५.०** |
| **३२१२२** | नगद/बैङ्क मौजात | ४४,१९३,५८० | २७,७२३,७६४ | ३२,०५७,३१३ | ३४,६५८,२१९ | ०.० |
| | **कुल जम्मा** | **२५०,४९५,२४४** | **२५०,२१३,६६२** | **२१४,५६१,६१९** | **२३८,४२३,५०८** | ५.० |

# परिच्छेद – ४

# आर्थिक क्षेत्र

आर्थक विकास क्षेत्र छार्का ताङसोङ गाउँपालिकाको समष्टिगत विकास र समृद्धिको महत्वपूर्ण आधार हो। यस क्षेत्र अन्तर्गत कृषि, पशु विकास, उद्योग वाणिज्य तथा आपूर्ती, पर्यटन, सहकारी तथा वित्तीय क्षेत्र र श्रम तथा वैदेशिक रोजगारी आदि उपक्षेत्रहरु पर्दछन्। नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरु दिगो विकासको लक्ष्य १ (शुन्य गरिबी), लक्ष्य २ (भोकमरीको अन्य), लक्ष्य ८ (सम्मानित काम तथा आर्थिक उन्नती) र लक्ष्य १० (सममानताको न्यूनीकरण) जस्ता पक्षहरुसँग प्रतक्ष्य जोडिएका छन् । यसर्थ, यहाँको आर्थिक विकासका प्रचलित क्षेत्रहरुलाई समेटी आवधिक विकास योजनामा आर्थिक विकासका विषय क्षेत्रहरुको सम्भावना, अवसर, समस्या, चुनौतीहरुको विश्लेषण गरी विषयगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, कार्यक्रम तथा परियोजना, अपेक्षित उपलब्धि तथा नतिजा खाका र अनुमान तथा जोखिम देहायअनुसार तयार गरिएको छः

## ४.१ कृषि तथा पशुपन्छी विकास

### ४.१.१ पृष्ठभूमि

यस गाउँपालिका हिमाली क्षेत्रमा अवस्थित रहेकोले कठिन भिरालो जमिनको सघनता रहेको छ। कृषि तथा पशुपालन यस गाउँपालिकाको मुख्य आर्थिक आधार हो। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार करिब ७५.६ प्रतिशत घरपरिवार कृषिमा आबद्ध छन्। यहाँका प्रमुख अन्न बालीहरुमा उवा, जौ, गहुँ, फापरबाली आदि पर्दछन् भने प्रमुख नगदेबालीहरुमा आलु, सिमी आदि हुन्। फलफुलमा गोल्डेन र रातो स्याउ उत्पादनको प्रवल सम्भावना रहेको छ त्यस्तै प्रमुख तरकारी बालीहरुमा काउली, बन्दा, साग, टमाटर र चोतो आदि उत्पादन हुने गरेको छ । यस गाउँपालिकामा व्यवसायीक कृषकहरुको तुलनामा निर्वाहमुखी कृषि प्रणाली अवलम्बन गरिरहेका कृषकहरुको वाहुल्यता रहेको छ।

सिँचाईको लागि जलश्रोतहरु पर्याप्त भएतापनि परम्परागत सिँचाई प्रणालीको सट्टामा आधुनिक पूर्वाधार सहितको सिँचाई सुविधा पुर्याउन सकेमा कृषि क्षेत्रमा फड्को मार्न सकिने देखिन्छ। यस गाउँपालिका क्षेत्रमा कृषि तथा पशुपालनका लागि देखिएका सम्भावना, अवसर, समस्या र चुनौतीहरु देहायअनुसार प्रस्तुत गरिएको छ।

### ४.१.२ सम्भावना

कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा निम्न लिखित सम्भावनाहरुदेखिएका छन्:

क) कृषिमा विविधिकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सकिने

ख) कृषिमा व्यावसायीकरण गरी रोजगारी वृद्धि गर्न सकिने,

ग) पशुपालनलाई व्यवसायीकरण गरी आयआर्जन वृद्धि गर्न सकिने,

घ) पर्याप्त सिँचाई उपलब्ध गराई कृषिमा फड्को मार्न सकिने,

ङ) कृषि तथा पशुजन्य उत्पादन उद्योगहरु सञ्चालन गर्न सकिने,

च) रैथाने बालीहरु संरक्षण र विस्तार गर्न सकिने,

छ) खाद्यान्न, तरकारी, दुधजन्य र मासुजन्य उत्पादनमा आत्मनिर्भर गराउन सकिने,

ज) कृषि तथा पशुजन्य उत्पादनलाई पर्यटनसँग जोडेर स्थानीय आय वृद्धि गर्न सकिने ।

### ४.१.३ अवसर

कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा निम्न लिखित अवसरहरु देखिएका छन्

क) पशुपालनको लागि पर्याप्त चरन क्षेत्र रहेको,

ख) चिनसँग नाका जोडिएको हुँदा स्थानीय कृषि तथा पशु उत्पादन निर्यात गर्न सकिने,

ग) जलाधार क्षेत्रहरु पर्याप्त रहेकोले सिँचाइ सुविधा पर्याप्त उपलब्ध गराउन सकिने अवसर रहेको,

घ) पशुपंन्छी पालनका लागि उपयुक्त हावापानी तथा घाँस पर्याप्त रहेको ।

### ४.१.४ प्रमुख समस्या

क) भौगोलिक हिसाबले जटिल भू-गोल हुनु,

ख) खेतीयोग्य जमिनको उपलब्धता पर्याप्त नुहुनु,

ग) परम्परागत खेती प्रणालीमा नै खेती भईरहनु,

घ) व्यवसायिक खेती गर्ने वातावरण र व्यवसायिक सोच कमजोर हुनु,

ङ) सिँचाइ सुविधाको पर्याप्त उपलब्धता नहुनु,

च) वैज्ञानिक तवरले भूमी उपयोग नहुनु,

### ४.१.५ चुनौती

कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा देहायका चुनौतीहरु रहेका छन्:

क) आयातित कृषि उत्पादनसँग प्रतिस्पर्धा गर्नु,

ख) कृषि अनुसन्धान, प्रविधि विकास तथा प्रसार हुन नसक्नु,

ग) कृषि क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुनु,

घ) युवाहरुलाई कृषि तथा पशुपालन क्षेत्रमा आकर्षित गराउनु,

ङ) खेतीयोग्य भूमीमा पर्याप्त सिँचाइ सुविधा उपलब्ध गराउनु,

च) कृषि तथा पशुपालन क्षेत्रलाई निर्वाहमुखी क्षेत्रबाट व्यवसायिक क्षेत्र बनाउनु।

### ४.१.६ दीर्घकालीन सोच

"कृषि र पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि: छार्का ताङसोङ गाउँपालिकाको दिगो समृद्धि"

### ४.१.७ लक्ष्य

कृषि र पशुपन्छीपालनलाई व्यावसायीकरण गरी खाद्यमा आत्मनिर्भर तथा आयस्तर सुधार गरी नागरिकलाई समृद्ध बनाउने।

### ४.१.८ उद्देश्य

क) कृषि पेशालाई व्यावसायीकरणतर्फ उन्मुख गराई कृषि उत्पादन वृद्धि गर्नु,

ख) पशुपन्छी पालन व्यवसायलाई दिगो रुपमा स्थापित गरी आय र रोजगारी सिर्जना गर्नु,

### ४.१.९ रणनीति र कार्यनीति

माथि उल्लिखित उद्देश्यहरुको प्राप्तिका लागि देहायका रणनीति तथा कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

तालिका २३: कृषि तथा पशुपन्छी विकासका रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १**: कृषि पेशालाई व्यावसायीकरणतर्फ विकास गरी कृषकहरुको आय वृद्धि गर्नु। | |
| १.१ गाउँपालिका क्षेत्रमा सम्भाव्य अन्न, फलफुल तथा नगदे बालीको उत्पादनमा व्यवसायीकरण गरिनेछ। | १.१.१ गाउँपालिकामा "एक बस्ती एक ग्रिन हाउस टनेल" प्रवर्द्धन गरिनेछ।<br>१.१.२ कृषकहरुलाई उत्पादनमा आधारित अनुदान वितरण गरी कृषि व्यवसायमा उत्प्रेरित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.१.३ गाउँपालिकामा उत्पादन सम्भावित कृषि उपजहरुको विउ बैंक सञ्चालनमा साझेदारी अनुदान उपलब्ध गराइनेछ।<br>१.१.४ गाउँपालिकामा पशुपालनको प्रवर्द्धन गरिनेछ।<br>१.१.५ कृषि पर्यटनलाई विस्तार गरिनेछ। |
| १.२ कृषकहरुका लागि कृषि औजार, मल विउ, औषधी उपचार आदिमा प्राविधिक तथा सामाग्रीको उपलब्धता सुनिश्चित गरिनेछ। | १.२.१ कृषकहरुलाई आफैले प्राङ्गारिक मल तयार गर्नका लागि प्रोत्साहन गरिनेछ।<br>१.२.२ कृषकहरुलाई आधुनिक औजारहरुमा पहुँच बढाउनका लागि लागत सहभागितामा अनुदान उपलब्ध गराइनेछ।<br>१.२.३ कृषकहरुका लागि कृषि सीप तथा तालिम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।<br>१.२.४ कृषि उत्पादनमा प्रोत्साहन गर्नका लागि माटो परीक्षण तथा बाली स्वास्थ्य सम्बन्धी प्राविधिक सहयोगको व्यवस्था गरिनेछ। |
| १.३ कृषि उपजका लागि बजार प्रवर्द्धन तथा कृषकहरुलाई प्रोत्साहनका लागि पहलहरु गरिनेछ। | १.३.१ कृषि बजार प्रवर्द्धनका विभिन्न उपायहरुको खोजी तथा उपयोग गरिनेछ।<br>१.३.२ कृषिमा युवा रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३.३ कृषक प्रोत्साहनका लागि कृषि उत्पादन प्रदर्शनी कोसेली घर सञ्चालन गरिनेछ।<br>१.३.४ कृषकहरुलाई कृषि विमा सम्बन्धमा सचेत तुल्याई सोको उपयोगका लागि प्रेरित गरिनेछ।<br>१.३.५ कृषक तथा कृषि उपज उत्पादन सम्बन्धी तथ्याङ्क व्यवस्थापन र नियमितरुपमा प्रगति समीक्षा गरिनेछ। |
| **उद्देश्य २:** पशुपंक्षीपालन व्यवसायलाई दिगो रुपमा स्थापित गरी आय र रोजगारी सिर्जना गर्ने । | |
| २.१ पशुपंक्षी पालनमा कृषकहरुलाई प्राविधिक सहजीकरण तथा पशु उपचार औषधीहरु उपलब्ध गराइनेछ। | २.१.१ पशुपंक्षी व्यवसायलाई व्यवस्थित सञ्चालन गर्न कृषकहरुलाई प्राविधिक सीप उपलब्ध गराइनेछ।<br>२.१.२ पशु नश्ल सुधार तथा पशु आहार सचेतना अभिवृद्धि र प्रोत्साहन गरिनेछ।<br>२.१.३ पशुपन्छी स्वास्थ्यका लागि पशु औषधी अनुदान, पशु उपचार, पोषण र कृषकहरुमा सोसम्बन्धी चेतना अभिवृद्धि गरिनेछ।<br>२.१.४ आधुनिक गोठ व्यवस्थापनको लागि खोर सुधार कार्यक्रम सञ्चालन गरिनेछ |
| २.२ पराम्परागत पशुपन्छीपालनलाई व्यावसायीकरण तथा आधुनिकीकरण गर्न सहयोग गरिनेछ। | २.२.१ व्यवसायिक पशुपालनका लागि तालिम तथा सामाग्री सहयोग गरिनेछ।<br>२.२.२ पशुपालनलाई व्यावसायिक बनाउनका लागि परम्परागत खर्क तथा चरन क्षेत्रहरुको संरक्षण र उपयोगमा कृषकहरुलाई प्रेरित |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरिनेछ।<br>२.२.३ पशुपन्छी स्वास्थ्य तथा पोषण सम्बन्धी खोज तथा अनुसन्धानमा लगानी बढाइनेछ।<br>२.२.४ पशुपालन पकेट विकासका लागि कृषकहरुसँग साझेदारी कार्यक्रम प्रारम्भ गरिनेछ।<br>२.२.५ कृत्रिम गर्भधारण कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.३ पशु उत्पादनको बजारीकरणमा सहजीकरण तथा सहयोग गरिनेछ। | २.३.१ पशु उत्पादन बजारीकरणका नीति तथा कार्यविधि तयार गरी लागू गरिनेछ।<br>२.३.२ पशुपालनका कृषक तथा व्यापारी बीचको अन्तर्क्रिया तथा बजार सञ्जाल निर्माण तथा परिचालन गरिनेछ।<br>२.३.३ कृषि तथा पशुजन्य उत्पादनको बजार सूचना प्रणाली विकास गरी सञ्चालन गरिनेछ।<br>२.३.४ दुग्ध जन्य तथा मासुजन्य पदार्थ उत्पादन, प्रशोधन तथा बजारीकरण व्यवस्थापनका लागि विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.४ पशु उत्पादनको तथ्याङ्क व्यवस्थापन गरिनेछ। | २.४.१ गाउँपालिकामा उत्पादन हुने पशुधन र पशुजन्य उत्पादनको तथ्याङ्कको संकलन तथा व्यवस्थापन गरिनेछ।<br>२.४.२ इपिडेमियोलोजिकल प्रतिवेदन प्रणाली सञ्चालन गरिनेछ। |

## ४.१.१० मुख्य कार्यक्रम तथा आयोजना

तालिका २४: कृषि तथा पशुपन्छी विकासका मुख्य कार्यक्रम तथा आयोजनाहरु

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **१** | **कृषि तथा पशुपालन** | | | | | | **२५७००** | **२५२००** | **२४७००** | **२४७००** | **२४७००** | **१२५०००** | |
| **क** | **व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रम** | | | | | | **१२३००** | **११३००** | **११३००** | **११३००** | **११३००** | **५७५००** | |
| १.१ | एकिकृत कृषि विकास रणनीति निर्माण | गोटा | सबै | | १ | १००० | १००० | ० | ० | ० | ० | १००० | |
| १.२ | व्यवसायिक खेती तथा तरकारी फर्म विकास कार्यक्रम अन्तर्गत व्यवसायिक फर्म निर्माण। | गोटा | सबै | | १५ | २००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | |
| १.४ | एक वस्ती एक ग्रीन हाउन टनेल निर्माण कार्यक्रम | गोटा | सबै | | १० | ३०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | |
| १.५ | आलु तथा सिमिको व्यवसायिक पकेट कार्यक्रम | गोटा | सबै | | १० | ५०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| १.६ | उत्पादन र उत्पादकत्व वृद्धिका लागि तालिम कार्यक्रम | गोटा | सबै | | १० | २०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | |
| १.७ | आधुनिक तथा वातावरणमैत्री कृषि औजार वितरण कार्यक्रम | गोटा | सबै | | ५ | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| १.८ | कृषि उत्पादन वितरणका लागि बजारीकरण कार्यक्रम | गोटा | सबै | | ५ | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| १.९ | उन्नत जातको कृषि बिउ बिजन वितरण | गोटा | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १.१० | जडिबुटी पकेट क्षेत्र विस्तार कार्यक्रम | गोटा | सबै | | १० | ३०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | |
| १.११ | रैथाने बाली संरक्षण कार्यक्रम | गोटा | सबै | | ५ | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| **ख** | **व्यवसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम** | | | | | | **१३४००** | **१३९००** | **१३४००** | **१३४००** | **१३४००** | **६७५००** | |
| २.१ | पशु विकास कार्यक्रम अन्तर्गत आधुनिक गोठ व्यवस्थापन भकारो सुधार कार्यक्रम | गोटा | सबै | | १५ | ४०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | |
| २.२ | च्याङ्ग्राको भुवा प्रशोधन सम्बन्धी तालिम | गोटा | सबै | | ५ | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| २.३ | उन्नत जातको भाले वितरण कार्यक्रम | गोटा | सबै | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |
| २.४ | थुमा वितरण कार्यक्रम | गोटा | सबै | | ५ | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| २.५ | दुध, छुर्पी, खुवा आदि दुग्ध जन्य उत्पादन प्रशोधन व्यवस्थापन (मेसिन वितरण तथा तालिम प्रदान) | गोटा | सबै | | १० | ५०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| २.६ | पशुपालन समुह अनुदान कार्यक्रम | गोटा | सबै | | १५ | ३०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | |
| २.७ | उत्कृष्ट पशुपालक पुरस्कार कार्यक्रम | गोटा | सबै | | ५ | १०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| २.८ | पशु औषधी वितरण कार्यक्रम | एकमुष्ट | सबै | | १० | ३००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | |
| २.९ | पशु बिमा कार्यक्रम | एकमुष्ट | सबै | | ५ | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| २.१० | इपोमोलेडिज कार्यक्रम (MIS) | गोटा | सबै | | १ | ५०० | ० | ५०० | ० | ० | ० | ५०० | |
| २.११ | रोगहरु पहिचान कार्यक्रम | एकमुष्ट | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |

## ४.१.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २६: कृषि तथा पशुपन्छी विकासका अपेक्षित उपलब्धि र नतिजा खाका

| **नतिजा तह** | **नतिजा** | **सूचक/लक्ष्य** | **एकाई** | **आधार वर्ष (२०८०/८१)** | **योजना अवधिको लक्ष्य** | | | | | **जम्मा** | **पुष्ट्याइँको स्रोत** | **जोखिम पक्ष र अनुमान** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **प्रथम वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौँ वर्ष** | | | |
| प्रभाव | गाउँपालिकाको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्व वृद्धि गर्नु। | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छी पालनको हिस्सा | प्रतिशत | | | | | | | | गाउँपालिका प्रोफाइल, कृषि र पशु सेवा शाखाका प्रतिवेदनहरु | कृषि, पशु र खाद्य सुरक्षा क्षेत्रमा प्राथमिकता र यथेष्ट |
| | | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व | मे. ट./हेक्टर | | ३.११ | ३.१३ | ३.१५ | ३.१८ | ३.२० | ३.२० | | |
| | | आलु बालीको उत्पादकत्व | मे. | | ४० | ४३ | ४७ | ५० | ५५ | ५५ | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| | | | ट./हेक्टर | | | | | | | | | बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने । |
| | | तरकारीको उत्पादकत्व | मे. ट./हेक्टर | | २०.० | २२.० | २४.० | २७.० | ३०.० | ३०.० | | |
| | | फलफूलको उत्पादकत्व | मे. ट./हेक्टर | | ११ | १२ | १३ | १४ | १५ | १५ | | |
| | | दलहनको उत्पादकत्व | मे. ट./हेक्टर | | १.०५ | १.१ | १.२ | १.३ | १.५ | १.५ | | |
| | | दुधको उत्पादन वार्षिक | लिटर | | १५०० | १६०० | १७०० | १८०० | १९०० | २००० | | |
| | | मासुको उत्पादन वार्षिक | मे.ट. | | ५० | ६० | ७० | ८० | १०० | १०० | | |
| प्रतिफल | गाउँपालिकामा सम्भाव्य अन्न तथा नगदे बालीको उत्पादनमा व्यावसायीकरण भएको हुनेछ । | आफ्नो उत्पादनबाट १२ महिनासम्म खान पुग्ने परिवार | प्रतिशत | | ४६ | ४८ | ५० | ५३ | ५५ | ५५ | | |
| | | व्यावसायिक कृषि फर्म | सङ्ख्या | | ३५ | ५० | ७५ | १०० | १५० | १५० | | |
| | | कृषिमा आधारित रोजगारी | प्रतिशत | | ५६ | ५८ | ६० | ६२ | ६५ | ६५ | | |
| | | कृषि तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | २५० | | |
| | | प्लाष्टिक टनेल खेती | सङ्ख्या | | १० | २० | ३० | ४० | ५० | १५० | | |
| | | कृषि प्राविधिक | सङ्ख्या | | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | दुग्ध संकलन केन्द्र | सङ्ख्या | | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | व्यावसायिक पशुपालन फर्म | सङ्ख्या | | ५ | १० | १५ | ३० | ५० | ५० | | |
| | | घाँसको बीउ उत्पादन | मे. टन | | १ | १ | १ | १ | १ | १ | | |
| | | कृषक पाठशाला | सङ्ख्या | | ० | १ | १ | १ | ० | ३ | | |
| | | बीउ बैंक स्थापना र सञ्चालन | सङ्ख्या | | १ | ३ | ५ | ७ | ११ | ११ | | |
| | | पशु स्वास्थ्य प्राविधिक | सङ्ख्या | | ३ | ४ | ५ | ६ | ७ | ७ | | |

## ४.२ खाद्य सुरक्षा र पोषण

### ४.२.१ पृष्ठभूमि

हरेक नागरिकको खाद्य सुरक्षा तथा पोषण मौलिक अधिकारभित्रको विषयवस्तु हो । यसर्थ, गाउँपालिकाले हरेक नागरिकको खाद्य र पोषणमा पहुँच सुनिश्चित गर्न रणनीतिक पहल गर्नुपर्ने हुन्छ । गाउँका बालबालिका, अपांगता भएको व्यक्ति, जेष्ठ नागरिक लगायतका आम जनस्तरमा खाद्य  तथा पोषण सम्बन्धी सचेतना विकास गरी खाद्य सूरक्षा तथा पोषण सुनिश्चित गर्ने कार्य गाउँपालिकाको जिम्मेवारी भित्र पर्दछ । खाद्यको भौतिक उपलब्धता, खाद्यमा भौतिक र आर्थिक पहुँच, पर्याप्त खाद्यको उपयोग र यी तिन क्रियाकलापहरुमा दिगोपनको विकास गर्न स्थानीय सरकारले संवेदनशिल बन्नुपर्ने हुन्छ । यस गाउँपालिकामा खाद्य तथा पोषण क्षेत्रमा रहेका देहायअनुसारका सम्भावना, अवसर, समस्या र चुनौतिहरुको आधारमा आवधिक रणनीति तथा कार्यक्रम पहिचान गरी योजनामा समावेश गरिएको छ ।

### ४.२.२ सम्भावना

क) कृषि तथा पशुपालनलाई व्यावसायीकरण तर्फ विकास गरी खाद्य तथा पोषण आपूर्ति बढाउन सकिने,

ख) स्थानीय रैथाने बाली तथा पशुजन्य उत्पादनबाट पोषणयूक्त खाद्य वस्तुको आपूर्ति बढाउन सकिने ।

### ४.२.३ अवसर

क) कृषि तथा पशुपालनका लागि प्रशस्त जमिन र उपयुक्त हावापानी भएकोले खाद्य आपूर्तिमा सहयोग पुग्ने,

ख) बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालित रहेको,

ग) सूचना तथा सञ्चार प्रविधिको उपलब्धताले खाद्य तथा पोषण सचेतना विस्तार गर्न सहज रहेको ।

### ४.२.४ समस्या

यस गाउँपालिकामा खाद्य सुरक्षा तथा पोषण क्षेत्रमा देहायका समस्याहरु रहेका छन्:

क) स्थानीय नागरिकहरुलाई आधारभूत खाद्य तथा पोषण सम्बन्धमा चेतनाको कमी हुनु,

ख) खाद्य सुरक्षा र पोषण सम्बन्धी तथ्यांक तथा सूचना व्यवस्थान नहुनु,

ग) कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय घट्दै जानु,

घ) खाद्य सुरक्षा तथा पोषण लक्षित कार्यक्रमहरु न्यून मात्रामा हुनु ।

## ४.२.५ चुनौती

क) स्थानीय कृषि तथा पशुपालन व्यवसाय विस्तार गर्नु,

ख) बजारबाट आयातित खाद्य पदार्थको गुणस्तर नियन्त्रण गर्नु,

ग) खाद्य तथा पोषण सम्बन्धमा सबै नागरिकलाई सचेत र अनुशासित तुल्याउनु,

घ) परम्परागत आहार विधिमा सुधार ल्याउनु।

## ४.२.६ दीर्घकालीन सोच

"खाद्य र पोषणमा स्वाबलम्बनः छार्का ताङसोङ गाउँबासीको स्वस्थ जीवन"

## ४.२.७ लक्ष्य

हरेक नागरिकहरुलाई आधारभूत खाद्य उपलब्धता, पहुँच र उपयोगमा दिगोपन स्थापना गर्ने।

## ४.२.८ उद्देश्य

क) खाद्य सुरक्षा र पोषणमा विपन्न वर्ग वा खाद्य असुरक्षित वर्गको पहुँच सुनिश्चित गर्ने,

ख) हरेक नागरिकलाई खाद्य तथा पोषण क्षेत्रमा सचेत तुल्याई पहुँच र उपयोग अभिवृद्धि गर्ने।

## ४.२.९ रणनीति तथा कार्यनीति

गाउँपालिकाको खाद्य सुरक्षा तथा पोषण क्षेत्रमा विकासका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

तालिका २७: खाद्य सुरक्षा तथा पोषण विकासका रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १**: खाद्य सुरक्षा र पोषणमा विपन्न वर्ग वा खाद्य असुरक्षित वर्गको पहुँच सुनिश्चित गर्ने। | |
| १.१ खाद्य असुरक्षित वर्गको खाद्यन्न तथा पोषणमा पहुँच सुनिश्चित गर्ने। | १.१.१ खाद्य सुरक्षाको लागि उत्पादन विशेष कार्यहरु गरिनेछ।<br>१.१.२ मातृ शिशु पोषण कार्यक्रम प्रवर्द्धन गरिनेछ। |
| १.२ पोषणयुक्त खाद्यान्न उत्पादनमा जोड गर्ने। | १.२.१ पोषणयुक्त खाद्यान्न उत्पादन गर्न गाउँपालिकाबाट सहयोग गर्ने<br>१.२.२ पोषणयुक्त कार्यक्रमलाई निजी क्षेत्र तथा सहकारी क्षेत्रबाट कार्यान्वयन गर्ने वातावरण तयार गरिने छ।<br>१.२.३ पोषण कार्यक्रम, कृषि उत्पादन कार्यक्रम तथा पशुपंक्षी जन्य वस्तु उत्पादन कार्यक्रम आपसमा समन्वय गरी सञ्चालन गर्न जोड दिइनेछ। |

| **उद्देश्य २**: हरेक नागरिकलाई खाद्य तथा पोषण क्षेत्रमा सचेत तुल्याई पहुँच र उपयोग अभिवृद्धि गर्ने। | |
|---|---|
| २.१ खाद्य सुरक्षा तथा पोषण प्रवर्द्धन गर्ने। | २.१.१ गाउँबासीहरुमा खाद्य सुरक्षा तथा पोषण सम्बन्धमा सचेतना विस्तार गरिनेछ।<br>२.१.२ खाद्य असुरक्षित वर्गको पहिचान तथा उक्त वर्गलाई सचेत तुल्याइनेछ। |

## ४.२.१० कार्यक्रम तथा आयोजना

तालिका २८:  खाद्य सुरक्षा तथा पोषण विकासका कार्यक्रम तथा आयोजनाहरु

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधार वर्षको अवस्था | कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **२** | **खाद्य तथा पोषण** | | | | | | **२७१०** | **२७१०** | **२७१०** | **२७१०** | **२७१०** | **१३२५०** | |
| २.१ | पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | सबै | | १० | २०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | |
| २.२ | पोषणको लागि करेसाबारी प्रवर्द्धन कार्यक्रम | पटक | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| २.३ | दुध, मासु, फलफूल उत्पादन तथा पोषण व्यवस्थापन कार्यक्रम | पटक | सबै | | ५ | २५० | २५० | २५० | २५० | २५० | २५० | १२५० | |
| २.४ | बहुक्षेत्रीय पोषण तथा खाद्य सूरक्षा योजना तथा रणनीति तर्जुमा | गोटा | सबै | | १ | ५०० | ५०० | ० | ० | ० | ० | ५०० | |
| २.५ | विद्यालयहरुमा पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| २.६ | खाद्य असूरक्षित वर्ग सहायता कार्यक्रम | पटक | सबै | | ४ | ५०० | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | |
| २.७ | मातृ शिशु पोषण सहायता कार्यक्रम | पटक | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| २.८ | कुपोषण न्यूनीकरणका लागि स्वस्थ बानि र व्यवहारको प्रवर्द्धन लागि तालिम | जना | सबै | | ६० | ५ | ६० | ६० | ६० | ६० | ६० | ३०० | |

### ४.२.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३०: खाद्य सुरक्षा तथा पोषण विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका

<table>
<tr><th rowspan="2">नतिजा तह</th><th rowspan="2">नतिजा</th><th rowspan="2">सूचक/लक्ष्य</th><th rowspan="2">एकाई</th><th rowspan="2">आधार वर्ष (२०८०/८१)</th><th colspan="5">योजना अवधिको लक्ष्य</th><th rowspan="2">जम्मा</th><th rowspan="2">पुष्ट्याइँको स्रोत</th><th rowspan="2">जोखिम पक्ष र अनुमान</th></tr>
<tr><th>प्रथम वर्ष</th><th>दोस्रो वर्ष</th><th>तेस्रो वर्ष</th><th>चौथो वर्ष</th><th>पाँचौँ वर्ष</th></tr>
<tr><td rowspan="2">प्रभाव</td><td rowspan="2">गाउँपालिकाका सबै नागरिकहरुमा आधारभूत खाद्य तथा पोषणको उपलब्धता सुनिश्चित गर्नु ।</td><td>न्यूनतम् क्यालोरी पुगेको जनसंख्या</td><td>प्रतिशत</td><td></td><td>९०</td><td>९२</td><td>९५</td><td>९७</td><td>९९.५</td><td>९९.५</td><td rowspan="9">गाउँपालिका प्रोफाइल, कृषि र पशु सेवा शाखाका प्रतिवेदनहरु</td><td rowspan="9">खाद्य सुरक्षा क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने ।</td></tr>
<tr><td>प्रति व्यक्ति खाद्य उपलब्धता बढेको हुने</td><td>कि. ग्रा.</td><td></td><td>५००</td><td>६००</td><td>७००</td><td>८५०</td><td>१०००</td><td>१०००</td></tr>
<tr><td rowspan="2">असर</td><td rowspan="2">गाउँपालिकाका सबै नागरिकहरुमा आधारभूत खाद्य तथा पोषणको उपलब्धता भएको हुने ।</td><td>औषत क्यालोरी (२५३६) पुगेको जनसंख्या</td><td>प्रतिशत</td><td></td><td>७०</td><td>७५</td><td>८०</td><td>९०</td><td>१००</td><td>१००</td></tr>
<tr><td>उच्च खाद्य असुरक्षित परिवार संख्या</td><td>प्रतिशत</td><td></td><td>५</td><td>१०</td><td>१५</td><td>२०</td><td>३०</td><td>३०</td></tr>
<tr><td rowspan="5">प्रतिफल</td><td rowspan="2">गाउँपालिकामा खाद्य सुरक्षा र पोषण प्रवर्द्धन भएको हुनेछ ।</td><td>पोषण सम्बन्धी सचेत भएको जनसंख्या</td><td>प्रतिशत</td><td></td><td>२०</td><td>४०</td><td>६०</td><td>८०</td><td>१००</td><td>१००</td></tr>
<tr><td>खाद्य तथा पोषण सचेतना कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय</td><td>प्रतिशत</td><td></td><td>३५</td><td>५०</td><td>६५</td><td>८५</td><td>१००</td><td>१००</td></tr>
<tr><td></td><td>बहुक्षेत्रीय पोषण तथा खाद्य सूरक्षा योजना तथा रणनीति तर्जुमा</td><td>सङ्ख्या</td><td></td><td>१</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>१</td></tr>
<tr><td rowspan="3">खाद्य असुरक्षित वर्गको खाद्यन्न तथा पोषणमा पहुँच सूनिश्चित भएको हुनेछ ।</td><td>खाद्य तथा पोषण सहायता पाएको घरधुरी</td><td>प्रतिशत</td><td></td><td>५</td><td>१०</td><td>१५</td><td>२०</td><td>३०</td><td>३०</td></tr>
<tr><td>करेसाबारी भएको घरधुरी</td><td>प्रतिशत</td><td></td><td>६०</td><td>७०</td><td>८०</td><td>९०</td><td>१००</td><td>१००</td></tr>
<tr><td></td><td></td><td>मातृ शिशु पोषण सहायता पाएका जनसंख्या</td><td>प्रतिशत</td><td></td><td>५</td><td>१०</td><td>१५</td><td>२०</td><td>३०</td><td>३०</td><td></td><td></td></tr>
</table>

## ४.३ सिँचाइ विकास

### ४.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा कृषियोग्य भूमि १५.३९ वर्ग कि.मि. (४.४५ प्रतिशत) रहेको छ । यस गाउँपालिकामा प्रायजसो जमिनमा सिँचाई अभावको कारणले सबै खतियोग्य जमिनमा खेती गर्न सकिएको छैन । वर्षमा ४ महिना भन्दा बढी हिँउले ढाकिने भएकोले मौसमी प्रतिकूलताको कारणले खेती गर्न असहजता भएको पाईन्छ । उपलब्ध जमिन मध्ये ४.५ हेक्टर जमिनमा सिंचित गरिएको अवस्था छ ।

### ४.३.२ सम्भावना

क) खोला तथा खोल्सीहरुको उपयोग गरी सिँचाइ गर्न सकिने,
ख) साना सिँचाइ प्रणाली विकास गर्न सकिने,
ग) पुराना सिँचाई पूर्वाधारहरुलाई मर्मत सम्भार तथा आधुनिक प्रणालीमा विकास गर्न सकिने सम्भावना रहेको ।

### ४.३.३ अवसर

क) पर्याप्त मात्रामा पानीको स्रोत उपलब्ध हुनु,
ख) खेतीयोग्य भूमिहरुको उपलब्धता हुनु ।

### ४.३.४ समस्या

क) सञ्चालित रहेका सिँचाइ पूर्वाधारहरुको उचित मर्मत संभार हुन नसक्नु,
ख) सिँचाइ सुविधाको विकास हुन नसक्नु,
ग) सिँचाईक्षेत्रमा स्रोत लगानीको अभाव हुनु,
घ) भौगोलिक कठिनाईको कारण सिँचाई पूर्वाधार निर्माण गर्न खर्चालु हुनु,
ङ) उत्पादकत्व न्यून रहनु,

### ४.३.५ चुनौती

क) बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउनु,
ख) भौगोलिक कठिनाइको कारण सबै खेतीयोग्य भूमिहरुमा सिँचाइ सुविधा पुर्याउनु ।

### ४.३.६ दीर्घकालीन सोच

"दिगो सिंचाइको पूर्वाधार, उत्पादन र उत्पादकत्व वृद्धिको प्रमुख आधार"

### ४.३.७ लक्ष्य

सिँचाइ प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्ने।

### ४.३.८ उद्देश्य

क) हाल सञ्चालित सिँचाइ स्रोतहरुको संरक्षण र दिगो विस्तार गर्ने,

ख) सिँचाइका नयाँ सम्भावनाहरुको पहिचान तथा उपयोग गर्ने।

### ४.३.९ रणनीति तथा कार्यनीति

गाउँपालिकामा सिँचाइ सुविधाको दिगो विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्नका लागि देहायका रणनीति तथा कार्यनीतिहरु कार्यान्वयन गरिनेछ।

तालिका ३१: सिँचाइ विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १**: सञ्चालित सिँचाइको आयोजनाहरुको मर्मत, संरक्षण र दिगो विस्तार गर्ने। | |
| १.१ हाल सञ्चालनमा रहेका सिञ्चाई आयोजनाहरुको दिगो मर्मत सम्भार गर्ने | १.१.१ हाल सञ्चालित कुलो तथा पाईपहरुलाई दिगो मर्मत तथा स्तरोन्नती गरी संरक्षण गरिनेछ। |
| **उद्देश्य २**: सिँचाइका नयाँ सम्भावनाहरुको पहिचान तथा उपयोग गर्ने। | |
| २.१ सिँचाइ गुरुयोजना तयार गरी नयाँ सम्भावनाहरुको पहिचान तथा रणनीतिक उपयोग गर्ने। | २.१.१ एकिकृत सिँचाइ प्रणालीको लागि रणनीतिक सिँचाइ गुरुयोजना तयार गरिनेछ।<br>२.१.२ जलाधारहरुको बहुउपयोगी योजना बनाई सिँचाइ प्रणालीको विकास गरिनेछ।<br>२.१.३ गाउँपालिका क्षेत्रभित्र सम्भावित स्थानहरुमा सिँचाइ पोखरीहरु निर्माण गरिनेछ। |

## ४.३.१० कार्यक्रम तथा आयोजना

तालिका ३२: सिँचाइ विकासका कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **३** | **सिंचाई** | | | | | | **२२०००** | **४२०००** | **४२०००** | **४२०००** | **२२०००** | **१७००००** | |
| ३.१ | साना सिंचाई तथा मर्मत योजना | वार्षिक | सबै | | ५ | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| ३.२ | घेराङ्ग सिँचाई मर्मत तथा निर्माण आयोजना | वार्षिक | ५ | | २ | २०००० | २०००० | २०००० | ० | ० | ० | ४०००० | |
| ३.४ | पिप्री सिँचाई मर्मत तथा निर्माण आयोजना | वार्षिक | ५ | | २ | २०००० | ० | २०००० | २०००० | ० | ० | ४०००० | |
| ३.५ | मुकोट सिँचाई मर्मत तथा निर्माण आयोजना | वार्षिक | ६ | | २ | २०००० | ० | ० | २०००० | २०००० | ० | ४०००० | |
| ३.७ | ठिमेर सिँचाई मर्मत तथा निर्माण आयोजना | वार्षिक | २ | | २ | २०००० | ० | ० | ० | २०००० | २०००० | ४०००० | |
| ३.८ | सिँचाई आयोजनाहरुको डि.पि.आर. निर्माण। | वार्षिक | सबै | | ५ | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |

## ४.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३३: सिँचाइ विकासका अपेक्षित उपलब्धि तथा नतिजा

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| प्रभाव | गाउँपालिकाका सबै कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्धता सुनिश्चित गर्नु । | खेतीयोग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | | ६० | ६५ | ७० | ७५ | ८० | ८० | गाउँपालिका प्रोफाइल, पूर्वाधार शाखाका प्रतिवेदनहरु | सिँचाइ क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने । |
| | | बाह्रैमहिना सिँचाइ सुविधा पाउने घरधुरी | प्रतिशत | | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| असर | गाउँपालिकामा सिँचाइ उपलब्ध हुने क्षेत्र थप गरी कृषि उत्पादनमा बृद्धि भएको हुने । | सुचारु सिँचाइ आयोजना | सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | १० | | |
| | | कुलो तथा पाइप सिँचाइ स्तरीकरण र मर्मत सम्भार | प्रतिशत | | ३० | ४० | ५० | ६० | ७० | ७० | | |
| प्रतिफल | पानीको स्रोत संरक्षण र उपयोग भएको हुने । | संरक्षित गरिएको पानीको मुहान | प्रतिशत | | १० | २० | ४० | ७० | १०० | १०० | | |
| | | सिँचाइ कुलो नयाँ | सङ्ख्या | | २ | ३ | ३ | ३ | ३ | १४ | | |
| | | रिचार्ज पोखरी | सङ्ख्या | | १५ | २० | २५ | ३५ | ५० | ५० | | |

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

यस गाउँपालिकाको विकासमा उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । ग्राहस्थ उत्पादन, रोजगारी श्रृजना गरी गरीबी न्यूनिकरणमा उद्योग क्षेत्रको स्थान उच्च रहेको हुन्छ । नेपाल जस्तो कृषिमा आधारित अर्थतन्त्र भएको मुलुकमा कृषिबाट सेवा क्षेत्र तथा उद्योग क्षेत्रमा रोजगारी वृद्धि गर्न सकेमा देश, प्रदेश तथा स्थानीय तहको अर्थतन्त्रको विकास गर्न सकिन्छ । यस गाउँपालिकामा ठूला तथा मझौला उद्योगहरु स्थापना हुन सकेको छैनन् । यहाँ केबल कृषि तथा स्थानीय कच्चा पदार्थमा आधारित साना कुटिर उद्योग तथा घरेलु उद्योग सञ्चालनमा रहेका छन् जुन ज्यादै न्यून मात्रामा रहेका छन् । जसमा होटल व्यवसाय जम्मा १६ वटा रहेको छ, फेन्सी पसल व्यवसाय ३ वटा, क्लिनिक तथा औषधी व्यवसाय १ वटा, निर्माण व्यवासायी ५ वटा, किराना पसल ३ वटा, पुल हाउस २ वटा, खाजाघर तथा चियापसल १५ वटा, ढुवानी सेवा ५ वटा, सहकारी ३ वटा र बैंक १ वटा रहेको छ । यस गाउँपालिकाको मुख्य व्यापारिक केन्द्रको रुपमा छार्का र कागकोट रहेको छ भने चिनियाँ नाका तथा जिल्ला सदरमुकाम र छिमेकी जिल्ला मुस्ताङ्गबाट सामानहरु आपूर्ति गर्ने गरिन्छ । गाउँपालिकाको कृषि तथा गैरकृषि उद्योग, व्यापार तथा व्यवसायहरुको प्रवर्द्धन गर्नका लागि यस क्षेत्रमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीहरुको विश्लेषण गरी रणनीति, कार्यनीति तथा कार्यक्रमहरु यस योजनामा समावेश गरिएको छ ।

### ४.४.२ सम्भावना

क) कृषि तथा पशुपालनलाई व्यावसायीकरण गर्न सकिने,

ख) स्थानीय वन, कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योगहरु सञ्चालन गर्न सकिने,

ग) औद्योगिकग्राम निर्माण गरी सञ्चालन गर्न सकिने ।

### ४.४.३ अवसर

क) चिनियाँ नाकाबाट आयात निर्यात हुनु,

ख) पर्यटक वृद्धि हुँदा व्यापार व्यवसाय समेत वृद्धि हुनु,

ग) सहर बजारमा अर्गानिक उत्पादनलाई विशेष ग्राहयता दिने मानसिकताको विकास हुनु ।

### ४.४.४ समस्या

क) नागरिकहरुमा व्यावसायिक वातावरण नहुनु,

ख) उद्योगका लागि आवश्यक कच्चा पदार्थ यथेष्ट मात्रामा उपलब्ध नहुनु,

ग) प्रतिस्पर्धी मुल्यमा गुणस्तरीय वस्तुहरुको उत्पादन हुन नसक्नु,

घ) व्यवसायलाई पुँजीको अभाव हुनु,

ङ) वित्तीय संस्थाहरुको प्रभावकारी उपस्थिति न्यून हुनु,

च) स्थानीय स्तरमा उत्पादित कच्चा पदार्थमा आधारित उद्योग स्थापना नहुनु ।

### ४.४.५ चुनौती

क) स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई स्थापना गर्नु,

ख) व्यवसायिकताको विकास गर्नु,

ग) पलायन उन्मुख भएको युवाहरुको सोचलाई उद्यमशिल बनाई स्वरोजगार केन्द्रित गर्नु,

घ) उच्च लगानीमा औद्योगिक उत्पादनमा वृद्धि गर्नु,

ङ) आयातित वस्तुहरुलाई प्रतिस्थापन गर्नु ।

### ४.४.६ दीर्घकालीन सोच

“स्थानीय कच्चा पदार्थमा आधारित उद्योग विस्तार: छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वृद्धिको आधार”

### ४.४.७ लक्ष्य

स्थानीय स्रोत तथा कच्चा पदार्थमा आधारित उद्योग र व्यापारको प्रवर्द्धन गरी स्थानीय नागरिकहरुको आयस्तरमा वृद्धि गर्ने ।

### ४.४.८ उद्देश्य

क० स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनमा आधारित उद्योगहरुको प्रवर्द्धन गर्नु,

ख) उत्पादित वस्तुहरुको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु,

ग) पर्यटनक्षेत्रलाई उद्योगको रुपमा विस्तार गर्नु ।

## ४.४.९ रणनीति तथा कार्यनीति

यस गाउँपालिकामा उद्योग, व्यापार तथा व्यवसाय विकास गरी गाउँपालिकाबासीलाई समृद्ध तुल्याउनका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरु लागू गरिनेछः

तालिका ३४: उद्योग, व्यापार तथा व्यवसाय विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १**: स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनमा आधारित उद्योगहरुको प्रवर्द्धन गर्ने । | |
| १.१ स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्त तथा उद्योग सञ्चालन गर्न प्रवर्द्धन गर्ने । | १.१.१ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र व्यवसायिक उत्पादन गरी उद्योग प्रवर्द्धन गरिनेछ ।<br>१.१.२ नीजि-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>१.१.३ स्थानीय उद्योगी, व्यवसायीहरु सँग नियमित अन्तरक्रिया गरी प्रोत्साहन गरिनेछ ।<br>१.१.४ गाउँबासी नागरिकहरुलाई उद्यमशिलताको आधारभूत ज्ञानका लागि तालिम प्रदान गरिनेछ ।<br>१.१.५ गाउँस्तरीय औद्योगिकग्रामको स्थापना तथा सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ । |
| **उद्देश्य २**: उत्पादित वस्तुहरुको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्ने । | |
| २.१ स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने । | २.१.१ स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्धारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ<br>२.१.२ औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ ।<br>२.१.३ स्थानीय तथा बाह्य बजार व्यवस्थापनको लागु स्थानीय नीति बनाई कार्यान्वयन गरिनेछ ।<br>२.१.४ सुपथ मुल्य पसलहरु सञ्चालन तथा व्यवस्थापन गरी नियमित अनुगमनको प्रबन्ध मिलाइनेछ । |
| **उद्देश्य ३**: स्थानीय उद्योगहरुलाई पर्यटनक्षेत्र सँग जोड्ने, | |
| ३.१ स्थानीय उत्पादनमा आधारित पर्यटन विकास गरी पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने । | ३.१.१ स्थानीय कृषि तथा पशुजन्य उत्पादनलाई पर्यटनसँग जोड्न ठाँउठाँउमा कोसेलीघरहरु निर्माण गरिनेछ ।<br>३.१.२ स्थानीय उत्पादनहरुलाई गुणस्तरियता प्रवर्द्धन गर्दै ब्राण्डिङ्ग गरिनेछ ।<br>३.१.३ पर्यटकहरुको संख्या, बसाई र खर्च वृद्धि गर्न आवश्यक अध्ययन गरिनेछ ।<br>३.१.४ मौलिक कला, संस्कृति तथा धार्मिक पर्यटनलाई प्रवर्द्धन गरिनेछ । |

## ४.४.१० कार्यक्रम तथा आयोजना

तालिका ३५: उद्योग व्यापार तथा व्यवसाय विकासका कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| ४ | **उद्योग, व्यापार,व्यवसाय तथा आपूर्ति** | | | | | | **६५००** | **९५००** | **९५००** | **७०००** | **५०००** | **३७५००** | |
| **४.१** | **कृषि, पशु, घरेलु, र साना उद्योग प्रवर्द्धन** | | | | | | | | | | | | |
| ४.१.१ | पशु जन्य मासु , दुध, छुर्पी, चिज, खुवा आदि उत्पादन तथा प्रशोधन उद्योग | गोटा | सबै | | २ | २५०० | २५०० | २५०० | ० | ० | ० | ५००० | |
| ४.१.२ | स्याउको रक्सी उत्पादन उद्योग | गोटा | सबै | | २ | २००० | ० | २००० | २००० | ० | ० | ४००० | |
| ४.१.३ | जडिबुटि संकलन तथा प्रशोधन उद्योग | गोटा | सबै | | ६ | १००० | १००० | १००० | १००० | २००० | १००० | ६००० | |
| ४.१.४ | उन उत्पादन तथा प्रशोधन उद्योग | गोटा | सबै | | ३ | १००० | ० | १००० | १००० | १००० | ० | ३००० | |
| ४.१.५ | स्थानीय पोशाक राडीपाखी, स्वीटर, कोट, पटुकाको व्यवसायिक उत्पादन उद्योग | गोटा | सबै | | ३ | १५०० | १५०० | १५०० | १५०० | ० | ० | ४५०० | |
| ४.१.६ | काष्ठ उद्योग | गोटा | सबै | | ३ | २५०० | ० | ० | २५०० | २५०० | २५०० | ७५०० | |
| **४.२** | **उद्यमशिलाता तथा सिप विकास** | | | | | | | | | | | | |
| ४.२.१ | होटल तथा गाइड सम्बन्धी तालिम | जना | सबै | | ५० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ४.२.२ | तरकारी खेती तालिम | जना | सबै | | ५० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ४.२.३ | वाइरिङ, प्लम्बीङ्ग, सिकर्मी, डकर्मी सम्बन्धी तालिम | जना | सबै | | २०० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| ४.२.४ | मोबाइल रिपेरिङ्ग, कुक तथा होटल व्यवस्थापन तालिम | जना | सबै | | ५० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| ४.२.५ | किटिक बुनाई तालिम | जना | सबै | | १०० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| **४.३** | **युवा उद्यमी प्रवर्द्धन** | | | | | | | | | | | | |
| ४.३.१ | युवा उद्यमी तालिम | जना | सबै | | ५० | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ४.३.२ | युवा उद्यम बिउ पूँजी कोष व्यवस्थापन | एकमुष्ट | सबै | | ५ | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |

## ४.४.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३७: उद्योग व्यापार तथा व्यवसाय विकासका अपेक्षित उपलब्धि तथा नतिजा

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| प्रभाव | औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा गाउँपालिकाको अर्थतन्त्रमा समृद्धि आएको हुनेछ। | उद्योग व्यवसायमा संलग्न उद्यमी/व्यवसायी | प्रतिशत | | ३ | ३ | ५ | ६ | ७ | १० | गाउँपालिका प्रोफाइल, उद्यम विकास शाखाका प्रतिवेदनहरु | उद्योग तथा व्यवसाय क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने। |
| | | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | | |
| असर | गाउँपालिकामा लघु, घरेलु, साना र मझौला उद्योगहरुको स्थापना भई रोजगारीको अवसर सिर्जना भएको | उद्योग व्यवसायमा प्रत्यक्ष रोजगारी वृद्धि (वार्षिक) | प्रतिशत | | ५ | ६ | ७ | ८ | १० | १० | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | हुने। | सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | | |
| | | लघु, घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | | १०० | १०० | २०० | २०० | ४०० | १००० | | |
| | | मझौला उद्योग दर्ता | सङ्ख्या | | ५ | १० | १० | १५ | २० | ६० | | |
| प्रतिफल | गाउँपालिकामा कृषि तथा स्थानीय स्रोत साधनमा आधारित लघु, घरेलु, साना र मझौला उद्योगहरु स्थापना र सञ्चालन भएको हुने । | कृषिमा आधारित उद्योग | सङ्ख्या | | ५० | ६० | ७० | ८० | १०० | १०० | | |
| | | अन्य स्थानीय सोत साधन र सीपमा आधारित उद्योग | सङ्ख्या | | ३ | ५ | ७ | १० | १५ | १५ | | |
| | | किराना पसल र अन्य व्यवसाय | सङ्ख्या | | ५० | ५० | ६० | ६० | ८० | ३०० | | |
| | गाउँपालिकामा कृषि तथा स्थानीय स्रोत साधनमा आधारित उद्यमी र सीपयुक्त जनशक्ति बृद्धि भएको हुने । | उद्यमशिलता तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | | |
| | | कृषि तथा पशुपालन सीप तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | २५० | | |
| | | आधुनिक प्राविधिक सीप तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | २५० | | |

## ४.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

गाउँबासीहरुको प्रमुख श्रम लगानी भएको क्षेत्र नै कृषि तथा पशुपालन हो । यद्दपी अन्य व्यापार, व्यवसायमाहरुमा संलग्न छन् । गाउँपालिकाका युवाहरुलाई दक्ष बनाई स्थानीय पेशा व्यवसायहरुमा प्रेरित गर्नुपर्ने आजको आवश्यकता रहेको छ । स्थानीय उत्पादनहरुमा ह्रास आएको कारण परनिर्भरता बढ्दै गएको छ । तसर्थ कृषि पशुपालन, साना तथा मझौला उद्योग र व्यवसाय र सेवामूलक व्यवसायहरुमा युवाहरुलाई दक्ष बनाई आकर्षित गर्न सके मात्र स्थानीय उत्पादन बढेर दिगो आर्थिक वृद्धि हाँसिल गर्न सकिन्छ । श्रमशक्ती पलायन भइरहेको परिप्रेक्ष्यमा श्रम रोजगारीको क्षेत्रमा गाउँपालिकाले विशेष लगानी गर्नुपर्ने आवश्यकता रहेको छ ।

समावेशी तथा दिगो विकासका लागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधनको रुपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्था सहितको संरक्षणको व्यवस्था गर्दै आएको छ । संघीय सरकारले जस्तै स्थानीय तहले समेत विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, दिगो र प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

### ४.५.२ सम्भावना

क) श्रम तथा रोजगारी क्षेत्रलाई व्यवस्थित गराई श्रमिकको भविष्य जीवन रक्षा गर्न सकिने,

ख) अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सशक्तीकरण गरी गरिवी निवारणमा योगदान गर्न सकिने,

ग) सुरक्षित श्रम तथा रोजगारीको वातावरण सिर्जना गर्न सकिने,

घ) श्रमिकहरुको सहभागितामा सामाजिक सुरक्षा कोष स्थापना गर्न सकिने,

ङ) श्रम आपूर्तिमा प्रभावकारीता कायम गर्नका लागि श्रम बैंकको अवधारणा लागू गर्न सकिने ।

### ४.५.३ अवसर

क) विप्रेषणलाई उत्पादनशिल क्षेत्रमा लगाई रोजगारी प्रदान गर्न सकिने,

ख) श्रम बैंकको स्थापना गरी स्थानीय स्तरमा श्रमशक्ती प्रयोग गर्न सकिने,

ग)  सूचना प्रविधिको कारण श्रम तथा रोजगारीको सूचना तथा तथ्याङ्क चाँडो  प्राप्त हुने,

घ)  सरकारी तथा निजी क्षेत्रबाट व्यवसायिक सीप विकास तालिमका कार्यक्रमहरु निरन्तर चलिरहेको ।

### ४.५.४ समस्या

क)  औपचारिक रोजगारी तथा श्रमको अवसर अति न्यून हुनु,

ख)  अनौपचारिक रोजगारी क्षेत्रमा श्रमिकको सुरक्षा व्यवस्था नहुनु,

ग)  रोजगारीका अवसर तथा श्रमको सुरक्षा सम्बन्धमा सूचना व्यवस्थापन नहुनु,

घ)  बेरोजगारीका कारण युवाहरुमा लागू पदार्थको दुर्व्यशनी बढेको ।

### ४.५.५ चुनौती

क)  पलायन प्रवृत्तिलाई रोक्नु,

ख)  श्रम बजार व्यवस्थित गर्नु र श्रमिक सुरक्षा व्यवस्था गर्नु,

ग)  स्वरोजगारीको वातावरण बनाउनु,

घ)  स्थानीय स्तरमा रोजगारको अवसर सिर्जना गर्नु,

ङ)  अनौपचारिक श्रम शक्तिलाई सुरक्षा गर्नु ।

### ४.५.६ दीर्घकालीन सोच

‘‘सामाजिक सुरक्षा सहित श्रमको सम्मान, रोजगारीको वृद्धी गरी समृद्ध छार्का ताङसोङ  निर्माण’’

### ४.५.७ लक्ष्य

सामाजिक सुरक्षा सहित उद्यमशिलता र स्व–रोजगार वृद्धि गर्ने ।

### ४.५.८ उद्देश्य

क)  स्थानीय श्रमिकहरुलाई व्यवसायिक सीपयुक्त बनाउनु,

ख)  श्रमिकहरुको लागि सामाजिक सुरक्षा सुनिश्चित गर्नु ।

### ४.५.९ रणनीति तथा कार्यनीति

गाउँपालिकामा श्रम तथा रोजगारीको सिर्जना र सामाजिक सुरक्षाको व्यवस्था मजबुद बनाई गाउँपालिकाबासीहरुलाई समृद्ध तुल्याउनका लागि देहायका रणनीति तथा कार्यनीतिहरु पहिचान गरिएको छः

तालिका ३८:  श्रम रोजगारी तथा सामाजिक सुरक्षा क्षेत्रको विकासका रणनीति तथा कार्यनीतिहरु

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| **उद्देश्य १**: स्थानीय श्रमिकहरुलाई व्यवसायिक सीपयुक्त बनाउनु । | |
| १.१ व्यवसायिक सीप विकास कार्यक्रम गर्ने । | १.१.१ श्रम बैङ्कको स्थापना गरी स्थानीय श्रमिकहरुको तथ्याङ्क व्यवस्थापन गरिनेछ ।<br>१.१.२ श्रमिक तथा मजदुरहरुलाई आवश्यकता अनुसार पेशागत सीप विकास तालिम सञ्चालन गरिनेछ ।<br>१.१.३ श्रम बजारको माग अनुसारको जनशक्ति उपलब्ध गराउन सोही अनुसारको सीप र दक्षता विकास गराईनेछ ।<br>१.१.४ महिला, दलित, युवा र आदिबासी, आश्रित परिवार सदस्य तथा लक्षित वर्गहरुका लागि रोजगार सीप विकास तालिम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २**: श्रमिकहरुको लागि सामाजिक सुरक्षा सुनिश्चित गर्नु । | |
| २.१ श्रमिकहरुलाई सामाजिक सुरक्षाको मूल प्रवाहमा आबद्ध गराउने । | २.१.१ श्रमिकहरुका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ,<br>२.१.२ अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षाको दाहेरा भित्र ल्याइनेछ। |

## ४.५.१० कार्यक्रम तथा आयोजना

तालिका ३९: श्रम रोजगारी तथा सामाजिक सुरक्षा क्षेत्रका कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाई | वडा | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| ५ | **श्रम रोजगारी तथा सामाजिक सुरक्षा** | | | | | | **३६००** | **२६००** | **२६००** | **२६००** | **२६००** | **१४०००** | |
| **५.१** | **श्रमिक सामाजिक सुरक्षा प्रवर्द्धन र तथ्यांक व्यवस्थापन** | | | | | | | | | | | | |
| ५.१.१ | श्रम बैंक तथा सूचना केन्द्र स्थापना | गोटा | सबै | | १ | १००० | १००० | ० | ० | ० | ० | १००० | |
| ५.१.२ | श्रमिक कोष व्यवस्थापन | वार्षिक | सबै | | ५ | २००० | २००० | २००० | २००० | २००० | २००० | १०००० | |
| ५.१.३ | स्वरोजगार प्रोत्साहन कार्यक्रम | वार्षिक | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| ५.१.४ | लोकसेवा तयारी कक्षा सञ्चालन कार्यक्रम | जना | सबै | | ५० | १० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |

## ४.५.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४१: श्रम रोजगारी तथा सामाजिक सुरक्षा क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजा

| **नतिजा तह** | **नतिजा** | **सूचक/लक्ष्य** | **एकाई** | **आधार वर्ष (२०८०/८१)** | **योजना अवधिको लक्ष्य** | | | | | **जम्मा** | **पुष्ट्याइँको स्रोत** | **जोखिम पक्ष र अनुमान** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **प्रथम वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौँ वर्ष** | | | |
| प्रभाव | श्रमिकहरुको प्रतिव्यक्ति आयमा वृद्धि भई गरिवी न्यूनीकरणमा योगदान पुग्नेछ। | श्रमिकहरुको प्रतिव्यक्ति आय (वार्षिक) | रु (लाख) | | २.५ | २.८ | ३. | ३.५ | ५ | ५ | गाउँपालिका प्रोफाइल, रोजगार शाखाका प्रतिवेदनहरु | श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| असर | श्रमिकहरुको रोजगारीको वार्षिक औषत दिन वृद्धि भई आयमा बृद्धि भएको हुनेछ। | रोजगारीको औषत दिन (वार्षिक) | दिन | | ११० | १२० | १३० | १४० | १५० | १५० | | सुचारु कार्यान्वयन भएको हुने। |
| प्रतिफल | श्रमिकहरुको पेशागत क्षमता र सीप वृद्धि भएको हुनेछ। | क्षमता विकास तालिम पाएका श्रमिक | सङ्ख्या | | ५० | १२० | १९० | ३०० | ५०० | ५०० | | |
| | | पेशागत तालिमप्राप्त मजदुर/श्रमिक | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | | |
| | श्रमिकहरुको एकीकृत सूचना प्रणाली विकास भएको हुनेछ। | परिचयपत्र पाएका मजदुर/श्रमिक | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | | |
| | | श्रमिक तथ्याङ्क प्रणाली | पटक | | ० | १ | ० | ० | ० | १ | | |
| | गाउँपालिकाले श्रमिकहरुको सामाजिक सुरक्षा सुनिश्चित गरेको हुनेछ। | श्रमिक हितकोषमा आवद्ध मजदुर/श्रमिक | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | | |

## ४.६ पर्यटन, संस्कृति तथा सम्पदा विकास

### ४.६.१ पृष्ठभूमि

पर्यटन क्षेत्र विकासका लागि पर्यटकीय स्थल, न्यानो आतिथ्यता, होटेल, रेष्टुरेण्ट, शान्त र रमणीय पदमार्ग आदिको ठूलो योगदान रहेको हुन्छ । छार्का ताङसोङ गाउँपालिकाको विशिष्ट ऐतिहासिक, साँस्कृतिक, धार्मिक एवं प्राकृतिक सम्पदाहरुलाई पर्यटकीय प्रयोजनमा ल्याउन सकिने सम्भावनालाई दृष्टिगत गरि यस्ता सम्पदाको यथोचित संरक्षण र आवश्यक पूर्वाधारहरुको व्यवस्थाबाट आन्तरिक एवम् बाह्य पर्यटकहरु भित्र्याउन सकिन्छ । धार्मिक पर्यटन, रमणीय स्थलहरुको भ्रमण, साहसिक खेलहरु, कृषि पर्यटन आदि यस गाउँपालिकाका सम्भावित पर्यटनका क्षेत्रहरु हुन् । त्यस्तै पर्यटन प्रवर्द्धनका क्षेत्रमा घर आवास (होमस्टे) सेवाको समेत ठुलो सम्भावना रहेको छ ।

छार्का ताङसोङ गाउँपालिका पर्यटकीय स्थलहरुले भरिपूरण रहेको छ । उच्च हिमाली भाषा, संस्कृति अतिरिक्त पुथा हिमाल, मुकोट हिमाल तथा धौलागिरी-२ हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिन्छ । यस गाउँपालिकामा विश्वकै उच्च स्थानमा रहेको मानव बस्ती छार्का भोट र हालसालै पहिचान भएको वाङवुर ताल रहेको छ । यस्तै गाउँपालिकाको ऐतिहासिक, मौलिक कला, संस्कृति तथा धार्मिक गुम्बा, मन्दिर, छयोर्तेन आदिलाई समेत पर्यटन प्रवर्द्धन गर्ने स्तम्भको रुपमा लिईएको छ ।

### ४.६.२ सम्भावना

क) पर्यापर्यटन प्रवर्द्धन गर्न सकिने,

ख) पर्यटकीय साहासिक खेलहरुको सम्भावना रहेको,

ग) कृषि पर्यटनको सम्भावना रहेको,

घ) पर्यापर्यटनको प्रवर्द्धन गरी वातावरण संरक्षण गर्न सकिने,

ङ) होमस्टे सञ्चालन गर्न सकिने ।

### ४.६.३ अवसर

क) साँस्कृतिक तथा मौलिक पहिचान रहेको,

ख) हिमाली दृश्यावलोकन गर्न सकिने स्थलहरु रहेको,

ग) पर्यटन क्षेत्रमा चासो वृद्धि हुँदै जानु ।

## ४.३.४ समस्या

क) सडक सञ्जाल तथा पदमार्गहरुको अपेक्षित विकास नहुनु,

ख) पर्यटकीय गतिविधिलाई बढावा दिन नसक्नु,

ग) स्थानीय उत्पादनसँग पर्यटन व्यवसायलाई आबद्ध गराउन नसक्नु,

घ) गुम्बा तथा ऐतिहासिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन हुन नसक्नु,

ङ) पर्यटकीय पूर्वाधारहरुमा लगानी गर्न आर्थिक व्यवस्थापन नहुनु,

च) पर्यटकीय सम्भावना पहिचान गरि प्रचार प्रसारमा कमी हुनु ।

## ४.६.५ चुनौती

क) विद्यमान मौलिक कला तथा जातीय संस्कृतिमा बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु,

ख) ऐतिहासिक कला र संस्कृतिहरुको पुस्ता हस्तान्तरण हुन नसक्नु,

ग) विभिन्न जातजाति तथा अल्पसंख्यकले बोल्ने भाषा लोप हुने खतरामा हुनु,

घ) पर्यटकको बसाईको लागि पर्यटन स्तरको होटेल सुविधा आदि पर्याप्त नहुनु,

ङ) पर्यटकको बसाई दिन र खर्च वृद्धि गर्नु,

च) स्थानीय उत्पादनमा आधारित पर्यटकीय उपभोगको वातावरण सिर्जना गर्नु ।

## ४.३.६ दीर्घकालीन सोच

“छार्का ताङसोङ समृद्धिको आधार, दिगो पर्यटनको विस्तार”

## ४.३.७ लक्ष्य

पर्यटकीय गन्तव्य स्थलको विकासबाट रोजगारीको श्रृजना एवम् आय आर्जनमा वृद्धि गर्न प्राकृतिक तथा धार्मिक साँस्कृतिक सम्पदामा आधारित विशिष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित गर्ने ।

## ४.३.८ उद्देश्य

क) पर्यटन र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु,

ख) पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु,

ग) पर्यटनलाई उद्योगको रुपमा विकास गरी गाउँबासीको आय र रोजगारीमा वृद्धि गर्नु ।

## .३४.९ रणनीति तथा कार्यनीति

गाउँपालिकाले पर्यटन क्षेत्रमा दिगो विकास गरी आय स्रोत सिर्जना गर्नका लागि देहायअनुसारका रणनीति तथा कार्यनीति पहिचान गरिएको छः

तालिका ४२: पर्यटन विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १:** पर्यटन र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु। | |
| १.१ पर्यटन व्यवसायलाई स्थानीय उत्पादनसँग जोड्ने। | १.१.१ पर्यटन व्यवसायीलाई होटल तथा रेष्टुराँहरुमा खपत हुने खाद्य सामाग्री स्थानीय उत्पादन नै प्रयोग गर्न प्रोत्साहन तथा सहजीकरण गरिनेछ।<br>१.१.२ स्थानीय हस्तकला, शिल्पी सामाग्री तथा अन्य सजावटका सामाग्रीहरुको उत्पादन प्रोत्साहन गरी पर्यटनसँग जोडिनेछ।<br>१.१.३ स्थानीय उत्पादनहरुको ब्राण्डिङ तथा प्रवर्द्धन गर्न ठाँउठाँउमा कोसेली घरहरुको निर्माण गरिनेछ। |
| **उद्देश्य २:** पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु। | |
| २.१ पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय पूर्वाधारहरुको योजनाबद्ध विकास गर्ने। | २.१.१ प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्य र उपजहरुको दिगो उपयोग र संरक्षण गरिनेछ।<br>२.१.२ पर्यटकीय पदमार्ग तथा पर्यटक क्याम्पिङ्ग साईटहरुको निर्माण गरिनेछ।<br>२.१.३ पर्यटकीय गन्तव्य तथा स्थलहरु प्रवर्द्धन गर्न आवश्यक पर्ने पूर्वाधारहरुको क्रमश विकास गरिनेछ।<br>२.१.४ गाउँक्षेत्र भित्र रहेका साँस्कृतिक एवम् ऐतिहासिक स्थलहरुको संरक्षणको लागि आवश्यक मर्मत सम्भार गरिनेछ।<br>२.१.५ पर्यटकीय पूर्वाधारहरु निर्माण गर्दा स्थानीय संस्कृति र मौलिकता प्रवर्द्धन गरिनेछ। |
| **उद्देश्य ३:** पर्यटनलाई उद्योगको रुपमा विकास गरी गाउँबासीको आय र रोजगारीमा वृद्धि गर्नु। | |
| ३.१ पर्यटन विकासका लागि आवश्यक मानव संसाधन तथा गुणस्तरीयताको विकास गर्ने | ३.१.१ पर्यटन व्यवसायी, होमस्टे सञ्चालक आदिलाई आवश्यक पर्यटन तथा होटल व्यवस्थापन तालिम (Food Preparation and Control, Tourist Guide, Trekking Guide, Tourism Quality Management) आदि सञ्चालन गरिनेछ।<br>३.१.२ पर्यटक संख्या वृद्धि गर्न सूचना प्रविधिको प्रयोग गरी आवश्यक प्रचार प्रसार, डकुमेन्ट्री सामाग्री, वृत्त चित्र, पर्यटकीय स्थलको बारेमा पत्रिका सामाग्री आदिको निर्माण गरिनेछ।<br>३.१.३ पर्यटन प्रवर्द्धन, पर्यटकको स्टे र खर्च वृद्धि गराउन सम्भाव्यता अध्ययन गरी गाउँपालिकास्तरीय वृहत पर्यटन गुरुयोजना निर्माण गरिनेछ। |

## ४.३.१० कार्यक्रम तथा आयोजना

तालिका ४३: पर्यटन विकासका कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम तथा आयोजना | इकाई | वडा | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **६** | **पर्यटन विकास** | | | | | | **१०५५०** | **१५८००** | **१४८००** | **१६०५०** | **७३००** | **६४५००** | |
| ६.१ | गाउँपालिका स्तरीय पर्यटकीय वृहत गुरुयोजना निर्माण। | गोटा | सबै | | १ | २००० | २००० | ० | ० | ० | ० | २००० | |
| ६.२ | गाउँपालिकाको वृत्तचित्र निर्माण | गोटा | सबै | | १ | १००० | ० | १००० | ० | ० | ० | १००० | |
| ६.३ | पर्यटन विकासको लागि प्रचार प्रसार कार्यक्रम | एकमुष्ट | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| ६.४ | कोसेली घर निर्माण | गोटा | सबै | | ३ | ५००० | ० | ५००० | ५००० | ५००० | ० | १५००० | |
| ६.५ | होमस्टे सम्बन्धी सम्भाव्यता अध्ययन तथा प्रवर्द्धन कार्यक्रम | गोटा | सबै | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |
| ६.६ | सुरक्षित पर्यटकीय पूर्वाधार (साइन बोर्ड, सूचना बोर्ड, रेष्टिङ्ग हट आदि) निर्माण | एकमुष्ट | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| ६.७ | विभिन्न स्थानहरुमा क्याम्पीङ्ग साइट निर्माण | गोटा | सबै | | १० | ५०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| ६.८ | कृषि पर्यटन तथा धार्मिक पर्यटन विकास कार्यक्रम | वार्षिक | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| ६.९ | स्थानीय गुम्बाहरु (फेतेलिङ्ग गुम्बा, घेरावाङ्ग साम्दिक छोइलिङ्ग गुम्बा, छोइटनी गुम्बा, शुक्मार गुम्बा, टक्मार गुम्बा, ताङजोङ गुम्बा आदि) को मर्मत, सम्भार तथा व्यवस्थापन कार्यक्रम | वार्षिक | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| ७.० | कागकोट देखी पुथा हिमाल बेस क्याम्प सम्म पदमार्ग निर्माण | एकमुष्ट | 4 | | १ | २५०० | १२५० | १२५० | ० | ० | ० | २५०० | |
| ७.१ | जारसाजा देखी नुरकुम सम्म पदमार्ग निर्माण | एकमुष्ट | 6 | | १ | २५०० | ० | १२५० | १२५० | ० | ० | २५०० | |
| ७.२ | मुकोट देखी धर्मशाला सम्म पदमार्ग निर्माण | एकमुष्ट | 6 | | १ | २५०० | ० | ० | १२५० | १२५० | ० | २५०० | |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाई | वडा | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| ७.३ | ढुकोट गाउँ देखी कोका सम्म पदमार्ग निर्माण | एकमुष्ट | 3 | | १ | २५०० | ० | ० | १२५० | १२५० | ० | २५०० | |
| ७.४ | टेसिन देखी गुम्ले सम्म पदमार्ग निर्माण | एकमुष्ट | 3 | | १ | २५०० | १२५० | १२५० | ० | ० | ० | २५०० | |
| ७.५ | शेरी देखी सिङविङ टसी छोईदिन गुम्बा सम्म पदमार्ग | एकमुष्ट | ६ | | १ | २५०० | ० | ० | ० | १२५० | १२५० | २५०० | |
| ७.६ | छार्का देखी याक ताल सम्म पर्यटन पदमार्ग निर्माण | एकमुष्ट | १ | | १ | २५०० | १२५० | १२५० | ० | ० | ० | २५०० | |
| ७.७ | बाङ्गवुर देखी बंगुर ताल सम्म पदमार्ग निर्माण | एकमुष्ट | १ | | १ | २५०० | ० | ० | १२५० | १२५० | ० | २५०० | |
| ७.८ | मोङ्क देखी घामीपास सम्म पदमार्ग निर्माण | एकमुष्ट | १ | | १ | २५०० | ० | ० | ० | १२५० | १२५० | २५०० | |
| ७.९ | छिमेकी पालिका पर्यटन सहकार्य तथा समन्वय कार्यक्रम | वार्षिक | सबै | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |

## ४.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४५: पर्यटन विकासका अपेक्षित उपलब्धि तथा नतिजा

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| प्रभाव | दिगो पर्यटनबाट स्थानीय उत्पादन र रोजगारीमा बृद्धि भई गाउँपालिकाको आर्थिक समृद्धिमा योगदान पुगेको हुनेछ । | पर्यटक सङ्ख्यामा वृद्धि (आन्तरिक) | प्रतिशत | - | ५ | १० | २० | ३० | ५० | ५० | गाउँपालिका प्रोफाइल, आर्थिक विकास शाखाका प्रतिवेदनहरु | पर्यटन विकास क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने । |
| | | पर्यटक सङ्ख्यामा वृद्धि (बाह्य) | प्रतिशत | - | ३ | ५ | १० | १५ | २० | २० | | |
| | | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने नागरिक | सङ्ख्या | - | ५० | १०० | १५० | २०० | ३०० | ८०० | | |
| असर | पर्यटन व्यवसायको विकास भएको हुनेछ । | पर्यटनमैत्री होटेल व्यवसाय | सङ्ख्या | - | १० | २० | ३० | ५० | १०० | १०० | | |
| | | पर्यटनमैत्री स्थानीय | किसिम | - | ८ | १० | १५ | ३० | ५० | ५० | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| | | उत्पादन | | | | | | | | | | |
| | | पर्यटकहरुको आगमन (वार्षिक) | सङ्ख्या | - | २००० | ३००० | ५००० | १०००० | १०००० | ३०००० | | |
| | | आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | - | ५ | १० | १५ | २० | २५ | २५ | | |
| प्रतिफल | पर्यटकीय गन्तव्यहरुको पूर्वाधार निर्माण र सौन्दर्यीकरण भएको हुनेछ। | पर्यटन पदमार्ग निर्माण | सङ्ख्या | - | ३ | ५ | ७ | ९ | १० | १० | | |
| | | पर्यटन स्थलहरुको सौन्दर्यीकरण | सङ्ख्या | - | ३ | ५ | १० | १५ | २० | २० | | |
| | | स्थानीय मेला पर्वहरुको आयोजना | सङ्ख्या | - | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| | पर्यटन उद्योगका लागि स्थानीय जनशक्ति विकास भएको हुनेछ। | पर्यटन व्यवसायको लागि तालिमप्राप्त जनशक्ति | सङ्ख्या | - | ५० | ५० | १०० | १०० | २०० | ५०० | | |
| | पर्यटन शिक्षा र बजारीकरण भएको हुनेछ। | पर्यटन विज्ञापन तथा प्रचारप्रसार | पटक | - | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| | | पर्यटन स्थलहरुको वृत्तचित्र/डकुमेन्ट्री | सङ्ख्या | - | ३ | ५ | १० | १४ | १८ | ५० | | |

## ४.७ वित्तीय संस्था तथा सहकारी क्षेत्र परिचालन

## ४.६.१ पृष्ठभूमि

संविधानले देशको अर्थतन्त्रका तीन खम्बाको रुपमा नीजि, सहकारी र सार्वजनिक क्षेत्रलाई स्वीकार गरेको छ। वित्तिय पहुँचका लागि बैंक, लघुवित्त संस्था, वचत तथा ऋण सहकारीहरूको भुमिकाले महत्व राख्दछ। स-साना रुपमा गाउँ वस्तीहरुमा छरिएर रहेको रकमलाई जम्मा गरी आर्थिक कारोबार गर्दै केही मात्रामा रोजगारी प्राप्त गर्ने र पूँजी परिचालन गरि आर्थिक अवस्था समेत सुधार्ने र आर्थिक वृद्धिदर बढाउन सहकारी संस्थाहरुको भूमिका महत्वपूर्ण हुन्छ। थोरै थोरै बचत गरेर ठूलो धनराशी निर्माण गरी स्वरोजगारी सिर्जना गर्ने तथा पशुपालन तरकारी खेती, फलफूल खेती जस्ता आयमूलक व्यवसाय गरी व्यक्ति तथा परिवारको आर्थिक अवस्था उकास्न सहकारी संस्था महत्वपूर्ण सावित भएको छ।

छार्का ताङसोङ गाउँपालिकामा ३ वटा सहकारी र १ वटा बैंक रहेको परिप्रेक्ष्यमा यस गाउँपालिकाको वित्तीय शिक्षा अभिवृद्धि गरिनुपर्ने तत्कालिन आवश्यकता रहेको छ। सहकारी मार्फत महिलाहरूले गरेका अथक प्रयासहरूलाई अझ विस्तार गर्दै लगानीको वातावरण तयार गर्नका लागि चाहिने वित्तीय स्रोतको परिचालन नीतिको परिस्कृत संस्करणको आवश्यकता छ। वित्तीय परिचालनको माध्यमका रुपमा सहकारी क्षेत्रको योगदानलाई विश्वका धेरैजसो देशले स्वीकार गरेको छ।

## ४.६.२ सम्भावना

क) गाउँबासीहरुलाई सहकारीमा आबद्ध गराई सामुहिक कृषि, व्यवसाय र आर्थिक क्रियाकलापमा सक्रिय बनाउन सकिने,

ख) सहकारीको विकास गरी महिला, दलित तथा विपन्न वर्गहरुको आर्थिक सामाजिक सशक्तीकरण गराउन सकिने,

ग) कृषि तथा पशुपालनको क्षेत्रमा सहकारीहरु कृयाशिल गराई कार्यक्रमहरु सञ्चालन गर्न सकिने।

## ४.६.३ अवसर

क) गाउँपालिका स्तरीय सहकारी सम्बन्धी कानुन बनाई नियमन गर्न सकिने,

ख) सहकारी प्रति स्थानीय नागरिकहरु सकारात्मक हुनु।

### ४.३.४ समस्या

क) सहकारी तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून हुनु,

ख) सहकारीहरुलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु,

ग) सहकारी संस्थाहरूले सहकारीको नीति, सिद्धान्त र मान्यता अनुसार कार्यक्रम सञ्चालन नहुनु,

घ) वित्तीय साक्षरतामा कमी हुनु,

### ४.६.५ चुनौती

क) प्रचलित सहकारी ऐनमा समय सापेक्ष परिमार्जन हुन नसकेकोले सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन, अनुगमन र नियमन सम्बन्धी कार्यहरुमा प्रभावकारिता ल्याउनु,

ख) बचत तथा ऋण परिचालन गर्ने सहकारी संस्थाहरुको पर्याप्त नियमन गर्नु,

ग) सहकारीहरुलाई व्यवसायिक बनाउनु ।

### ४.३.६ दीर्घकालीन सोच

"सहकारीमा सबै नागरिकहरुको आवद्धता - छार्का ताङसोङ गाउँपालिकाको लागि आर्थिक समृद्धिको प्रतिबद्धता"

### ४.३.७ लक्ष्य

सहकारीमा सम्पुर्ण नागरिकको पहुँच बढाई आर्थिक कृयाकलाप वृद्धि तथा प्रवर्द्धन गर्ने ।

### ४.३.८ उद्देश्य

क) सहकारी मार्फत नागरिकहरुको आर्थिक सामाजिक सशक्तीकरण गर्नु,

क) सहकारीको क्षमता विकास गर्दै उत्पादनमूलक र आयमूलक गतिविधिमा केन्द्रित गराउनु ।

### ४.३.९ रणनीति तथा कार्यनीति

गाउँपालिकाले सहकारी विकासका क्षेत्रमा दिगो विकास गरी आय स्रोत सिर्जना गर्नका लागि देहायअनुसारका रणनीति तथा कार्यनीति पहिचान गरिएको छः

तालिका ४६: सहकारी विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| **उद्देश्य १:** सहकारी मार्फत नागरिकहरुको आर्थिक सामाजिक सशक्तीकरण गर्नु । | |
| १.१ सहकारीमा आवद्ध लक्षित वर्गको आर्थिक सामाजिक सशक्तीकरणमा केन्द्रित गराउने । | १.१.१ सहकारीमा आवद्ध भएका लक्षित वर्गहरुलाई आयआर्जनमा संलग्न गराइनेछ ।<br>१.१.२ सहकारीका सदस्यहरुलाई सामाजिक तथा सार्वजनिक जिम्मेवारीका लागि प्रेरित गरिनेछ ।<br>१.१.३ सहकारीका सदस्यहरुलाई सामाजिक कुरीति र हिंसा विरुद्धका अभियानहरुमा आवद्ध गराइनेछ । |
| **उद्देश्य २:** सहकारीको क्षमता विकास गर्दै उत्पादनमूलक र आयमूलक गतिविधिमा केन्द्रित गराउनु । | |
| २.१ सहकारी संस्थाहरुलाई उत्पादनमूलक र आयमूलक गतिविधिमा केन्द्रित गराइनेछ । | २.१.१ "एक गाउँ, एक सहकारी" स्थापना कार्यक्रम प्रवर्द्धन गरिनेछ ।<br>२.१.२ सहकारी संस्थाहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.३ सहकारी सम्बन्धि गाउँस्तरीय नीति, कानून तथा मापदण्ड तर्जुमा गरी सहकारीहरुको अनुगमन, मूल्याङ्कन र नियमनको प्रवन्ध मिलाइनेछ ।<br>२.१.४ सहकारी सूचना प्रणाली सम्बन्धमा सबै सहकारीलाई सक्षम तुल्याई अद्यावधिक गराइनेछ । |

## ४.३.१० कार्यक्रम तथा आयोजना

तालिका ४७: वित्तीय संस्था तथा सहकारी क्षेत्र परिचालन कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधार वर्षको अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| ७.१ | **वित्तीय संस्था तथा सहकारी परिचालन** | | | | | | **१९००** | **१९००** | **८००** | **८००** | **८००** | **६२००** | |
| ७.२ | वित्तीय साक्षरता कक्षा सञ्चालन | पटक | सबै | | ५ | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| ७.३ | कृषि सहकारी प्रवर्द्धन कार्यक्रम | पटक | सबै | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| ७.४ | एक गाउँ एक सहकारी स्थापना कार्यक्रम | गोटा | सबै | | ६ | ३०० | ९०० | ९०० | ० | ० | ० | १८०० | |
| ७.५ | सहकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | सबै | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| ७.६ | COPOMIS सम्बन्धी तालिम | पटक | सबै | | २ | २०० | २०० | २०० | ० | ० | ० | ४०० | |

## ४.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ४९: वित्तीय संस्था तथा सहकारी क्षेत्र परिचालन अपेक्षित उपलब्धि तथा नतिजा

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| प्रभाव | दिगो सहकारीबाट आय र रोजगारी बृद्धि भई गाउँपालिकाको आर्थिक | सहकारीबाट प्रत्येक्ष रोजगारी वृद्धि (वार्षिक) | प्रतिशत | | २ | ५ | ७ | ९ | ११ | ११ | गाउँपालिका प्रोफाइल, आर्थिक विकास | सहकारी विकास क्षेत्रमा प्राथमिकता र |
| | | सहकारीबाट स्थापित | प्रतिशत | | २ | ३ | ४ | ५ | ६ | ६ | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | समृद्धिमा योगदान पुगेको हुनेछ। | उद्योग व्यवसायको बृद्धि (वार्षिक) | | | | | | | | | शाखाका प्रतिवेदनहरु | यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने। |
| | | सहकारीले रोजगार बनाएका सदस्य प्रतिशत | प्रतिशत | | १० | १५ | २० | २५ | ३० | ३० | | |
| असर | सहकारीबाट रोजगारी तथा स्वरोजगारी बृद्ध भएको हुनेछ। | सहकारीबाट प्रत्येक्ष रोजगार पाउने नागरिक | सङ्ख्या | | ५०० | ६०० | ७०० | ८०० | १००० | १००० | | |
| | | सहकारीबाट स्थापित उद्योग व्यवसाय | सङ्ख्या | | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | सञ्चालनमा रहेको सहकारी संख्या | सङ्ख्या | | | | | | | | | |
| प्रतिफल | सहकारीहरुमा आबद्धता वृद्धि हुनेछ। | सहकारी सूचना प्रणालीमा आवद्धता | प्रतिशत | | २० | ४० | ६० | ८० | १०० | १०० | | |
| | | सञ्चालनमा रहेको कृषि सहकारी | सङ्ख्या | | १ | १ | | | | २ | | |
| | | सञ्चालनमा रहेको वचत तथा ऋण सहकारी | सङ्ख्या | | १ | | १ | | १ | ६ | | |
| | | सीप तालिम पाएका सहकारी सदस्य | सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | २५० | | |

# परिच्छेद - ५

# सामाजिक क्षेत्र

देशको समग्र विकास तथा समृद्धिका लागि सामाजिक क्षेत्रको विकास मुख्य बाहकको रुपमा लिने गरिन्छ। नेपालको संविधानले लिएको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न सामाजिक विकास महत्वपूर्ण आधार हो। नेपालको राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना, दिगो विकास लक्ष्य लगायत अन्तराष्ट्रिय मञ्चमा अभिव्यक्त प्रतिबद्धता समेतले सामाजिक विकासका सबै क्षेत्रहरुलाई उच्च महत्व र प्राथमिकता दिएको देखिन्छ। सामाजिक विकासले असल, योग्य, सक्षम, समतामुलक, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गरी मुलुकको सर्वाङ्गीण विकासको आधार तयार गर्दछ।

समग्र विकासका विभन्न आधारहरुमध्ये सामाजिक विकास एक महत्वपूर्ण आधार हो। यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक, युवा तथा खेलकूद, खानेपानी तथा सरसफाई र साँस्कृतिक, धार्मिक संरक्षण तथा प्रवर्द्धन आदि समेटिएको छ। सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरुमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरु रहेका छन्। सामाजिक विकासको प्रगतिले दिगो विकासको लक्ष्यहरु अन्तर्गत लक्ष्य-३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैङ्गिक समानता) र लक्ष्य-६ (स्वच्छ पानी तथा सरसफाई) सँग सम्बन्धित छ। सामाजिक विकासको सन्दर्भमा छार्का ताङसोङ गाउँपालिकाले निर्धारण गरेको उद्देश्य गाउँबासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, खानेपानीको सुनिश्चतता गर्ने र न्यायपूर्ण समाजको निर्माण गर्ने रहेको छ। यस गाउँपालिकाले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकासका कार्यहरुलाई निरन्तरता दिँदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरुलाई अगाडी बढाईने नीति लिएको छ। यस सामाजिक क्षेत्र अन्तर्गतका विषयहरुलाई यस परिच्छेदमा समेटिएको छ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

मानवको लागि स्वस्थ जीवन अपरिहार्य छ। शारिरीक तथा मानसिक स्वस्थ मानव जीवनको लागि अतिनै आवश्यक मानिन्छ। स्वास्थ्य सेवा पहुँचका हिसाबले यस गाउँपालिकामा मुकोट (बर्थीङ्ग सेन्टर सहित) र

छार्का स्वास्थ्य चौकी गरी जम्मा २ वटा स्वास्थ्य चौकीहरु, १० खोप क्लिनिक र १० गाउँघर क्लिनिकबाट प्रतिरोधात्मक र उपचरात्मक स्वास्थ्य सेवा संचालन भईरहेका छन् । स्वास्थ्य तथा पोषणमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीहरुको लेखाजोखा गरी आवश्यक रणनीति तथा कार्यनीतिहरु पहिचान गरी यस योजनामा समावेश गरिएको छ ।

### ५.१.२ सम्भावना

क) सबै स्वास्थ्य संस्थाहरुमा टेलिमेडिसियन (Telemedicine) सेवा प्रवाह गर्न सकिने,

ख) हाल कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्न सकिने,

ग) आमा समुह, टोल विकास संस्था, युवा क्लब, बाल क्लब तथा विभिन्न गैर सरकारी संस्थाहरुलाई स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा आबद्ध गर्न सकिने,

घ) घुम्ती सेवा शिविर, गाउँघर क्लिनिक आदि सेवाहरु सञ्चालन गर्न सकिने ।

ङ) जडिबुटि प्रवर्द्धन तथा आयुर्वेदिक सेवा सञ्चालन गर्न सकिने,

### ५.१.३ अवसर

क) स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था विद्यमान रहेको,

ख) स्वास्थ्य संस्थाहरुको आफ्नै जग्गामा पक्की भवन हुनु,

ग) स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन हुनु,

घ) गाउँघर क्लिनिक सञ्चालनमा रहेको,

### ५.१.४ समस्या

क) भौगोलिक कठिनाईको कारण सबै नागरिकहरुलाई स्वास्थ्य सेवा पहुँच पुर्याउन कठिन हुनु,

ख) परम्परागत स्वास्थ्य प्रणाली विद्यमान हुनु,

ग) स्वास्थ्य संस्था प्रतिको विश्वास तथा बुझाई कमजोर हुनु,

घ) स्वास्थ्य संस्थाहरुमा कर्मचारी दरबन्दी अनुसार पर्याप्त नहुनु,

ङ) स्वास्थ्य संस्थाहरुमा औजार तथा उपकरणहरु पर्याप्त मात्रामा नहुनु,

च) स्वास्थ्य कर्मचारीहरुलाई तालिम तथा क्षमता विकासमा कमी हुनु,

छ) गाउँघरु क्लिनिक सञ्चालनको लागि भवनको अभाव हुनु,

ज) निशुल्क गुणस्तरीय औषधिहरुको सर्वसुलभ पहुँच नहुनु,

झ) सबै सरकारी कार्यालय तथा सार्वजनिक स्थलहरुमा स्तनपान कक्षको अभाव हुनु,

### ५.१.५ चुनौती

क) स्वास्थ्यमा सार्वजनिक निजी साझेदारी कार्यविधि तर्जुमा तथा लागू गर्नु,

ख) संघ, प्रदेश र स्थानीय तहको बीच समन्वय तथा सहकार्य प्रभावकारी तुल्याउनु,

ग) स्वास्थ्यकर्मीहरुको आवश्यकता अनुसार पदपुर्ती तथा परिचालन गर्नु,

घ) स्वास्थ्य संस्थालाई पहुँचयुक्त बनाउनु,

ङ) सबै स्वास्थ्य संस्थाहरुबाट विशेषज्ञ सेवा प्रवाह गर्नु,

च) स्वास्थ्यमा आधुनिक प्रविधि प्रयोग गर्नु,

छ) कुपोषण निर्मूल गर्नु ।

### ५.१.६ दीर्घकालीन सोच

"गुणस्तरीय, सर्वसुलभ आधारभूत स्वास्थ्य सेवाको उपलब्धता: छार्का ताङसोङ गाउँपालिकाको प्रतिबद्धता"

### ५.१.७ लक्ष्य

स्वास्थ्य क्षेत्रका पूर्वाधार र मानव संसाधन पर्याप्त मात्रामा व्यवस्था गरी गाउँपालिकाका स्वास्थ्य सेवा प्रवाहको क्षमता वृद्धि गर्ने ।

### ५.१.८ उद्देश्य

क) गाउँपालिकाका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।

ख) स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गरी नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।

### ५.१.९ रणनीति तथा कार्यनीति

स्थानीय नागरिकहरुलाई आधारभूत स्वास्थ्य तथा पोषणमा पहुँचको अभिवृद्धि गरी सामाजिक तथा आर्थिक समृद्धि प्राप्त गराउने लक्ष्यलाई पुरा गर्नका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरु पहिचान गरिएको छः

तालिका ६०:  स्वास्थ्य तथा पोषण क्षेत्रका रणनीति तथा कार्यनीतिहरु

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिकाका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु।** | |
| **१.१:** गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने। | १. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी गुणस्तरीय स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ।<br>२. स्वास्थ्य बिमा सम्बन्धि अभिमुखीकरण गरि स्वास्थ्य बिमालाई व्यापक कार्यान्वयन गरिनेछ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४. स्वास्थ्यको सहज पहुँचकालागि टेलिमेडिसिन आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ।<br>५. आधारभूत अस्पतालमा विशेषज्ञ सेवा सहित नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ।<br>६. स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गर्न घुम्ती स्वास्थ्य शिविर, गाउँघर क्लिनिक आदि सेवाहरु निरन्तर सञ्चालन गरिनेछ। |
| **१.२:** स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने। | १. स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ।<br>२. स्वास्थ्यकर्मीहरूलाई आवश्यकताको आधारमा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।<br>३. सुरक्षित प्रसुती सेवाको प्रत्याभुती गराई व्यापक सचेतनाको कार्यक्रम सञ्चालन गरिनेछ। |
| **उद्देश्य २: स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गरी नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु।** | |
| **२.१:** स्वास्थ्य क्षेत्रमा नीजि, सामुदायिक तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी सचेतना अभिवृद्धि गर्ने। | १. स्वास्थ्य स्वयंसेविका, आमा समूह, समुदायमा आधारित संघ संस्था, क्लब तथा गैर सरकारी संस्थाको सहकार्यमा समुदाय स्तरसम्म स्वास्थ्य र पोषण सम्बन्धी चेतना अभिवृद्धिको कार्यक्रम गरिनेछ।<br>२. व्यायाम, योग जस्ता शारिरिक सुसंगठन तथा मानसिक स्वास्थ्य सम्बन्धी विषयलाई विद्यालय र समुदाय केन्द्रीत बनाई अभियानको रुपमा शिविर सञ्चालन गरिनेछ।<br>३. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। |
| **२.२:** गाउँपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने। | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालिन योजना तर्जुमा गरी लागू गरिनेछ। |

## ५.१.१० कार्यक्रम तथा आयोजना

तालिका ६१: स्वास्थ्य तथा पोषण क्षेत्रका कार्यक्रम तथा आयोजना

| क्र.स. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधारवर्ष अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **ख** | **सामाजिक विकास क्षेत्र** | | | | | | | | | | | | |
| **१** | **स्वास्थ्य तथा पोषण** | | | | | | ११९५० | १३६५० | १५६५० | १२६५० | ८१५० | ६१२५० | |
| १.१ | सम्पूर्ण आधारभूत स्वास्थ्य केन्द्रहरुको व्यवस्थापन तथा सञ्चालन | वार्षिक | सबै | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १.२ | स्वास्थ्य ईकाइ भवन निर्माण तथा मर्मत सम्भार योजना | गोटा | सबै | | ४ | २५०० | २५०० | २५०० | २५०० | २५०० | ० | १०००० | |
| १.३ | आयुर्वेद केन्द्रको स्थापना तथा सञ्चालन | गोटा | सबै | | १ | ५००० | ० | २५०० | २५०० | ० | ० | ५००० | |
| १.४ | दरबन्दी अनुसार स्वास्थ्यकर्मी व्यवस्थापन | एकमुष्ट | सबै | | ५ | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| १.६ | स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रहरुमा पर्याप्त औषधी तथा स्वास्थ्य सामाग्रीको व्यवस्थापन | एकमुष्ट | सबै | | ५ | १००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| १.७ | नियमित घरदैलो स्वास्थ्य शिविर सञ्चालन | गोटा | सबै | | १० | ३०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | |
| १.८ | सबै वडाहरुमा बर्थिङ्ग सेन्टर स्थापना तथा सञ्चालन | गोटा | सबै | | ६ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ३००० | ९००० | |
| १.९० | स्वस्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरुमा खानेपानी, फोहोरमैला व्यवस्थापन, शौचालय तथा उर्जा आपूर्ति व्यवस्थापन | गोटा | सबै | | ३ | ५०० | ५०० | ५०० | ५०० | ० | ० | १५०० | |
| १.१० | स्वास्थ्यकर्मीहरुलाई नियमित तालिम तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा अभिमुखीकरण | वार्षिक | सबै | | ५ | १०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| १.११ | स्वास्थ्य शिक्षा जनचेतनामुलक कार्यक्रम | वार्षिक | सबै | | ५ | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| १.१२ | संस्थागत सुत्केरी बढाउन Waiting House निर्माण | गोटा | सबै | | ६ | १५०० | १५०० | १५०० | ३००० | ३००० | ० | ९००० | |
| १.१३ | सुरक्षित मातृत्व कार्यक्रम | वार्षिक | सबै | | ५ | १५० | १५० | १५० | १५० | १५० | १५० | ७५० | |
| १.१४ | नर्सिङ्ग घरदैलो तथा स्वास्थ्य सेवा कार्यक्रम | गोटा | सबै | | १० | २५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |

| क्र.स. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधारवर्ष अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष बजेट | दोस्रो वर्ष बजेट | तेस्रो वर्ष बजेट | चौथो वर्ष बजेट | पाँचौ वर्ष बजेट | | |
| १.१५ | Tele-Medicine कार्यक्रम | गोटा | सबै | | १० | ३०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | |
| १.१६ | गाउँपालिका तथा वडाहरुमा स्तनपान कक्ष निर्माण | गोटा | सबै | | ७ | ५०० | ५०० | ५०० | १००० | १००० | ५०० | ३५०० | |

## ५.१.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६३: स्वास्थ्य तथा पोषण क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजाहरु

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| प्रभाव | गाउँपालिकामा स्वास्थ्य सेवा सर्व सुलभ भएको हुनेछ। | अपेक्षित आयु (जन्म हुँदाको) | प्रतिशत | - | ७०.५ | ७१.३ | ७२.१ | ७२.९ | ७३.७ | ७३.७ | गाउँपालिका प्रोफाइल, स्वास्थ्य शाखाका प्रतिवेदनहरु | स्वास्थ्य सेवा क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने। |
| | | आधा घण्टाको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घरधुरी | प्रतिशत | - | ६० | ७० | ८० | ९० | १०० | १०० | | |
| असर | गाउँपालिकाभित्रै आधारभूत स्वास्थ्य सेवाको उपलब्धता बढेको हुनेछ। | मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) | संख्या | - | ० | ० | ० | ० | ० | ० | | |
| | | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | - | ० | ० | ० | ० | ० | ० | | |
| | | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | - | ० | ० | ० | ० | ० | ० | | |
| | | कुल प्रजनन् दर | प्रति महिला | - | २ | २ | २ | ३ | ३ | ३ | | |
| | | किसोरी अवस्थाको प्रजनन् (१९ वर्ष मुनि) | प्रतिशत | - | | | | | | | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | | पहिचान भएको क्षयरोगीहरु मध्ये उपचारको सफलता दर | प्रतिशत | - | ९० | ९२ | ९४ | ९६ | १०० | १०० | | |
| | | ५ वर्षभन्दा मुनिका बालबालिकाहरुमा भएको पुड्कोपन (उमेर अनुसार उचाई कम) | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | ६ वर्षभन्दा मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| प्रतिफल १ | गाउँपालिकामा स्वास्थ्य संस्था र स्वास्थ्य कर्मीको उपलब्धता बृद्धि भएको हुनेछ। | स्वास्थ्य चौकी | सङ्ख्या | २ | ० | ० | १ | १ | १ | ५ | | |
| | | विशेषज्ञ चिकित्सक | सङ्ख्या | ० | ० | १ | १ | | | २ | | |
| | | टेली मेडिसिन सेवा | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | ५ | | |
| | | पूर्ण कर्मचारी भएको स्वास्थ्य संस्था | प्रतिशत | ३० | ४० | ५० | ७० | ८० | ९० | ९० | | |
| प्रतिफल २ | गर्भवती परिक्षणको सुविधाबाट आमा र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा रुणता दरमा कमी हुनेछ। | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएको महिला | प्रतिशत | - | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | | |
| | | प्रसुति केन्द्रको उपलब्धता | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ६ | | |
| | | गर्भवती परीक्षण दर | प्रतिशत | - | ७० | ७५ | ८० | ९० | १०० | १०० | | |
| प्रतिफल ३ | बाल मृत्युदर र शिशु मृत्युदरमा कमी आएको हुनेछ। | पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जिवित जन्ममा) | प्रतिहजार | | | | | | | | | |
| | | शिशु मृत्युदर (प्रति हजार जिवित जन्ममा) | प्रतिहजार | | | | | | | | | |
| | | नवजात शिशु मृत्युदर (प्रति हजार जिवित जन्ममा) | प्रतिहजार | | | | | | | | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | | पूर्ण खोप पाएका बालबालिका | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० | १०० | | |
| | | भिटामिन ए खाने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | झाडा पखालाको संक्रमण दर | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | आधुनिक स्वास्थ्य उपकरण उपलब्ध भएको स्वास्थ्य भवन | सङ्ख्या | - | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | | आधारभूत सुविधा सहितको स्वास्थ्य संस्था | सङ्ख्या | | | | | | | | | |
| | | प्रयोगशाला भएको स्वास्थ्य संस्था | सङ्ख्या | - | १ | १ | | | | २ | | |
| | | महिला स्वास्थ्य स्वयंसेविका | सङ्ख्या | - | १०० | १०५ | ११० | ११५ | १२० | १२० | | |

## ५.२ शिक्षा, विज्ञान र नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

वर्तमान युगमा शिक्षा मानव विकासको अभिन्न अंगको रुपमा लिइन्छ । शिक्षा विकासको आधार भएकोले यसले मर्यादित एवं परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार प्रदान गर्दछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निः शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शूल्क पाउने मौलिक हक प्रदान गरेको छ । राज्यको नीतिले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक र रोजगारमूलक बनाउँदै सक्षम प्रतिस्पर्धी र नैतिक बनाउने कुरा उल्लेख गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले यी अधिकारलाई विस्तृत व्याख्या गर्दै थप व्यवस्थित गरेको छ । नेपालमा शिक्षा मौलिक हक र नागरिक अधिकारको रुपमा स्थापित छ । यस्तो नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । शिक्षालाई सामाजिक आर्थिक रुपान्तरणको महत्वपूर्ण माध्यम मानिएको छ । स्थानीय सरकारको यसप्रकारको दायित्व पूरा गर्नका निमित्त अन्य विविध पक्षका अतिरिक्त शिक्षा एउटा आधारभूत अवयव भएकोले यस क्षेत्रको सञ्चालन र विकासका लागि दीर्घकालिन नीति, योजना र कार्यक्रमको तर्जुमा पहिलो शर्त हो ।

राष्ट्रिय जनगणना २०७८ को अनुसार यस गाउँपालिकाको कूल साक्षरता दर ४५.८८ प्रतिशत रहेको छ । जम्मा ७ वटा आधारभूत विद्यालयहरु रहेको यस गाउँपालिकामा माध्यामिक तहका विद्यालयहरु छैनन् । यस गाउँपालिकामा शिक्षा क्षेत्रलाई प्राथामिकतामा राखी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । सामुदायिक विद्यालय शिक्षाको गुणस्तर अपेक्षित स्तरमा नभएको गुनासो जनमानसमा रहेको हुँदा शैक्षिक गुणस्तर वृद्धि गर्न तथा शैक्षिक क्षेत्रमा रहेका सवालको पहिचान गरी समाधानका उपायहरु खोजी गर्नुपर्ने आवश्यकता रहेको छ । यसर्थ छार्का ताङसोङ को शिक्षा क्षेत्रमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीहरुको खोजी गरी सोको समधानका लागि रणनीति तथा कार्यनीतिहरु र कार्यक्रमहरु योजनामा समावेश गरिएको छ ।

### ५.२.२ सम्भावना

क) विद्यालयहरु मर्जिङ्ग अवधारणा कार्यान्वयन गरी शिक्षा क्षेत्र सबल बनाउन सकिने,

ख) आवासिय विद्यालयहरु सञ्चालन गर्न सकिने,

ग) स्थानीय पाठ्यक्रमको विकास गर्न सकिने,

घ) शिक्षा क्षेत्रमा लगानी बढाउन सकिने ।

### ५.२.३ अवसर

क) गाउँपालिकाले शिक्षाक्षेत्रलाई प्राथामिकतामा राखेको,

ख) विद्यालयहरुमा भौतिक पूर्वाधार तयार भएको,

ग) प्राविधिक तथा व्यवसायिक सीप प्रति समुदायस्तरको आकर्षण रहनु,

घ) विद्यालयहरुमा आइ.सि.टी. विज्ञान प्रयोगशाला, पुस्तकालय स्थापना तथा प्रयोग बढ्दै जानु,

ङ) शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगमा बढोत्तरी हुनु,

च) गाउँपालिका भित्रका विद्यालयहरुमा ईन्टरनेटको पहुँच उपलब्ध हुनु ।

### ५.२.४ समस्या

क) सबै विद्यालय उमेरका बालबालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच नभएको,

ख) विद्यालयहरुमा शिक्षकको दरबन्दी पुर्ण र पर्याप्त नहुनु,

ग) माध्यमिक तहका विद्यालयहरु नहुनु,

घ) विद्यालयमा खानेपानी तथा शौचालय लगायत अन्य पूर्वाधारहरुको कमी हुनु,

ङ) अनौपचारिक शिक्षाको लागि स्थानीय बालबालिका पलायन हुनु,

च) नयाँ प्रविधिसँगै शिक्षकहरुलाई रुपान्तरण गर्न नसक्नु,

छ) निरन्तर विद्यार्थी मुल्याङ्कनलाई प्रभावकारी बनाउन नसक्नु,

ज) विद्यालयमा नवीनतम विधि र प्रविधिको कम प्रयोग नहुनु,

झ) शिक्षाक्षेत्र अनुसन्धानात्मक, व्यवहारिक तथा नव प्रवर्तनात्मक नहुनु,

ञ) प्राविधिक शिक्षा मार्फत सीप युक्त जनशक्ति उत्पादन तथा परिचालन नहुनु,

ट) विद्यालयहरुमा कक्षा कोठाभित्र शैक्षिक सामाग्रीको कमी हुनु ।

### ५.२.५ चुनौती

क) दक्ष शिक्षकहरुलाई ग्रामिण स्तरमा अध्यापनको लागि खटाउनु,

ख) प्रविधि सँगै विद्यालयमा गुणस्तर वृद्धि गर्नु,

ग) आर्थिक अभावका कारण पर्याप्त शिक्षक दरबन्दी पुर्याउनु,

घ) आवासिय र बहुप्राविधिक विद्यालय स्थापना गर्नु ।

### ५.२.६ दीर्घकालीन सोच

"सामाजिक आर्थिक रुपमान्तरणका लागि शैक्षिक मानव संसाधनको विकास"

### ६.२.७ लक्ष्य

गाउँपालिकामा विज्ञान र नवप्रवर्तनसँगै सबैको गुणस्तरीय, प्राविधिक र व्यवसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति गर्ने ।

### ५.२.८ उद्देश्य

क) शिक्षण संस्थाहरुलाई आधुनिकीकरण गरी दक्ष जनशक्ति उत्पादन गर्नु ।

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।

### ५.२.९ रणनीति तथा कार्यनीति

तालिका ६४: शिक्षा विज्ञान तथा नवप्रवर्तन विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: शिक्षण संस्थाहरुलाई आधुनिकीकरण गरी दक्ष जनशक्ति उत्पादन गर्नु ।** | |
| **१.१:** शिक्षाको गुणस्तरमा सुधार गर्दै सबै बालबालिकाको पहुँच बढाउने । | १.१.१ विषयगत प्रयोगशाला, शैक्षिक सामाग्री, स्तरीय भवन, फर्निचर, तथा सवारी साधन सहित सुविधा सम्पन्न विद्यालय बनाइनेछ ।<br>१.१.२ विद्यालयहरुमा दरबन्दी र आवश्यकता अनुसारका शिक्षक तथा कर्मचारी व्यवस्थापन गरिनेछ ।<br>१.१.३ सीप र ज्ञान अभिवृद्धिका लागि शिक्षकहरुलाई तालिम सञ्चालन गरी आवश्यक क्षमता वृद्धि गरिनेछ ।<br>१.१.४ सबै विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ ।<br>१.१.५ हरेक विद्यालयका कक्षाकोठाहरुलाई प्रविधि मैत्री बनाउन डिजिटल बोर्ड, ईन्टरनेटको व्यवस्थापन तथा सि.सि.टि.भि. मार्फत कक्षा सञ्चालनको नियमित अनुगमन गर्न सकिने बनाइनेछ ।<br>१.१.५ आवसीय विद्यालय सम्बन्धी सम्भाव्यता अध्ययन गरी उपयुक्त विद्यालयलाई आवसीय बनाई सञ्चालन गरिनेछ ।<br>१.१.६ शैक्षिक जनशक्तिको मनोबल उच्च बनाउन उत्कृष्ट शैक्षिक संस्था र शिक्षक/शिक्षिकाहरुलाई पुरस्कृत गरिनेछ । |

| | |
|---|---|
| | १.१.७ शैक्षिक अवलोकन भ्रमणहरु व्यवस्थापन र प्रोत्साहन गरिनेछ।<br>१.१.८ पोषणयुक्त दिवाखाजाको सुनिश्चितता गरिनेछ। |
| **उद्देश्य २: प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु।** | |
| **२.१:** आधारभूत गुणस्तरीय शिक्षामा सबैको पहँच सुनिश्चित गर्ने। | २.१.१ महिला, अपाङ्ग, विपन्न तथा सिमान्तकृत समूहको गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षामा पहुँच सुनिश्चित गर्दै लगिनेछ।<br>२.१.२ भिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गर्न अन्तर सरकार, अन्तर स्थानीय तह, गैसस र नीजि क्षेत्र समेतसँग समन्वय गरी उपयुक्त विद्यालयमा छात्रवृत्ति सहित पठनपाठनको व्यवस्था गरिनेछ।<br>२.१.३ आधारभुत तहमा स्थानीय सिपको प्रतिनिधित्व हुने गरी स्थानीय पाठ्यक्रममा यस सम्बन्धी सामग्री समावेश गरिनेछ।<br>२.१.४ प्राविधिक उच्च शिक्षा (मेडिकल, इन्जिनियरिङ, कृषि, वन र सूचना प्रविधि) मा स्थानीय विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्था गरिनेछ। |

## ५.२.१० कार्यक्रम तथा आयोजना

तालिका ६५:  शिक्षा विज्ञान तथा नवप्रवर्तन विकासका कार्यक्रम तथा आयोजना

| क्र.स. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधार वर्षअवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| | | | | | | | | | | | | | |
| **२** | **शिक्षा विज्ञान र नवप्रवर्तन** | | | | | | **९८५०** | **१२७५०** | **१०२५०** | **१३५५०** | **११०५०** | **५७४५०** | |
| २.१ | आवधिक शिक्षा क्षेत्रगत योजना (२०८१-२०८६) निर्माण | गोटा | सबै | | १ | ५०० | ५०० | ० | ० | ० | ० | ५०० | |
| २.२ | विद्यालय भवन, खेलमैदान, घेराबार, खानेपानी तथा शौचालय आदि भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार | एकमुष्ट | सबै | | ७ | १००० | १००० | १००० | १००० | २००० | २००० | ७००० | |
| २.३ | प्रविधिमैत्री कक्षाकोठा निर्माण कार्यक्रम | वार्षिक | सबै | | १४ | ७०० | १४०० | २१०० | २१०० | २१०० | २१०० | ९८०० | |
| २.४ | विद्यालय समिक्षा तथा अनुगमन मूल्याङ्कन कार्यक्रम | वार्षिक | सबै | | ५ | १५० | १५० | १५० | १५० | १५० | १५० | ७५० | |
| २.५ | विषयगत शिक्षक व्यवस्थापन | एकमुष्ट | सबै | | १० | ५०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| २.६ | शिक्षकहरुको क्षमता अभिवृद्धि तालिम | वार्षिक | सबै | | १० | १००० | २००० | २००० | २००० | २००० | २००० | १०००० | |
| २.७ | विद्यालयसँग अभिभावक शिक्षा कार्यक्रम | वार्षिक | सबै | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| २.८ | उत्कृष्ट विद्यार्थी, विद्यालय र शिक्षक पुरष्कार कार्यक्रम | वार्षिक | सबै | | ५ | २५० | २५० | २५० | २५० | २५० | २५० | १२५० | |
| २.९ | स्थानीय विद्यार्थी उच्च शिक्षा (डाक्टर, इन्जिनियर, IT आदि) सहायता प्रोत्साहन कार्यक्रम | जना | सबै | | २५ | २०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | |
| २.१० | विद्यालय स्तरीय खेलकुद तथा अतिरिक्त कृयाकलाप सञ्चालन कार्यक्रम | वार्षिक | सबै | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |
| २.११ | आगन्तुक शिक्षक व्यवस्थापन कार्यक्रम | गोटा | सबै | | १० | १५० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| २.१२ | विद्यालय मर्जिङ्ग गरी आवसिय विद्यालय स्थापना | गोटा | सबै | | २ | २५०० | ० | २५०० | ० | २५०० | ० | ५००० | |
| २.१३ | पुस्तकालय र विज्ञान प्रयोगशाला स्थापना तथा सञ्चालन | वार्षिक | सबै | | ५ | २५० | २५० | २५० | २५० | २५० | २५० | १२५० | |
| २.१४ | विद्यालय ईन्टरनेट व्यवस्थापन कार्यक्रम | एकमुष्ट | सबै | | ७ | २०० | २०० | ४०० | ४०० | २०० | २०० | १४०० | |

## ५.२.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६७: शिक्षा विज्ञान तथा नवप्रवर्तन क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजाहरु

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| प्रभाव | गाउँपालिकाका सबै नागरिकहरु साक्षर र सक्षम भएको हुनेछ। | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ४५.०० | ५० | ५५ | ६० | ६५ | ७० | ७० | गाउँपालिका प्रोफाइल, शिक्षा शाखाका प्रतिवेदनहरु | शिक्षा, विज्ञान र नवप्रवर्तन क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने। |
| | | साक्षरता दर (१५ वर्षमाथि) | प्रतिशत | | | | | | | | | |
| | | युवा साक्षरता दर (१५ - २४ वर्ष) | प्रतिशत | | | | | | | | | |
| असर | गाउँपालिकाको शैक्षिक सूचकाङ्कमा उल्लेख्य वृद्धि भएको भएको हुने। | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | - | ९५ | ९६ | ९७ | ९८ | १०० | १०० | | |
| | | आधारभूत तह (१ देखि ८) मा लैंगिक समानता | अनुपात | | | | | | | | | |
| | | उच्च शिक्षामा कुल विद्यार्थी | सङ्ख्या | | | | | | | | | |
| | | आधारभूत तह (१ - ८) मा खुद भर्नादर | प्रतिशत | ९४ | ९५ | ९६ | ९७ | ९८ | १०० | १०० | | |
| | | आधारभूत तह (१ - ८) मा कुल भर्नादर | प्रतिशत | ११४.८ | १२०.० | १२५.० | १३०.० | १३५.० | १४०.० | १४०.० | | |
| प्रतिफल १ | विद्यालय छाड्ने दर न्यून भएको हुनेछ। | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | | २० | १० | ५ | ० | ० | ० | | |
| | | आधारभूत तहमा विद्यालय छाड्ने विद्यार्थीको दर | सङ्ख्या | | २० | १० | ५ | ० | ० | ० | | |
| प्रतिफल | शिक्षक विद्यार्थी | विद्यालय शिक्षा (१ - ८) शिक्षक | सङ्ख्या | | | | | | | | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| २ | अनुपात आवश्यकता अनुसार व्यवस्थापन भएको हुनेछ। | विद्यार्थी अनुपात | | | | | | | | | | |
| | | मातृ शिशु पोषण सहायता पाएका जनसंख्या | सङ्ख्या | | | | | | | | | |
| प्रतिफल ३ | प्राविधिक धारको विद्यालय सञ्चालन र बालबालिकाले प्राविधिक शिक्षा उतीर्ण गरेको हुनेछ। | प्राविधिक धारका विद्यालय सञ्चालन | सङ्ख्या | ० | ० | ० | १ | ० | ० | १ | | |
| | | प्राविधिक विषय अध्ययनरत विद्यार्थी संख्या | सङ्ख्या | ० | २५ | २५ | २५ | २५ | २५ | २५० | | |
| प्रतिफल ४ | विद्यालयहरुको गुणात्मक परिवर्तन भएको हुनेछ। | कम्प्युटर प्रयोगशाला भएको विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | विज्ञान प्रयोगशाला भएको विद्यालय | प्रतिशत | ८० | ८२ | ८३ | ८५ | ८८ | ९० | ९० | | |
| | | इन्टरनेट भएको विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्रतिफल ५ | शिक्षामा सबैको पहुँच सुनिश्चित भई समुदायको शैक्षिक स्तर सुधार भएको हुनेछ। | लैंगिकमैत्री विद्यालय | प्रतिशत | - | ९० | ९२ | ९४ | ९६ | १०० | १०० | | |
| | | अपाङ्गतामैत्री विद्यालय | प्रतिशत | - | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | | |
| | | आवासीय विद्यालय | सङ्ख्या | - | ० | १ | ० | १ | १ | ३ | | |
| प्रतिफल ६ | विपन्न स्थानीय विद्यार्थीहरुलाई | प्राविधिक शिक्षामा अध्ययनरत छात्रवृत्ति प्राप्त स्थानीय विद्यार्थी | सङ्ख्या | ० | २५ | ३० | ३५ | ४० | ५० | १८० | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| | उच्च शिक्षा (मेडिकल, इन्जिनियरिङ, कृषि, वन र सूचना प्रविधि) छात्रबृत्ति | प्राविधिक शिक्षामा अध्ययनरत छात्रवृत्ति प्राप्त विपन्न विद्यार्थी | सङ्ख्या | ० | २५ | ३० | ३५ | ४० | ५० | १८० | | |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

नेपालको कानूनले खानेपानी तथा सरसफाईको क्षेत्रमा नागरिकको पहुँच हुनुपर्ने हक प्रदान गरेको छ । स्वस्थ मानव जीवनका लागि खानेपानी र सरसफाइ अनिवार्य हुने भएकोले संघीय व्यवस्था लागू भएपछि यस सम्बन्धी अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रमा राखिएको छ । यसका साथै नेपाल सरकारले खानेपानी तथा सरसफँइ क्षेत्रलाई महत्व दिई विभिन्न रणनीति र कार्यनीति बनाई कार्यक्रमहरु संचालन गर्दै आएको छ । सोही अनुरुप छार्का ताङसोङ गाउँपालिकाले पनि खानेपानी, सरसफाई र स्वाच्छता गुरुयोजना बनाई लागु गरेको छ । सोको तथ्यांक अनुसार यस गाउँपालिकामा शतप्रतिशत घरपरिवारमा खानेपानीको पहुँच रहेको पाईन्छ । खानेपानीको स्रोतहरुको उपलब्धता भएपनि गुणस्तरीय खानेपानीको पहुँच अपेक्षित रुपमा हुन सकेको छैन । खानेपानी तथा सरसफाइको क्षेत्रमा देखिएका सम्भावना, अवसर, समस्या र चुनौतीहरुको संकलन, विश्लेषण गरी सुधारका लागि आवश्यक रणनीति तथा कार्यनीतिहरु आवधिक योजनामा समावेश गरिएको छ ।

### ५.३.२ सम्भावना

क) "एक घर, एक धारा" को अवधारणा लागू गर्न सकिने,

ख) खानेपानीको श्रोतहरुको संरक्षण गरी खानेपानीको गुणस्तरीय सहज आपूर्ति गर्न सकिने,

ग) खुला दिसामुक्त गाउँपालिका र पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन सकिने ।

घ) घरघरमा व्यवस्थित शौचालयको अभियान सञ्चालन गर्न सकिने ।

### ५.३.३ अवसर

क) गाउँपालिकाका सबै वडाहरुमा खानेपानीको मुहानहरुको उपलब्धता रहनु,

ख) खानेपानी, सरसफाई र स्वाच्छता गुरुयोजना तयार भईसकेको

ग) घना बस्ती तथा शहरउन्मुख बस्ती नहुनु ।

### ५.३.४ समस्या

क) सर्वयाम खानेपानी उपलब्धता नहुनु,

ख) सञ्चालित रहेका खानेपानी योजनाहरु मर्मतसंभारमा कठिनाई रहेको,

ग) खानेपानीको पूर्वाधारलाई दीगो बनाउन नसक्नु,

घ) खानेपानीको उचित विकास र पर्याप्त लागनी नहुनु,

ङ) प्लाष्टिकजन्य सामाग्रीको प्रयोग वृद्धिले बस्तीस्तरमा फोहोर भईरहेको,

च) केही स्थानहरुमा खानेपानी मुहान लामो दुरीमा हुनु,

छ) पानीको मुहान संरक्षण र सरसफाई गर्ने कार्य नभएको,

ज) सरसफाई सम्बन्धी चेतना अपेक्षाकृत वृद्धि हुन नसकेको।

## ५.३.५ चुनौती

क) खानेपानीको मुहानहरुको उचित व्यवस्थापन गरी स्रोतको संरक्षण गर्नु,

ख) भौगोलिक विकटताको कारण खानेपानी पहुँच विस्तार गर्न चुनौती रहेको,

ग) सबै घरधुरीमा सुरक्षित खानेपानी दिगोरुपमा उपलब्ध गराउनु,

घ) दैनिकरुपमा उत्पादन हुने फोहोरको उचित विसर्जन र उपयोग गर्नु।

## ५.३.६ दीर्घकालीन सोच

"स्वच्छ खानेपानी र सरसफाईयुक्त छार्का ताङसोङ "

## ५.३.७ लक्ष्य

सफा, सुन्दर छार्का ताङसोङ  निर्माण गरी स्वच्छ एवम् गुणस्तरीय खानेपानीको सुनिश्चिता गर्ने।

## ५.३.८ उद्देश्य

क) आधारभूत गुणस्तरीय खानेपानीको पहुँच विस्तार गर्नु।

ख) गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु।

ग) प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु।

## ५.३.९ रणनीति तथा कार्यनीति

स्थानीय नागरिकहरुलाई सफा खानेपानीमा पहुँच र पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाउनका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरु पहिचान गरिएको छः

तालिका ६८: खानेपानी तथा सरसफाइ विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१ पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. खानेपानी तथा सरसफाईलाई उचित तवरले व्यवस्थत गर्न खानेपानी तथा सरसफाई गुरुयोजना लागु गरिनेछ । <br> २. "एक घर, एक धारा" कार्यक्रम निरन्तर लागु गरिनेछ । <br> ३. क्षति भएका र पुराना पाईप लाईन मर्मत सम्भार गरी नियमित खानेपानी वितरणको सुनिश्चितता गरिनेछ । <br> ४. खानेपानीको मुलहरुको खोजी गर्ने र भएका मुहानहरुको संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।** | |
| २.१ आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ । <br> २. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ । <br> ३. नीजि वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ । <br> ४. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३: प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।** | |
| ३.१ प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. घरबाट निस्किने अन्य फोहोर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ । <br> २. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई तालिम प्रदान गरिनेछ । <br> ३. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ । <br> ४. समुदायका विभिन्न सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री सार्वजनिक शौचालयहरुको निर्माण गरिनेछ । <br> ५. सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । <br> ६. सार्वजनिक स्थान, बस्ती तथा बजार क्षेत्रहरुमा स्थानीय सामाग्रीबाट निर्मित डस्टबिनहरुको व्यवस्थापन गरिनेछ । |

## ५.३.१० कार्यक्रम तथा आयोजना

तालिका ६९: खानेपानी तथा सरसफाइ विकासका कार्यक्रम तथा परियोजनाहरु

| क्र.स. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधारवर्षको अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **३** | **खानेपानी, सरसफाई र स्वच्छता** | | | | | | **३२०००.०** | **३३२५०.०** | **३३२५०.०** | **३३२५०.०** | **३२०००.०** | **१६३७५०.०** | |
| ३.१ | खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन | एकमुष्ट | सबै वडा | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५००.० | |
| ३.२ | "एक घर, एक धारा, एक शौचालय" कार्यक्रम | एकमुष्ट | सबै वडा | | ५ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५००००.० | |
| ३.३ | खानेपानी उपभोक्ता समितिहरुलाई मर्मत सम्भार सम्बन्धी तालिम तथा अभिमुखीकरण | वार्षिक | सबै वडा | | ५ | २५० | २५० | २५० | २५० | २५० | २५० | १२५०.० | |
| ३.४ | सिदिङ्ग देखी शेरी गाउँ खानेपानी निर्माण | एकमुष्ट | ६ | | १ | २५०० | १२५० | १२५० | ० | ० | ० | २५००.० | |
| ३.५ | तेण्डी देखी छार्का खानेपानी निर्माण | एकमुष्ट | १ | | १ | २५०० | ० | १२५० | १२५० | ० | ० | २५००.० | |
| ३.६ | कागकोट खानेपानी मर्मत | एकमुष्ट | ४ | | १ | २५०० | ० | ० | १२५० | १२५० | ० | २५००.० | |
| ३.७ | ठिमेर पुङ्गा खानेपानी मर्मत योजना | एकमुष्ट | २ | | १ | २५०० | ० | ० | ० | १२५० | १२५० | २५००.० | |

## ५.३.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७१: खानेपानी तथा सरसफाइ क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजाहरु

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| प्रभाव | गाउँपालिकाका सबै नागरिकहरुको सुरक्षित खानेपानी र सरसफाइ सेवामा पहुँच पुगेको हुनेछ। | आधारभूत खानेपानीको पहुँच भएको जनसंख्या | प्रतिशत | १०० | १००.० | १०० | १००.० | १०० | १०० | १०० | गाउँपालिका प्रोफाइल, पूर्वाधार शाखा र वातावरण शाखाका प्रतिवेदनहरु | खानेपानी तथा सरसफाइ क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने। |
| | | स्वच्छ खानेपानीको पहुँच भएको जनसंख्या | प्रतिशत | | ८० | ८५ | ९० | ९५ | १०० | १०० | | |
| | | आधारभूत स्तरको सरसफाइ सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | | १५ | ३० | ४५ | ६० | ७५ | ७५ | | |
| | | सुधारिएको सरसफाइ सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | | १० | २० | ३० | ४० | ५० | ५० | | |
| असर | सबै घरधुरीहरुमा खानेपानी तथा सरसफाइ सुविधा विस्तार भएको हुनेछ। | आधारभूत स्तरको खानेपानी सेवा पुगेको घरधुरी | प्रतिशत | | ४६ | ५० | ५४ | ५८ | ६२ | ६२ | | |
| | | स्वच्छ खानेपानीको सेवा पुगेको घरधुरी | प्रतिशत | | १५ | ३० | ४५ | ६० | ७५ | ७५ | | |
| | | शौचालय सुविधा भएको घरधुरी | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | पूर्ण सरसफाइ भएको घरधुरी | प्रतिशत | | २० | ३० | ४० | ५० | ६० | ६० | | |
| प्रतिफल १ | खानेपानी आयोजनाहरु निर्माण र मर्मत सम्भार | संरक्षित गरिएको पानीको मुहान | प्रतिशत | | २० | ४० | ६० | ८० | १०० | १०० | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| | भएको हुनेछ। | पाइपलाइन खानेपानी | सङ्ख्या | | | | | | | | | |
| प्रतिफल २ | सबै नागरिकहरुले आफ्नो सरसफाइ व्यवस्थित गरेको हुनेछ। | टोलबस्तीमा ढल निकास व्यवस्था | सङ्ख्या | | | | | | | | | |
| | | आँगन सफाइ भएको घरधुरी | प्रतिशत | | ३० | ५० | ७० | ९० | १०० | १०० | | |
| | | आवास सजावट भएको घरधुरी | प्रतिशत | | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | | सरसफाइ सदस्यता लिएको घरधुरी | प्रतिशत | | १० | २० | ३० | ४० | ५० | ५० | | |

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । महिला, बालबालिका तथा अन्य लक्षित वर्गहरुको विकासमा मुलप्रवाहीकरण गर्ने कार्य गाउँपालिकाको जिम्मेवारीभित्र पर्दछ । यसकारण, यी लक्षित वर्गहरुको विकासका सम्भावना, अवसर, समस्या र चुनौतीहरुको लेखाजोखा गरी आवश्यक रणनीति तथा कार्यनीतिहरु योजनामा समावेश गरिएको छ।

### ५.४.२ सम्भावना

क) सचेत नागरिकहरु धैरै भएकोले महिला, बालबालिका तथा अन्य लक्षित वर्गको संरक्षण र विकासका पहलहरु सहजरुपमा गर्न सकिने,

ख) महिला, बालबालिका र अन्य वर्गहरुको उत्थानका कार्यक्रमका लागि संघ, प्रदेश र अन्य निकायसँग साझेदारी गर्न सकिने।

### ५.४.३ अवसर

क) महिला, बालबालिका तथा अन्य लक्षित वर्गका संरक्षण, सशक्तीकरण र विकासका लागि संविधान र नीतिगत व्यवस्था हुनु,

ख) महिला, बालबालिकाका क्षेत्रमा कार्य गर्ने गैर सरकारी संस्थाहरुको उपस्थिति हुनु,

ग) लैंङ्गिक हिंसा तथा अन्य कुरीतीजन्य व्यवहारको बारेमा विद्यालय स्तरबाट नै सचेतना हुनु,

घ) बालमैत्री स्थानीय तह कार्यान्वयनको प्रतिबद्धता हुनु।

### ५.४.४ समस्या

क) समाजमा महिला र बालबालिका प्रति परम्परागत सोच, विभेद र हिंसा कायम रहनु,

ख) सामाजिक तथा आर्थिक क्रियाकलापहरुमा महिला, बालबालिका तथा लक्षित वर्गको सहभागिता कमजोर हुनु,

ग) महिला, बालबालिका तथा लक्षित वर्गका क्षमता विकास र सशक्तीकरणका कार्यक्रमहरु न्यून हुनु,

घ) लक्षित वर्गको तथ्याङ्क व्यवस्थापन कमजोर हुनु,

ङ) लक्षित वर्गका आवश्यकताको पहिचान गर्न नसक्नु ।

### ५.४.५ चुनौती

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन,

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन,

ग) महिला, दलित र विपन्न वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्नु,

घ) समाजका हरेक तहमा महिलाको नेतृत्वदायी भूमिकामा सहजता ल्याउनु,

ङ) युवा तथा बालबालिकाहरु कुलत, दुर्व्यसनीमा पर्नु,

च) बालबालिकाहरु कम सामाजिक हुनु,

छ) अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सामाजिक सशक्तीकरण गर्नु ।

### ५.४.७ दीर्घकालीन सोच

“महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गतामैत्री छार्का ताङसोङ गाउँपालिका निर्माण”

### ५.४.८ लक्ष्य

महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन गराउने ।

### ५.४.९ उद्देश्य

क) महिला हिंसामुक्त समाजको निर्माण गर्नु,

ख) महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु ।

ग) बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु ।

घ) दलित, आदिवासी तथा उत्पिडित वर्ग सशक्तीकरण र विकासमा सहभागिता सुनिश्चित गर्नु ।

ङ) ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।

च) अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।

## ५.४.१० रणनीति तथा कार्यनीति

महिला, बालबालिका तथा अन्य लक्षित वर्गको संरक्षण, उत्थान र सशक्तीकरणका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरु पहिचान गरिएको छः

तालिका ७२: महिला, बालबालिका तथा लक्षित वर्ग विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| **१.१:** गाउँपालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने । | १. गाउँपालिकाका नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ । |
| **१.२:** लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको उपायहरु खोजी कार्यान्वयन गरिनेछ ।<br>२. महिलाहरुको सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>३. महिला सशक्तिकरण सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सृजना गर्नु ।** | |
| **२.१:** बालअधिकारको संरक्षण गर्दै विकासमा बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. बालमैत्री स्थानीय नीति तर्जुमा गरी बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको नेतृत्व क्षमताको विकासमा जोड दिईनेछ ।<br>४. गाउँपालिका स्तरीय बाल प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरी सबै बालबालिकाहरुको सहभागिता सनुश्चित गरिनेछ । |
| **२.३:** बालमैत्री वातावरणको विकास गर्ने । | १. बालमैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ ।<br>२. बालबालिकाहरूको शारिरिक तथा मानसिक विकासका लागि |

| | |
|---|---|
| | प्रत्येक वडामा बाल उद्यान निर्माण गरिनेछ। |
| **उद्देश्य ३: दलित, आदिवासी तथा उत्पिडित वर्ग सशक्तीकरण र विकासमा सहभागिता सुनिश्चित गर्नु।** | |
| ३.१: दलित र उत्पीडित वर्गको सशक्तिकरण गरी विकासमा समानुपातिक सहभागिता अभिवृद्धि गर्ने। | १. दलित तथा उत्पीडित वर्गहरुको सशक्तीकरण र क्षमता विकासका लागि पहल गरिनेछ।<br>२. दलित समुदायको जिविकोपार्जनमा प्राविधिक तथा अन्य सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। |
| **उद्देश्य ४: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु।** | |
| **४.१:** ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने। | १. आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ।<br>३. जेष्ठ नागरिकहरुका लागि घुम्ती स्वास्थ्य सेवा परिचालन गरिनेछ। |
| **४.२:** ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने। | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ। |
| **४.३:** ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने। | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान गरिनेछ। |
| **उद्देश्य ५: अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु।** | |
| **५.१:** अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने। | १. भौतिक संरचना,पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र नीजि क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ। |
| **५.२:** अपाङ्ग व्यक्तिहरूप्रति गरिने हिंसाको न्यूनीकरण गर्ने। | १. अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। |

## ५.४.८ कार्यक्रम तथा आयोजना

तालिका ७३: महिला, बालबालिका तथा लक्षित वर्ग विकासका कार्यक्रम तथा आयोजनाहरु

| क्र.स. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधारवर्ष अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **४** | **महिला तथा वालवालिका तथा लक्षित वर्ग** | | | | | | **२५००.०** | **२५००.०** | **२५००.०** | **३५००.०** | **२५००.०** | **१३५००.०** | |
| 4.1 | महिला तथा बाल हिंसा न्यूनिकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | वार्षिक | सबै | | ५ | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| 4.2 | सामाजिक विभेद न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम | वार्षिक | सबै | | ५ | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| 4.3 | अपाङ्ग उत्थान कार्यक्रम | वार्षिक | सबै | | ५ | ३५० | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | |
| 4.4 | महिला, बालबालिका, अपांगमैत्री शौचालय निर्माण | गोटा | सबै | | ६ | १००० | १००० | १००० | १००० | २००० | १००० | ६००० | |
| 4.5 | जेष्ठ नागरिक सम्मान कार्यक्रम | वार्षिक | सबै | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| 4.6 | बालक्लब तथा महिलासमुहहरु गठन गरी नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन | वार्षिक | सबै | | ५ | १५० | १५० | १५० | १५० | १५० | १५० | ७५० | |
| 4.7 | लक्षित वर्ग सशक्तिकरण कार्यक्रम | वार्षिक | सबै | | ५ | १०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| 4.8 | फरक क्षमता भएका व्यक्ति तथा समुहहरुको लागि सहायता सामाग्री वितरण कार्यक्रम | वार्षिक | सबै | | ५ | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | |

## ५.४.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७५: महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजाहरु

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| प्रभाव | महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिबासी र उत्पीडित वर्ग विरुद्ध हुने सबै खाले विभेद, हिंसा, र शोषण अन्त्य गरी सक्षम र आत्मसम्मानपूर्ण जीवन यापन भएको हुनेछ। | लैंगिक हिंसा न्यूनीकरण | सङ्ख्या | | ० | ० | ० | ० | ० | ० | गाउँपालिका प्रोफाइल, सामाजिक विकास शाखाका प्रतिवेदनहरु | महिला, बालबालिका र अन्य लक्षित वर्ग क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने। |
| | | बालश्रम/बाल हिंसा न्यूनीकरण | सङ्ख्या | | ० | ० | ० | ० | ० | ० | | |
| | | अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | प्रतिशत | | ८० | ८५ | ९० | ९५ | १०० | १०० | | |
| | | बैंकमार्फत सामाजि सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत | | २० | ३० | ४० | ५० | ६० | ६० | | |
| असर | महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिबासी र | स्थानीय सामाजिक आर्थिक संस्थाहरुमा महिलाको सहभागिता | प्रतिशत | | २५ | ३० | ४० | ४५ | ५० | ५० | | |
| | | स्थानीय सामाजिक आर्थिक संस्थाहरुमा महिलाको नेतृत्व | प्रतिशत | | १० | १५ | २० | ३० | ४० | ४० | | |
| | | महिलाहरुको नाममा घरजग्गा रहेको परिवार | प्रतिशत | | १२ | १५ | १८ | २२ | २५ | २५ | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | उत्पीडित वर्गको सशक्तीकरण र सहभागिता बृद्धि भएको हुनेछ । | महिला हिंसा उजुरी सङ्ख्या | प्रतिशत | | ० | ० | ० | ० | ० | ० | | |
| | | बाल हिंसा उजुरी सङ्ख्या | प्रतिशत | | ० | ० | ० | ० | ० | ० | | |
| | | स्थानीय विकासमा बालबालिकाको सहभागिता | प्रतिशत | | ३ | ५ | १० | १५ | २० | २० | | |
| | | स्थानीय विकासमा दलित आदिबासी र विपन्न वर्गको सहभागिता | प्रतिशत | | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | स्थानीय विकासमा अपाङ्गता भएको व्यक्तिको सहभागिता | सङ्ख्या | | ५ | १० | १५ | २० | २५ | २५ | | |
| प्रतिफल १ | महिलाहरुले लैंगिक हिंसा न्यूनीकरण र महिला सशक्तीकरण सम्बन्धी ज्ञान सीप प्राप्त गरेको हुनेछ । | लैंगिक हिंसा विरुद्ध सचेत महिला | सङ्ख्या | | ५० | १०० | १०० | १५० | १५० | ५५० | | |
| | | आय आर्जन तथा सीप विकास तालिम लिएका महिला | सङ्ख्या | | ५० | १०० | १५० | १५० | २०० | ६५० | | |
| | | उद्यम र स्वरोजगारमा संलग्न महिला | सङ्ख्या | | ५० | ५० | १०० | १५० | १५० | ५०० | | |
| | | कानुनी शिक्षा लिएका महिला | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | १५०० | | |
| | | सरकारी वा अन्य निकायमा रोजगार भएका महिला | सङ्ख्या | | | | | | | | | |
| प्रतिफल २ | बाल अधिकारको संरक्षण र विकासमा बालबालिकाको सहभागिता बृद्धि भएको हुने । | बालक्लबको संख्या | सङ्ख्या | | १० | १२ | १४ | १६ | १८ | १८ | | |
| | | बाल बिवाहको घट्ना | सङ्ख्या | | ० | ० | ० | ० | ० | ० | | |
| | | बालमैत्री स्थानीय शासन लागू | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| प्रतिफल ३ | दलित, आदिवासी तथा विपन्न वर्गको सशक्तीकरण र विकासमा सहभागिता बृद्धि भएको हुने । | मौलिक अधिकारमा सचेत दलित, आदिवासी तथा विपन्न वर्गका नागरिक | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | | |
| | | आय आर्जन तथा सीप विकास तालिम लिएका दलित, आदिवासी तथा विपन्न वर्गका नागरिक | सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | २५० | | |
| | | उद्यम र स्वरोजगारमा संलग्न दलित, आदिवासी तथा विपन्न वर्गका नागरिक | सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | २५० | | |
| | | कानुनी शिक्षा लिएका दलित, आदिवासी तथा विपन्न वर्गका नागरिक | सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | २५० | | |
| | | सरकारी वा अन्य निकायमा रोजगार भएका दलित, आदिवासी तथा विपन्न वर्गका नागरिक | सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | २५० | | |
| प्रतिफल ४ | जेष्ठ नागरिकहरुलाई आधारभूत सेवामा पहुँच सुनिश्चित भएको हुने । | आर्थिक सहयोगबाट लाभान्वित जेष्ठ नागरिक | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | १५०० | | |
| | | जेष्ठ नागरिकका लागि घुम्ती स्वास्थ्यकर्मी परिचालन | सङ्ख्या | | ५ | १० | १० | १० | १० | ४५ | | |
| | | गाउँपालिकाबाट स्वास्थ्योपचार पाएका जेष्ठ नागरिक | सङ्ख्या | | ५०० | १००० | १००० | १००० | १००० | ४५०० | | |
| प्रतिफल ५ | अपांगता भएको नागरिकहरुको | आय आर्जन तथा सीपमुलक तालिम प्राप्त अपाङ्गता भएको व्यक्ति | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | सशक्तीकरण र विकासमा सहभागिता बृद्धि भएको हुने । | सरकारबाट सम्मान तथा संरक्षण पाएका अपांगता भएको व्यक्ति | सङ्ख्या | | २० | २० | ३५ | ५० | ५० | ५०० | | |
| | | सरकारबाट स्वास्थ्य उपचार सहयोग पाएका अपांगता भएको व्यक्ति | सङ्ख्या | | ३० | ३० | ३० | ३० | ३० | ५०० | | |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा युवा (१५ – ४४ उमेर समूह) का जनसंख्या ९२२ (५५.१४ प्रतिशत) रहेको छ । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट गाउँपालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ ।

गाउँपालिकामा युवाहरुको सीप तथा क्षमता अभिवृद्धि तथा युवा खेलकुद विकासका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिँदै आएका छन् । तथापि युवाहरुको उद्यमशिलता तथा रोजगारी/स्वरोजगारीको क्षेत्रमा उल्लेख्य प्रगति भने हुन सकेको छैन । व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासका लागि खेलकुद अपरिहार्य छ । त्यसैले समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बा ालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाई गाउँपालिका, प्रदेश र राष्ट्रको गौरव बढाउने अवसर सिर्जना गर्नुपर्ने भएको छ । यसकारण, युवाको सीप तथा क्षमता विकास र खेलकुद विकासको क्षेत्रमा योजनाबद्ध पहलहरु गर्नुपर्ने आवश्यकता देखिएको छ ।

### ५.५.२ सम्भावना

क) कृषि तथा गैर कृषि क्षेत्रमा युवा उद्यमशिलता तथा रोजगारीको अवसर सिर्जना गर्न सकिने,

ख) युवाका लागि व्यवसायिक सीप उपलब्ध गराई स्वरोजगार बनाउन सकिने,

ग) युवाहरुलाई खेलकुदमा आकर्षित गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीको रुपमा विकास गर्न सकिने,

घ) युवा लक्षित कार्यक्रमका लागि गैरसरकारी तथा निजी संस्थाहरुसँग समन्वय र साझेदारी गर्न सकिने ।

### ५.५.३ अवसर

क) संविधानमा नै युवा विकास सम्बन्धी व्यवस्था हुनु,

ख) जनसंख्यामा युवाहरुको बाहुल्यता हुनु,

ग) युवाहरुलाई कृषि, पशुपालन, पर्यटन तथा अन्य क्षेत्रमा आकर्षित गरी आय वृद्धि गर्न सकिने।

### ५.५.४ समस्या

क) युवा समूहलाई उचित परिचालन हुन नसक्नु,

ख) आन्तरिक रोजगारीको अवसर हुन नसक्नु,

ग) अध्ययन र रोजगारीको सिलसिलामा युवा पलायन व्याप्त हुनु,

घ) स्थानीय तहमा युवा लक्षित कार्यक्रमहरु न्यून हुनु,

ङ) बजारको मागको आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु,

च) युवा उद्यमशिलता तथा रोजगारीका कार्यक्रमहरु सञ्चालन न्यून हुनु,

छ) युवाहरुलाई खेलकुदका लागि खेलमैदान तथा आवश्यक स्रोतसाधन सहितको सुविधाहरु अभाव हुनु,

ज) युवाहरु कृषि तथा पशुपालन जस्ता व्यवसायिक कार्यहरु कम आकर्षित हुनु।

### ५.५.५ चुनौती

क) युवाहरुलाई गाउँमै बसाउने, अध्ययन र रोजगारको पूर्वाधार र वातावरण बनाउनु,

ख) खेलकुदमा व्यवसायिकता बनाई युवाहरुलाई दिगोरुपमा खेल प्रति आकर्षित गराउनु,

ग) युवाहरुलाई नेतृत्वदायी भूमिका र विकास तथा योजना तर्जुमाको मूलप्रवाहमा ल्याउनु,

घ) युवाहरुलाई लागूपदार्थ तथा दुर्व्यसनीबाट बचाउनु,

ङ) युवाहरुको मानसिक स्वास्थ्य र अनुशासन सुदृढ राख्नु।

### ५.५.६ दीर्घकालीन सोच

“युवाहरुमा व्यवसायिक सीप र जाँगर: छार्का ताङसोङ गाउँपालिका परिवर्तनको आधार”

### ५.५.७ लक्ष्य

युवा जनशक्तिलाई गाउँपालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण गर्ने।

### ५.५.८ उद्देश्य

क) युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।

ख) खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु।

### ५.५.९ रणनीति तथा कार्यनीति

युवा तथा खेलकुद विकासका लागि देहायका रणनीति तथा कार्यनीतिहरु पहिचान गरी समावेश गरिएको छ। यस योजना अवधिभित्र यी रणनीति तथा कार्यनीतिहरुलाई कार्यान्वयनमा ल्याईनेछ।

तालिका ७६: युवा तथा खेलकुद विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।** | |
| **१.१** विकासमा युवा सहभागिता बढाउने। | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. गाउँपालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ। |
| १.२ युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने। | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, नीजि, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ। |
| १.३ युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने। | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यवसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ। |
| **१.४** युवामा सकारात्मक सोच, | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन |

| | |
|---|---|
| सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवारी बनाउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वडामा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ।<br>७. युवाहरुमा नेतृत्व क्षमताको विकासकालागि नियमित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>८. युवाहरुलाई गाउँपालिकाको नीति निर्माण तथा योजना निर्माण तहमा सहभागिताको सुनिश्चितता गरिनेछ । |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।** | |
| **२.१** खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. गाउँपालिकामा स्तरीय खेलग्राम निर्माण गरिनेछ ।<br>२. सार्वजनिक नीजि साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ ।<br>३. कभर्डहल/खेलमैदान तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिनेछ। |
| **२.२** खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद प्रशिक्षकहरुको सूची तयार गरी आवश्यकता अनुसार प्रशीक्षणको व्यवस्था मिलाइनेछ । |
| **२.३** योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ । |
| **२.४** प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको |

| | |
|---|---|
| | पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ।<br>३. विद्यालय तथा गाउँपालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

## ५.५.१० कार्यक्रम तथा आयोजना

तालिका ७७: युवा तथा खेलकुद विकासका कार्यक्रम तथा आयोजनाहरु

| क्र.स. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधारवर्ष अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **ख** | **सामाजिक विकास क्षेत्र** | | | | | | | | | | | | |
| **५** | **युवा तथा खेलकुद** | | | | | | **६१००.०** | **१११००.०** | **१११००.०** | **१११००.०** | **६१००.०** | **४५५००.०** | |
| ५.१ | गाउँपालिका स्तरीय खेलग्रामको स्थापना | गोटा | सबै वडा | | १ | २००००.० | ५०००.० | ५०००.० | ५०००.० | ५०००.० | ०.० | २००००.० | |
| ५.२ | खेलाडी प्रोत्साहन तथा सहायता कार्यक्रम | वार्षिक | सबै वडा | | ५ | २००.० | २००.० | २००.० | २००.० | २००.० | २००.० | १०००.० | |
| ५.३ | बालक्लब तथा युवा क्लबहरुलाई खेलकुद सामाग्री वितरण कार्यक्रम | वार्षिक | सबै वडा | | ५ | २००.० | २००.० | २००.० | २००.० | २००.० | २००.० | १०००.० | |
| ५.४ | कभर्ड हल निर्माण | गोटा | सबै वडा | | २ | १००००.० | ०.० | ५०००.० | ५०००.० | ५०००.० | ५०००.० | २००००.० | |
| ५.५ | खेलाडी प्रोत्साहन तथा सहायता कार्यक्रम | वार्षिक | सबै वडा | | ५ | १५०.० | १५०.० | १५०.० | १५०.० | १५०.० | १५०.० | ७५०.० | |
| ५.६ | खेलकुद पूर्वाधार विकास कार्यक्रम | वार्षिक | सबै वडा | | ५ | ३००.० | ३००.० | ३००.० | ३००.० | ३००.० | ३००.० | १५००.० | |
| ५.७ | विद्यालय, वडा स्तरीय खेलकुद प्रतियोगित सञ्चालन | वार्षिक | सबै वडा | | ५ | २५०.० | २५०.० | २५०.० | २५०.० | २५०.० | २५०.० | १२५०.० | |

## ५.५.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७९: युवा तथा खेलकुद क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजाहरु

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| प्रभाव | स्थानीय युवाहरु आर्थिक तथा सामाजिक रुपमा सक्रिय भई गाउँपालिकाको समृद्धिमा योगदान पुगेको हुनेछ । | रोजगारीमा संलग्न गाउँपालिका भित्रका युवा | प्रतिशत | | ४० | ४५ | ५० | ५५ | ६० | ६० | गाउँपालिका प्रोफाइल, शिक्षा शाखाका प्रतिवेदनहरु | युवा तथा खेलकुद क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने । |
| | | उद्योग व्यवसायमा संलग्न युवा | प्रतिशत | | २५ | ३० | ३१ | ३४ | ३७ | ३७ | | |
| | | गाउँपालिकाका सक्रिय खेलाडी (कुल खेलाडी सङ्ख्याको तुलनामा) | प्रतिशत | | ५५ | ६० | ६५ | ७० | ७५ | ७५ | | |
| असर | गाउँपालिकाका आर्थिक तथा सामाजिक विकास र खेलकुद क्षेत्रमा युवाहरुको संलग्ता र बृत्ति विकास भएको हुनेछ । | रोजगारीमा संलग्न युवा सङ्ख्या | सङ्ख्या | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | |
| | | युवाले स्थापना गरेका उद्योग व्यवसायको सङ्ख्या | सङ्ख्या | | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | सहकारीमा युवाहरुको सहभागिता | प्रतिशत | | २५ | ३० | ३५ | ४० | ५० | ५० | | |
| प्रतिफल १ | यूवा सशक्तीकरण र विकासमा सहभागिता बृद्धि भएको हुनेछ । | उद्यमशीलता तालिम लिएका युवा | सङ्ख्या | | ५० | १०० | १५० | २०० | २५० | ७५० | | |
| | | क्षमता विकास तालिम लिएका युवा | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | १५०० | | |
| प्रतिफल २ | खेलकुद विकास र खेलाडी क्षमता विकास भएको हुनेछ । | विधागत प्रशिक्षण पाएका युवा | सङ्ख्या | | २५ | ५० | १०० | १५० | २०० | ५२५ | | |
| | | अध्यक्षकप खेलकुद प्रतियोगिता | पटक | | १ | १ | १ | १ | १ | ५ | | |
| | | खेलाडी तथ्याङ्क व्यवस्थापन | पटक | | १ | १ | १ | १ | १ | ५ | | |
| | | खेलाडी सम्मान तथा पुरस्कार | पटक | | १ | १ | १ | १ | १ | ५ | | |
| प्रतिफल ३ | युवाहरुले नैतिक शिक्षा पाएको र दूर्व्यसनी न्यूनीकरण भएको हुनेछ । | लागु औषध र मादक पदार्थ विरुद्ध अभिमुखीकरण लिएका युवा | | | २५० | ५०० | ७५० | १००० | १२५० | १२५० | | |
| | | कानुनी तथा नैतिक शिक्षा र सकारात्मक सोच सम्वन्धी | | | २५० | ५०० | ७५० | १००० | १२५० | १२५० | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| | | अभिमुखीकरण लिएका युवा | | | | | | | | | | |
| | | लागु औषध विरुद्ध सूचना शिक्षा सञ्चार कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | | |
| | | किशोर किशोरी कार्यक्रम | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ | | |

# परिच्छेद – ६

# पूर्वाधार क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रुपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सञ्चार तथा सूचना प्रविधि जस्ता विषयहरु पर्दछन् ।व्यवस्थित वस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रुपमा लिने गरिएको छ ।यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरु मध्ये लक्ष्य-७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (सहरहरु र समुदायहररुको दिगोपना) यस क्षेत्रसँग प्रत्यक्ष रुपमा दिगो विकासका लक्ष्यहरु सम्बन्धित रहेका छन् ।

## ६.१ बस्ती, आवास, भवन र सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले व्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवसको हकलाई प्रत्याभूति गरेको छ । यस हक प्राप्तिका लागि केही कार्यहरु अगाडी बढेपनि पर्याप्त भएको छैन । स्थानीय तहको बढी भन्दा बढी योजनाहरु स-साना निर्माणहरुमा केन्द्रित भएकोले आवस तथा वस्ती विकासको आभास हुन सकेको छैन । भौगोलिक हिसाबले विकट र छरिएर रहेका विपद जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न तथा अव्यवस्थित रुपले बसोबास गरेको घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकता राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ । यस क्षेत्रमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीहरुको लेखाजोखा गरी उपयुक्त रणनीति, कार्यनीति र कार्यक्रमहरु पहिचान गरी योजनामा समावेश गरिएको छ ।

### ६.१.२ सम्भावना

क) विभिन्न स्थानहरुमा एकीकृत बस्ती विकास गर्न सकिने,

ख) भवन निर्माण मापदण्ड लागू गरी सुरक्षित आवास निर्माण गर्न सकिने,

ग) विपद् उत्थानशिल आवास तथा सार्वजनिक निर्माण गर्न सकिने,

घ) स्थानीय मौलिकता सहितको वस्ती विकास गर्न सकिने,

### ६.१.३ अवसर

क) अव्यवस्थित तथा घना वस्तीहरु नभएको,

ख) सडक सञ्जाल द्रुत गतिमा विकास भईरहेको,

ग) वस्ती तथा आवासहरुमा आधारभूत पूर्वाधारहरुको विकास भईसकेको,

घ) एकीकृत वस्ती विकास तथा एकीकृत जग्गा विकास परियोजनाको लागि प्रशस्त जमिन रहेको,

ङ) सार्वजनिक निर्माणका लागि जग्गाहरुको उपलब्धता पर्याप्त रहेको,

च) निर्माण सामाग्री, जनशक्ति तथा बजारको पहुँच स्थानीय स्तरमा नै रहेको ।

### ६.१.४ समस्या

क) जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा र कार्यान्वयन नहुनु,

ख) भौगोलिक कठिनाई सहितको ग्रामिण परिवेशका छरिएर रहेका वस्तीहरु भएकोले बाटो, पानी, बत्ती, ढल निकास जस्ता विकासका पूर्वाधार पर्याप्त मात्रामा पुर्याउन कठिनाई हुनु,

ग) भवन निर्माण आचारसंहिता लागु हुन नसक्नु,

घ) एकिकृत वस्तीको अवधारणा अगाडी बढ्न नसक्नु ।

### ६.१.५ चुनौती

क) भवन निर्माण मापदण्डलाई प्रभावकारी कार्यान्वयन गर्नु,

ख) सुरक्षित, एकिकृत र व्यवस्थित वस्ती विकास गर्नु,

ग) सडक क्षेत्राधिकार कायम गरी कार्यान्वयन गर्नु,

### ६.१.६ दीर्घकालीन सोच

“सुरक्षित आवास, एकिकृत वस्ती र व्यवस्थित सार्वजनिक निर्माण”

### ६.१.७ लक्ष्य

सुन्दर, सुरक्षित, विपद् उत्थानशील र एकीकृत आवास तथा वस्ती विकास गर्ने ।

### ६.१.८ उद्देश्य

क) सुरक्षित र मौलिक संस्कृति सहितको वस्ती तथा आवासको विकास गर्ने,

ख) सबैको लागि उपयुक्त सुरक्षित तथा एकिकृत वस्ती तथा आवासको विकास गर्ने।

## ६.१.९ रणनीति तथा कार्यनीति

गाउँपालिकाका बस्ती, आवास, भवन र सार्वजनिक निर्माण क्षेत्रमा विकास गरी सुरक्षित र व्यवस्थित जनजीवन स्थापना गर्नका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरु पहिचान गरी योजनामा समावेश गरिएको छः

तालिका ८४: बस्ती, आवास, भवन र सार्वजनिक निर्माण क्षेत्रका रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १:** सुरक्षित र मौलिक संस्कृति सहितको वस्ती तथा आवासको विकास गर्ने। | |
| १.१ भू-उपयोग नीति तथा भवन निर्माण मापदण्ड कार्यान्वयन गर्ने। | १.१.१ भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>१.१.२ भवन निर्माण मापदण्ड तयार गरी लागू गरिनेछ।<br>१.१.३ मौलिक कला संस्कृति सहितको सार्वजनिक तथा नीजि भवनहरु निर्माण गर्न प्रोत्साहन गरिनेछ।<br>१.१.४ गाउँपालिकाको स्थानीय सामाग्री, सीप र मौलिक कला संस्कृती प्रयोग हुनेगरी Type-I, Type-II, Type-III, Type-IV भवन को डिजाइन नक्सा तयार गरी सोही अनुरुप भवन निर्माण गर्न प्रोत्साहन गरिनेछ। |
| **उद्देश्य २:** सबैको लागि उपयुक्त सुरक्षित तथा एकिकृत वस्ती (Smart Village) तथा आवासको विकास गर्ने। | |
| २.१ ग्रामिण क्षेत्रका विकट तथा छरिएर रहेका वस्तीमा आधारभूत सुविधा सहितको एकीकृत वस्ती निर्माण गरी स्थानानतरण गर्ने। | २.१.१ ग्रामिण क्षेत्रका विकट तथा विपद्को उच्च जोखिममा रहेका स्थानहरुमा हुन् वस्ती विकासलाई निरुत्साहित गरिनेछ।<br>२.१.२ छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत वस्ती (Smart Village) निर्माण गरिनेछ। |

## ६.१.१० कार्यक्रम तथा आयोजना

तालिका ८५: बस्ती, आवास, भवन र सार्वजनिक निर्माण क्षेत्रका कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधारवर्ष अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **१** | **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | | | | | | **२२०००** | **२१८००** | **१८५००** | **२५०००** | **१७०००** | **१०४३००** | |
| १.१ | गाउँपालिका भवन निर्माण मापदण्ड निर्माण तथा कार्यान्वयन | गोटा | सबै | | १ | १००० | १००० | ० | ० | ० | ० | १००० | |
| १.२ | मौलिक कला सहितको Type-1, Type-2, Type-3 भुकम्प प्रतिरोधी घर डिजाइन तयारी | गोटा | सबै | | १ | ८०० | ० | ८०० | ० | ० | ० | ८०० | |
| १.३ | एकिकृत बस्ती विकास गुरुयोजना तथा Smart Village निर्माणका लागि DPR तयारी | गोटा | सबै | | ३ | १५०० | १५०० | १५०० | १५०० | ० | ० | ४५०० | |
| १.४ | गाउँपालिका प्रशासनिक भवन निर्माण | गोटा | सबै | | १ | ५००० | २५०० | २५०० | ० | ० | ० | ५००० | |
| १.५ | सम्पूर्ण वडा कार्यालय भवनहरुको निर्माण तथा व्यवस्थापन | गोटा | सबै | | ६ | ८००० | ८००० | ८००० | ८००० | १६००० | ८००० | ४८००० | |
| १.६ | प्रत्येक बस्तीमा एउटा/एउटा सामुदायिक भवन निर्माण | गोटा | सबै | | १० | ४५०० | ९००० | ९००० | ९००० | ९००० | ९००० | ४५००० | |

## ६.१.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ८७: बस्ती, आवास, भवन र सार्वजनिक निर्माण क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजाहरु

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| प्रभाव | नागरिकहरु सुरक्षित, सुलभ र वातावरणमैत्री एकिकृत आवास तथा वस्तीमा बसोबास गरेको हुनेछ। | सूरक्षित आवास सुविधा प्राप्त जनसंख्या | प्रतिशत | | ५० | ६०.० | ७०.० | ८०.० | ९०.० | ९०.० | गाउँपालिका प्रोफाइल, पूर्वाधार शाखाका प्रतिवेदनहरु | बस्ती, आवास, भवन र अन्य सार्वजनिक पूर्वाधार क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने। |
| असर | सुरक्षित, सुलभ र वातावरणमैत्री एकिकृत आवास तथा वस्ती विकास भएको हुनेछ। | भूकम्प प्रतिरोधी भवन | प्रतिशत | | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| | | भवन मापदण्ड अनुसार बनेको भवन | प्रतिशत | | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | एकीकृत वस्ती सङ्ख्या | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | बजार व्यवस्थापन | सङ्ख्या | | १ | ० | २ | ० | ३ | ३ | | |
| | | जोखिमयुक्त वस्तीको स्थानन्तरण | सङ्ख्या | | १ | १ | २ | २ | २ | ८ | | |
| प्रतिफल १ | सुरक्षित क्षेत्रमा सुरक्षित वस्ती तथा भवनको अवधारणा लागु भएको हुनेछ। | जोखिम संवेदनशील भूउपयोग योजना कार्यान्वयन | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| | | भवन निर्माण मापदण्ड लागू | सङ्ख्या | | १ | १ | १ | १ | १ | १ | | |
| | | एकीकृत वस्ती सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | ५ | | |
| प्रतिफल २ | एकीकृत बस्ती विकास र वस्ती सुधार गरी जोखिममुक्त र सुविधायुक्त बस्ती निर्माण भएको हुनेछ। | एकीकृत वस्ती निर्माण | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | सुधार गरिएका बस्ती | सङ्ख्या | | ५ | १० | १५ | २० | २५ | २५ | | |
| प्रतिफल ३ | गाउँपालिका क्षेत्रमा स्थानीय नागरिकहरुको माग तथा | शिक्षा र स्वास्थ्य पूर्वाधार | सङ्ख्या | | ८ | ९ | १० | ११ | १२ | १२ | | |
| | | कृषि तथा पशुपालन | सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | १० | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| | आवश्यकतामा आधारित रही सार्वजनिक भवन तथा पूर्वाधारहरुको निर्माण भएको हुनेछ। | व्यवसाय सहयोगी संरचना | | | | | | | | | | |
| | | सामाजिक र खेलकुद पूर्वाधार | सङ्ख्या | | २ | ४ | ६ | ८ | १० | १० | | |
| प्रतिफल ४ | भवन तथा अन्य पूर्वाधार निर्माण क्षेत्रमा दिगोपन ल्याउन स्थानीय दक्ष जनशक्ति तयार भएको हुनेछ। | भवन तथा अन्य निर्माण प्राविधिक तालिम पाएका जनशक्ति (नयाँ) | सङ्ख्या | | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | भवन तथा अन्य निर्माण प्राविधिक तालिम पाएका जनशक्ति (काम गरिरहेका मिस्त्री र ज्यामी) | सङ्ख्या | | २० | ५० | १०० | १५० | २०० | २०० | | |

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

आर्थिक विकास एवम् सामाजिक समृद्धिका आधारहरू हुन् जसमा सडक यतायात तथा पुलको सबैभन्दा महत्त्वपूर्ण योगदान रहन्छ। पूर्वाधारको विकासमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय निकायलाई जिम्मेवार बनाएको छ। पूर्वाधार निर्माणकालागि स्थानीय निकायलाई प्रदेश एवम् संघीय सरकारकारबाट समेत अर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ।

छार्का ताङसोङ गाउँपालिका दूर्गम हिमाली क्षेत्र भएको कारणले सडक सञ्जालको निर्माण चुनौतीपूर्ण रहेको छ। यस गाउँपालिकामा हालसम्म कुनै राष्ट्रिय राजमार्ग नजोडिएको भएतापनि गाउँपालिका भित्र ७६ किलोमिटर कच्ची सडक र ७५ किलोमिटर मुल बाटो निर्माण कार्य सकिएको छ। त्यस्तै निर्माणाधीन गाउँस्तरीय सडकहरुमा छिमेकी गाउँपालिका डोल्पोबुद्ध र छिमेकी जिल्ला मुस्ताङ्गको सिमाना सम्म जोड्ने र गाउँपालिकाको सबै वडाहरु जोड्न करीब १०० किलोमिटर सडक निर्माणाधीन रहेका छन्। यस गाउँपालिकाले छिमेकी जिल्ला मुस्ताङ्ग सिमाना लाई गाउँपालिका केन्द्र कागकोट सम्म जोड्ने मुस्ताङ-छार्का-भारबुङ-कागकोट सडक करिडोरलाई लाई गौरवको योजनाको रुपमा अगाडी बढाएको छ भने सडक सञ्जालको निर्माण कार्य यस गाउँपालिकाको प्रमुख प्राथमिकता भित्र रहेको छ।

### ६.२.२ सम्भावना

क) सडक सञ्जाल विकास गरी कृषि, पशुपालन, व्यापार, व्यवसाय, उद्योग तथा पर्यटनको विकास गरी आर्थिक गतिविधि बढाउन सकिने।

### ६.२.३ अवसर

क) गाउँपालिकाको गौरवको योजनाको रुपमा मुस्ताङ-छार्का-भारबुङ-कागकोट सडक करिडोर हुनु,

### ६.२.४ समस्या

क) सडक निर्माणमा अपेक्षित विकास नहुनु,

ख) सडक आयोजनाहरुको लागि बजेट अभाव हुनु,

### ६.२.५ चुनौती

क) कठिन भौगोलिक अवस्था हुनु,

ख) हालसम्म कुनै राष्ट्रिय सडक सञ्जालसँग गाउँपालिका नजोडिनु,

### ६.२.६ दीर्घकालीन सोच

"सडक सञ्जाल तथा यातायात पूर्वाधार, गाउँपालिकाको आर्थिक समृद्धिको आधार"

### ६.२.७ लक्ष्य

दिगो सडक पूर्वाधार विकास मार्फत नागरिकको आर्थिक समृद्धि बढाउने।

### ६.२.८ उद्देश्य

क) गाउँपालिकाबाट जिल्ला सदरमुकाम दुनै र छिमेकी जिल्ला मुस्ताङ्ग सँग जोड्ने सडकलाई प्राथमिकताको साथ अगाडी बढाउनु,

ख) गाउँपालिकाका सबै वडा र टोल बस्तीहरुमा सडकको पहुँच विस्तार गर्नु,

### ६.२.९ रणनीति तथा कार्यनीति

गाउँपालिकाका सडक, पुल तथा यातायात विकासका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरु यस योजनामा समावेश गरिएको छः

तालिका ८८: सडक पुल तथा यातायात विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १:** गाउँपालिकाबाट जिल्ला सदरमुकाम दुनै र छिमेकी जिल्ला मुस्ताङ्ग सँग जोड्ने सडकलाई प्राथमिकताको साथ अगाडी बढाउनु | |
| १.१ गाउँपालिकालाई जिल्ला सदरमुकाम र छीमेकी जिल्ला मुस्ताङ्ग सँग जोड्ने। | १.१.१ मुस्ताङ-छार्का-भारबुङ-कागकोट सडक करिडोरलाई गाउँपालिकाको गौरवको योजनाको रुपमा अगाडी बढाइने छ।<br>१.१.२ गाउँपालिका भित्र सडक सञ्जाल विस्तार सम्भाव्यता अध्ययन र डि.पि.आर. निर्माण गरी प्रदेश तथा संघीय स्तरमा आवश्यक पहल गरिनेछ। |
| **उद्देश्य २:** गाउँपालिकाका सबै वडा र टोल बस्तीहरुमा सडकको पहुँच विस्तार गर्नु। | |
| २.१ सडक सञ्जालले नछोएका बस्तीहरुमा | २.१.१ सडक सञ्जालले नछोएका बस्तीहरुमा सडक नयाँ |

| | |
|---|---|
| सडकको नयाँ ट्रयाक खोल्ने तथा सञ्चालित सडकहरुको स्तरोन्नति गर्ने।। | ट्रयाक खोलिनेछ।<br>२.१.२ हाल सञ्चालनमा रहेका सडकहरुको आवश्यकतानुसार मर्मत सम्भार तथा स्तरोन्नती गरिनेछ। |
| **उद्देश्य ३:** आवश्यक स्थानहरुमा पक्की पुल, झोलुङ्गे पुल तथा ट्रस ब्रिज आदि निर्माण गर्नु। | |
| ३.१ गाउँपालिकाका आवश्यक स्थानहरुमा पक्की पुल, झोलुङ्गे पुल तथा ट्रस ब्रिज आदि निर्माण गरी आवतजावत सुचारु गरिनेछ। | ३.१.१ पैदल बाटाहरुमा पर्ने खोलाहरुमा झोलुङ्गे पुल वा ट्रस पुल निर्माण गरी आवतजावतलाई सहज बनाइनेछ। |

## ६.२.१० कार्यक्रम तथा आयोजना

तालिका ८९: सडक पुल तथा यातायात विकासका कार्यक्रम तथा आयोजना

| कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधारवर्ष अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **सडक तथा यातायात पूर्वाधार** | | | | | | **३०६२५०.०** | **५२७२५०.०** | **४८००००.०** | **६४७५००.०** | **६५२५००.०** | **२६१३५००.०** | |
| सडक सञ्जालको सम्भाव्यता अध्ययन | गोटा | सबै वडा | | १ | १५०० | १५०० | ० | ० | ० | ० | १५०० | |
| कागकोट-भारभुङ्ग खण्ड सडक निर्माण | कि.मि. | ३,६,४ | | १७ | ३५००० | ७०००० | १०५००० | १०५००० | १४०००० | १७५००० | ५९५००० | |
| शेरी-घेराङ्ग पिम्री खण्ड सडक निर्माण | कि.मि. | ५,६ | | २९ | ३५००० | ७०००० | १७५००० | १७५००० | २४५००० | ३५०००० | १०१५००० | |
| ठाङ्सीकार्बो देखी धुईतेन सम्म RCC सडक निर्माण | कि.मि. | १ | | ५ | ३५००० | ० | ० | ० | १०५००० | ७०००० | १७५००० | |
| तेराङ्ग मुकोट सडक निर्माण | कि.मि. | ६ | | ५ | १५००० | ० | ४५००० | ३०००० | ० | ० | ७५००० | |
| टाक्सी देखी सुरोलुङ सडक निर्माण | कि.मि. | ३ | | ५ | १५००० | ४५००० | ३०००० | ० | ० | ० | ७५००० | |
| सुम्बोतर देखी डेमुला सम्म सडक निर्माण | कि.मि. | १ | | ५ | १५००० | ० | ० | ० | ४५००० | ३०००० | ७५००० | |
| फिलुङ देखी मुङ सम्म सडक निर्माण | कि.मि. | १ | | ५ | १५००० | ३०००० | ३०००० | १५००० | ० | ० | ७५००० | |
| मोला देखी डुखुम सम्म सडक निर्माण | कि.मि. | १ | | ५ | १५००० | ० | ० | ४५००० | ३०००० | ० | ७५००० | |
| मुस्ताङ सिमाना देखी लाङ्ग्रा सम्म सडक विस्तार योजना | कि.मि. | 1 | | ५ | १५००० | ० | ३०००० | ३०००० | १५००० | ० | ७५००० | |
| पिम्री देखी लाङ्गेबगर सम्म सडक | कि.मि. | ५ | | ५ | १५००० | ४५००० | ३०००० | ० | ० | ० | ७५००० | |

| कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधारवर्ष अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष बजेट | दोस्रो वर्ष बजेट | तेस्रो वर्ष बजेट | चौथो वर्ष बजेट | पाँचौ वर्ष बजेट | | |
| निर्माण | | | | | | | | | | | | |
| च्यामर देखी छाङरु सम्म सडक स्तरोन्नती | कि.मि. | | | १० | १५००० | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | LSIP |
| **पुलको निर्माण** | | | | | | | | | | | | |
| धोपु खोला काठे पुल | गोटा | ६ | | १ | २५०० | २५०० | ० | ० | ० | ० | २५०० | |
| धोची खोला झो.पु. | गोटा | ६ | | १ | ४५०० | २२५० | २२५० | ० | ० | ० | ४५०० | |
| लुङवु खोला ट्रस ब्रीज निर्माण | गोटा | ४ | | १ | १२००० | ० | १२०००० | ० | ० | ० | १२००० | LSIP |
| कागकोट RCC पुल निर्माण | गोटा | ४ | | १ | ४०००० | २०००० | २०००० | ० | ० | ० | ४०००० | |
| तानाखोला RCC पुल निर्माण | गोटा | ४ | | १ | ४०००० | ० | ० | २०००० | २०००० | ० | ४०००० | |
| नाल्जाङ्ग RCC पुल निर्माण | गोटा | १ | | १ | ४०००० | ० | ० | ० | २०००० | २०००० | ४०००० | |
| याग्लुङ खोला RCC पुल निर्माण | गोटा | १ | | १ | ४०००० | २०००० | २०००० | ० | ० | ० | ४०००० | |
| नग्लुङ खोला RCC पुल निर्माण | गोटा | १ | | १ | ४०००० | ० | २०००० | २०००० | ० | ० | ४०००० | |
| चाङचुङ खोला RCC पुल निर्माण | गोटा | १ | | १ | ४०००० | ० | ० | २०००० | २०००० | ० | ४०००० | |
| फिलुङ RCC पुल निर्माण | गोटा | १ | | १ | ४०००० | ० | २०००० | २०००० | ० | ० | ४०००० | |
| सावा खोला कल्भर्ट निर्माण | गोटा | ५ | | १ | १५००० | ० | ० | ० | ७५०० | ७५०० | १५००० | |
| देलुङ खोला कल्भर्ट निर्माण | गोटा | ५ | | १ | १५००० | ७५०० | ७५०० | ० | ० | ० | १५००० | |
| भाङगाङ खोला कल्भर्ट निर्माण | गोटा | ५ | | १ | १५००० | ० | ० | ० | ७५०० | ७५०० | १५००० | |
| टाकङ्गु Causeway निर्माण | गोटा | १ | | १ | १०००० | ० | १०००० | ० | ० | ० | १०००० | |
| **यातायातको पूर्वाधार विकास** | | | | | | | | | | | | |
| पशु ढुवानी व्यवस्थापन योजना निर्माण | गोटा | सबै वडा | | १ | १००० | १००० | ० | ० | ० | ० | १००० | |
| सडक डि.पि.आर. | एकमुष्ट | सबै वडा | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |

## ६.२.११ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ९१: सडक पुल तथा यातायात क्षेत्रका अपेक्षित उपलब्धि तथा नतिजाहरु

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| प्रभाव | गाउँपालिकाका सबै नागरिकहरुलाई सडक यातायातको पहुँच सर्व सुलभ भएको छ। | आधा घण्टाको दूरीमा यातायात पहुँच गरेको घरधुरी | प्रतिशत | | ७५ | ८० | ८५ | ९० | १०० | १०० | गाउँपालिका प्रोफाइल, पूर्वाधार शाखाका प्रतिवेदनहरु | पूर्वाधार क्षेत्रमा प्राथमिकता र यथेष्ट बजेट विनियोजन भई सुचारु कार्यान्वयन भएको हुने। |
| | | कालोपत्रे सडक - दुई लेन | कि. मि. | | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | कच्ची ग्राभेल सडक | कि. मि. | | ३५ | ४० | ४५ | ५० | ५५ | ५५ | | |
| | | सोलिङ्ग सडक | कि. मि. | | २०० | २१० | २२० | २३० | २५० | २५० | | |
| | | पक्की पुल | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| | | झोलुङ्गे पुल | संख्या | | २ | २ | ३ | ३ | ३ | १३ | | |
| प्रतिफल १ | सडक नपुगेको बस्तीहरुमा सडकको नयाँ ट्र्याक खुलेको तथा सञ्चालित सडकहरुको स्तरोन्नति भएको हुनेछ। | सडक नयाँ ट्र्याक | कि. मि. | | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | | सडक स्तरोन्नति र मर्मत सम्भार | कि. मि. | | १० | १० | १० | १० | १० | ५० | | |
| | | कालोपत्रे सडक - दुई लेन | कि. मि. | | १० | १५ | २० | २५ | ३० | ३० | | |
| प्रतिफल ३ | पैदल बाटाहरुमा झोलुङ्गे पुल र सडकको आवश्यक स्थानहरुमा पुल ढल | पक्की पुल | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| | | झोलुङ्गे पुल | संख्या | | २ | २ | ३ | ३ | ३ | १३ | | |
| | | कलभर्ट | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | | |

| नतिजा तह | नतिजा | सूचक/लक्ष्य | एकाई | आधार वर्ष (२०८०/८१) | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष र अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौँ वर्ष | | | |
| | ह्युमपाइप कलभर्टहरु थप निर्माण गरी सडक यातायात सुचारु भएको हुनेछ। | पक्की ड्रेन | कि.मि. | | १० | १० | १० | १० | १० | ५० | | |

## ६.३ विद्युत तथा वैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमि

मानव जीवनशैली आधुनिकिकरण हुँदै गरेको परिप्रेक्ष्यमा विद्युतलाई उज्यालोको श्रोत, खाना पकाउने इन्धन तथा विद्युतीय सामाग्रीको लागि उर्जाको रुपमा प्रयोग गरिएको छ । यस गाउँपालिकामा धेरै खोलाहरु भएकोले विद्युत उत्पादनको सम्भावना बोकेको छ । हाल सम्म राष्ट्रिय प्रशारण लाइन पुग्न नसकेतापनि सोलार उर्जाको प्रयोग हुँदै आएको छ । यस गाउँपालिकाको उर्जा आवश्यकता पुरा गर्न सोलार मिनि ग्रिड तथा लघु जलविद्युत आयोजनाहरुको विस्तार तथा विकास गर्न अत्यन्तै जरुरी रहेको छ ।

### ६.३.२ सम्भावना

क) स्थानीय खोलाहरुबाट जलविद्युत उत्पादन गर्न सकिने,

ख) विद्युतीय चुल्होको प्रयोगलाई बढाउन सकिने,

ग) सोलार मिनि ग्रिड र वायु उर्जा प्रणालीको विकास गर्न सकिने ।

### ६.३.३ अवसर

क) जलविद्युत उत्पादन गर्न सकिने जलाधारहरु हुनु,

ख) सबै वडाहरुमा सौर्य उर्जाका लागि उपयुक्त भौगोलिक क्षेत्र रहेको,

### ७.३.४ समस्या

क) जलविद्युतको सम्भावना बोकेको नदी तथा खोलाहरु भएतापनि परियोजनाको रुपमा ठोस कार्य नहुनु,

ख) सौर्य उर्जाको बारेमा जनस्तरमा यथेष्ट ज्ञान नहुनु,

ग) नविकरणीय उर्जा प्रवर्द्धन हुन नसक्नु ।

### ७.३.५ चुनौती

क) सम्भावित ठाउँहरुमा जलविद्युत आयोजना निर्माण गर्नु,

ख) खाना पकाउनको लागि विद्युतीय चुल्होको प्रयोग बढाउनु,

ग) नवीकरणीय उर्जा उपयोग बढाउनु,

### ७.३.६ दीर्घकालीन सोच

"विद्युत र नवीकरणी ऊर्जाको प्रयोग विस्तारः गाउँपालिकाको दिगो आर्थिक विकासको आधार"

### ७.३.७ लक्ष्य

नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्ने।

### ७.३.८ उद्देश्य

क) दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु,

ख) परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु।

### ७.३.९ रणनीति तथा कार्यनीति

गाउँपालिका क्षेत्रमा विद्युत तथा वैकल्पिक उर्जा विकासका लागि देहायअनुसारका रणनीति तथा कार्यनीतिहरु पहिचान गरी समावेश गरिएको छः

तालिका ९२: विद्युत तथा वैकल्पिक उर्जा विकासका रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १**: दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु। | |
| १.१ गाउँपालिकाभरी सहज विद्युतीय उर्जाको पहुँच वृद्धि गर्ने। | १.१.१ गाउँपालिकालाई केन्द्रीय विद्युत प्रशारण लाईनसँग जोडिनेछ।<br>१.१.२ गाउँपालिका भित्र सम्भाव्य क्षेत्रहरुमा लघु जलविद्युत आयोजनाहरुको विकास गरिनेछ।।<br>१.१.३ सौर्य उर्जा प्रणाली सोलार मिनी ग्रीड सेवा उपलब्ध गराइनेछ।<br>१.१.४ सबै घरधुरीमा सोलार सेवा पुगेको सुनिश्चित गरिनेछ।<br>१.१.५ विद्युत विकासको लागि प्रदेश तथा संघीय तहमा आवश्यक पहल तथा समन्वय गरिनेछ। |
| **उद्देश्य २**: परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु। | |
| २.१ ऊर्जाको प्रयोगलई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगी बनाउने। | २.१.१ ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.१.२ सार्वजनिक संस्था वा स्थानहरू जस्तै बजार, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ।<br>२.१.३ विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था |

| | |
|---|---|
| | गरिनेछ।<br>२.१.४ जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ। |

## ६.३.१० कार्यक्रम तथा आयोजना

तालिका ९३: विद्युत तथा वैकल्पिक उर्जा विकासका कार्यक्रम तथा आयोजनाहरु

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाइ | वडा | आधारवर्ष अवस्था | योजनाको कुल लक्ष्य | प्रति एकाई लागत (हजारमा) | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु हजारमा) | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | | | | | | बजेट | बजेट | बजेट | बजेट | बजेट | | |
| **३. जल श्रोत बिध्युत तथा बैकल्पिक उर्जा** | | | | | | | **२०५००** | **२०५००** | **२०५००** | **१८५००** | **१८५००** | **९८५००** | |
| 3.1 | राष्ट्रिय प्रशारण लाइन विस्तार कार्यक्रम | वार्षिक | सबै | | ५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | |
| 3.2 | लघु जलविद्युत आयोजना सम्भाव्यता अध्ययन | गोटा | सबै | | ३ | २००० | २००० | २००० | २००० | ० | ० | ६००० | |
| 3.3 | सोलार मिनिग्रीड सेवा विस्तार कार्यक्रम | वार्षिक | सबै | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | |
| 3.4 | वैकल्पिक उर्जा प्रयोग प्रवर्द्धन गर्न ग्यास वितरण कार्यक्रम | वार्षिक | सबै | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |
